सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ चैत २०८२, सोमबार (6 Apr 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३४७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

अर्यालले सम्हाले प्रतिनिधिसभाको कमान्ड

संसदीय अभ्यास मर्यादित बनाउने अवसर



कार्यकक्षमा सभामुख डोलप्रसाद अर्याल
तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

● पदभार ग्रहण गर्दै सभामुख डोलप्रसाद अर्याललले भने–

प्रतिनिधिसभाको सभामुखको काम, कर्तव्य, अधिकार तटस्थ रहनुपर्ने र निष्पक्ष हुनुपर्ने राम्रोसँग बुझेको छु। त्यसैअनुसार काम गर्नेछु। सदनमा एक मात्र प्रतिपक्षी किन नहोस् प्रतिपक्षी नै हो। उहाँहरू पावरफुल हुनुहुन्छ। सदन भनेको विशेषतः प्रतिपक्षकै हुनुपर्छ भन्ने मैले राम्रोसँग बुझ्न पाएको छु। सबै दलसँग समन्वय गरेर सदन चलाउँछु। कसैप्रति अन्याय हुँदैन।

● संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङले भने–



उहाँ (अर्याल)लाई सहजै छ, किनकि रास्वपाकै बहुमत छ। पार्टीको त झन्डै दुइतिहाइ बहुमत छ। अझै उता ढल्केको राम्रो हुँदैन। अब उहाँले विपक्षलाई बढी समय र ध्यान दिनुपर्छ। आफ्नै पार्टीभित्रै विवाद आए गाह्रो होला। नभए अहिलेको संसदीय अंकगणितमा गाह्रो हुँदैन।

उपसभामुखमा नेकपा, श्रम संस्कृति र राप्रपाको औपचारिक दाबी

रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटीले उपसभामुखको विषयमा अब छलफल अगाडि बढ्ने बताए। 'छलफल बिस्तारै अगाडि बढ्छ। दलहरूले हामीलाई उपसभामुख दिनुस्। एजेन्डामा सघाउँछौं भन्नुभएको छ। कसैलाई दिने कुरै भएको छैन। औपचारिक रूपमा पार्टीभित्र छलफल प्रवेश गरेको छैन,' उनले भने।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभाको सभामुख पदमा राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डोलप्रसाद अर्याल निर्विरोध निर्वाचित भएका छन्। सभामुख पदमा अर्यालको मात्र उम्मेदवारीको प्रस्ताव परेकाले आइतबार उनी निर्विरोध निर्वाचित भएका हुन्। निर्वाचित भएसँगै अर्याललले राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएर पदभार ग्रहण गरेका छन्।

नेपालमा सभामुखहरूमा दल र सरकारप्रति झुकाव राख्ने तथा रबरस्ट्याम्प बन्ने प्रवृत्ति देखिँदा संसदीय अभ्यास नै विकृत भएको इतिहास छ। यस्तोमा संसदीय मामिलाका जानकारहरू अर्यालसँग संसदीय अभ्यास मर्यादित बनाउने अवसर रहेको बताउँछन्। तटस्थता र निष्पक्षता सभामुख पदको गुण मानिन्छ।

पदभार ग्रहण गर्दै अर्याललले संविधान, कानुन र नियमावलीलाई पालना गर्दै सबै सांसदहरूको सम्मान हुने र सदनको मर्यादा कायम हुने किसिमबाट निष्पक्ष भूमिका खेल्ने बताए। 'प्रतिनिधिसभाको सभामुखको काम, कर्तव्य, अधिकार तटस्थ रहनुपर्ने र निष्पक्ष हुनुपर्ने राम्रोसँग

» पृष्ठ २ मा क्रमशः

राष्ट्रिय सभामा पुराना दलको भागबन्डा

उपाध्यक्ष एमालेको भागमा, चार समितिको नेतृत्व कांग्रेस, नेकपा र जसपालाई



● उपाध्यक्षमा लीला भण्डारीको मात्र उम्मेदवारी परेको छ

● सहमतिअनुसार कांग्रेसले विकास, आर्थिक मामिला तथा सुशासन समिति र विधायन व्यवस्थापन समिति, नेकपाले संघीयता सबलीकरण र राष्ट्रिय सरोकार समिति लिनेछन् भने जसपा नेपालले सार्वजनिक नीति तथा प्रत्यायोजन व्यवस्थापन समितिको सभापति लिनेछ।

नयाँ पत्रिका

पुराना दलहरूले राष्ट्रिय सभामा भागबन्डा गरेका छन्। उपाध्यक्षमा एमाले सभासद् लीला भण्डारी सर्वसम्मत चयन भएकी छिन् भने चार समितिको नेतृत्व कांग्रेस, नेकपा र जसपालाई दिने सहमति गरेका हुन्।

राष्ट्रिय सभाकी तत्कालीन उपाध्यक्ष विमला सुवेदीको सांसद पदको कार्यकाल २० फागुनमा सकिएपछि उक्त पद रिक्त थियो। राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलका नेताहरू कांग्रेसका कृष्णप्रसाद सिटौला, एमालेका डा. प्रेम दंगाल, नेकपाका झक्कुप्रसाद सुवेदी तथा जसपा नेपालका मोहम्मद खालिद र पूजा चौधरीसहितको सहभागितामा सम्पन्न सर्वदलीय बैठकले उपाध्यक्षमा भण्डारीको नाममा सहमति

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

दलीय ट्रेड युनियन खारेजीको निर्णयले कर्मचारीतन्त्रमा हलचल

कर्मचारीको हकहितका लागि भन्दै गठन भएर दलहरूका भ्रातृ संस्थाजस्तै गतिविधि गर्दै आएका ट्रेड युनियनहरूको सरुवा-बढुवामा हालीमुहाली थियो, यसले सार्वजनिक प्रशासनलाई धुमिल मात्र होइन, बदनामसमेत गराएको थियो

● चुनावमा जानुअघि नै रास्वपाले वाचापत्रमा लेखेको थियो– सरकारमा आउनेबित्तिकै राज्यका विभिन्न निकायहरू- कर्मचारीतन्त्र, शिक्षण सेवा, प्राध्यापन, सुरक्षा निकाय, अदालत तथा संवैधानिक अंगहरूलगायत राज्यको सेवा-सुविधा उपभोग गर्ने सबैको दलीय आबद्धता अन्त्य गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था कार्यान्वयन गर्छौं।

● सरकारले अघि सारेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको १२ नं. बुँदामा भनिएको छ– सार्वजनिक प्रशासनमा दलीय ट्रेड युनियन खारेज गरी अवाञ्छित हस्तक्षेप र अनौपचारिक दबाबको अन्त्य गर्ने।

● अघिल्लो सरकारले तयार गरेको सुशासन मार्गचित्रमा सिफारिस गरिएको छ– निजामती सेवामा हाल रहेको ट्रेड युनियनको सट्टा राजपत्र अनंकित कर्मचारीहरूको एकल पेसागत संगठनको अभ्यास गर्ने।

● सार्वजनिक प्रशासन रूपान्तरण अभियान– २०८२ ले हालै सार्वजनिक गरेको सार्वजनिक प्रशासन सुधार खाकाको प्रस्ताव छ– सबै तहमा रहेका कर्मचारीको दलीय ट्रेड युनियन तत्काल निलम्बन गरी खारेज गर्ने र ट्रेड युनियनका नाममा भएका जग्गा, घर र सम्पत्ति राष्ट्रियकरण गर्ने। सबै सार्वजनिक निकायमा रहेका दलीय संगठन/युनियन खारेज गर्ने।



● संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल भन्छिन्–

पार्टीको वाचापत्र र हालै सरकारले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी सय कार्यसूचीमा जे-जे विषय छन् तिनको कार्यान्वयन हुन्छ। पार्टीको घोषणा र सरकारको निर्णय कार्यान्वयन गर्ने गरी काम गरिरहेका छौं।

सुवास भट्ट/नयाँ पत्रिका

राज्यको मेरुदण्ड मानिने कर्मचारीतन्त्रभित्र दशकौंदेखि जरा गाडेको दलीय आधिपत्य अन्त्य गर्न सरकारले काम थालेको छ। कर्मचारीका दलीय ट्रेड युनियन खारेजीको निर्णयले निजामती कर्मचारीतन्त्र तरंगित भएको छ। कर्मचारी संयन्त्रभित्र जबर्जस्त हलचल ल्याएको यो निर्णय सुशासनका लागि ऐतिहासिक मोड हुने सरकारको दाबी छ। सार्वजनिक प्रशासनमा व्याप्त दलीय ट्रेड

» पृष्ठ २ मा क्रमशः

■ कानुनले नै दिएको छैन दलीय ट्रेड युनियनको अधिकार

दलीय ट्रेड युनियनको अधिकार कानुनले नै दिएको छैन। कर्मचारीले दलीय गतिविधि गरे कारबाही हुने कानुनी व्यवस्था छ। निजामती सेवा ऐनले कर्मचारीलाई दलीय गतिविधि गर्ने सुविधा दिएको छैन। ऐनले ट्रेड युनियनको अधिकार दिए पनि त्यो दलीय नभएर पेसागत हुनुपर्ने व्यवस्था गरेको छ।

ऐनको दफा ५३ ले निजामती कर्मचारीले ऐनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्ने व्यवस्था गरेको छ। त्यसले कार्यालय प्रमुख भई काम गर्नुपर्ने अधिकृत कर्मचारीबाहेक अधिकृत वा सोभन्दा मुनिका कर्मचारीले आफ्नो पेसागत हकहितका लागि राष्ट्रियस्तरको निजामती कर्मचारीको ट्रेड युनियनहरू गठन गरी सदस्यता लिन पाउने व्यवस्था गरेको छ।

उपदफा ३ ले यसरी गठन भएको ट्रेड युनियनका सदस्यहरूले छनोट गरेका पदाधिकारी रहने गरी एक आधिकारिक ट्रेड युनियन गठन गर्न सक्ने र त्यसले जिल्ला, विभागीय र राष्ट्रियस्तरमा आफ्नो पेसागत माग सम्बन्धित निकायमा प्रस्तुत गरी सामाजिक संवाद र सामूहिक सौदाबाजी गर्न पाउने व्यवस्था गरेको छ। आधिकारिक ट्रेड युनियन गठन नभएको अवस्थामा ट्रेड युनियन संघहरूले आपसमा सहमति गरेर सामूहिक सौदाबाजी गर्न पाउने व्यवस्था ऐनले गरेको छ।

उपदफा ४ मा ट्रेड युनियनको काम, कर्तव्य र अधिकारबारे उल्लेख छ। त्यसमा कर्मचारीको हकहित संरक्षण एवं संवर्द्धन गरी निजामती सेवालाई प्रभावकारी र गतिशील बनाउन नेपाल सरकारलाई रचनात्मक सुझाव र सहयोग गर्न सक्ने, भेला, तालिम, प्रशिक्षण, गोष्ठीलगायतका रचनात्मक एवं सिर्जनात्मक कार्य सञ्चालन गर्न सक्ने, महासंघ गठन गर्ने तथा त्यसको सदस्य बन्ने, अन्तर्राष्ट्रिय संघ वा महासंघको सदस्य बन्ने र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने अधिकार पनि ऐनले दिएको छ। निजामती सेवासँग सम्बन्धित कानुनको निर्माण गर्दा नेपाल सरकारले आधिकारिक ट्रेड युनियनको सल्लाह र सुझाव लिन सक्ने व्यवस्था पनि गरिएको छ।

तर, ऐनले निजामती कर्मचारीलाई दलीय ट्रेड युनियन खोलेर राजनीतिक गतिविधि गर्ने छुट दिएको छैन। बरु त्यसो गरे कारबाहीको व्यवस्था गरेको छ। निजामती सेवा ऐनको दफा ६१ को सेवाबाट हटाउने वा बर्खास्त गर्नेसम्बन्धी व्यवस्था छ। त्यसको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेको देहाय 'ङ' खण्डमा 'राजनीतिमा भाग लिएमा' भन्ने व्यवस्था छ।

नेपाल निजामती कर्मचारी युनियन (काग्रेसनिकट) | नेपाल निजामती कर्मचारी संगठन (एमालेनिकट) | नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन (नेकपानिकट)

पेट्रोलियम खपत घटाउँदै सरकार

सातामा दुई दिन बिदा, आजबाट बिहान नौ बजेदेखि कार्यालय सञ्चालन

नयाँ पत्रिका

पश्चिम एसिया (मध्यपूर्व)मा एक महिनादेखि जारी युद्धका कारण पेट्रोलियम आपूर्तिमा देखिएको असहजतापछि सरकारले हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको छ। आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले सरकारी कार्यालय र शैक्षिक संस्थामा शनिबारका साथै आइतबार पनि बिदा दिने निर्णय गरेको हो। यसले पेट्रोलियम पदार्थको खपत कम गर्ने र असहजता नबढ्ने सरकारको अपेक्षा छ।

पेट्रोलियम गाडी विद्युतीयमा रूपान्तरण गरिने

(विस्तृत पृष्ठ ६)

सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार पेट्रोलियम आपूर्तिको असहजताका कारण दुईदिने बिदाको निर्णय लिइएको हो। तर, कार्यसम्पादन समय नघट्ने गरी सरकारले सोमबारदेखि शुक्रबारसम्म भने सरकारी कार्यालयहरू बिहान ९ बजेदेखि नै खुल्ने निर्णय लिएको छ। यो नियम सोमबारदेखि नै लागू हुने गरी आइतबार नै राजपत्रमा सूचना प्रकाशन गरिएको छ।

मध्यपूर्वमा चलिरहेको युद्धका कारण इन्धन आपूर्ति प्रभावित बनेको छ। भविष्यमा आपूर्ति घट्न सक्ने

» पृष्ठ २ मा क्रमशः

■ महान्यायाधिवक्तामा डा. कँडेल



सरकारको प्रमुख कानुनी सल्लाहकार मानिने महान्यायाधिवक्ता पदमा अधिवक्ता डा. नारायण कँडेल नियुक्त भएका छन्। मन्त्रिपरिषद् बैठकको सिफारिसका आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले उनलाई आइतबार नियुक्त गरेका हुन्। डा. कँडेलले आइतबार नै पद तथा गोपनीयताको शपथ लिई पदभारसमेत ग्रहण गरेका छन्। बागलुङ स्थायी घर भएका डा. कँडेल पत्रकारिताबाट कानुन व्यवसायमा लागेका हुन्। नेपाल ल क्याम्पसबाट कानुनमा स्नातक उनले ०६० सालमा अधिवक्ताको लाइसेन्स लिएका थिए। बेलायतबाट उनले कानुनमै विद्यावारिधि गरेका छन्।

नयाँ शैक्षिक सत्रबाट गेटामा चिकित्सा शिक्षा पठनपाठनको तयारी



एमबिबिएस, बिएस्सी नर्सिङ, बिएस्सी एमएलटी र बी अप्टोमेट्री पढाइँदै, चिकित्सा शिक्षा आयोगसँग अनुमति माग

विश्वविद्यालय सभा बस्दै, शिक्षामन्त्री सहभागी हुने

(विस्तृत पृष्ठ ३)

कसरी चलाउन सकिन्छ जीर्ण उद्योग ?



अग्रलेख (पृष्ठ ४)

● ई. दीपककुमार साह

दक्षिणी सीमा सुरक्षामा तीन हजार सशस्त्र प्रहरी थप्दै सरकार

● सशस्त्र प्रहरी बलका प्रवक्ता डिआइजी विष्णुप्रसाद भट्ट भन्छन्–



गृह मन्त्रालयबाट सीमामा करिब तीन हजार सशस्त्र प्रहरीको संख्या थप्ने निर्देशन भएको छ। त्यसअनुसार अन्यत्र कार्यरत कर्मचारी सीमामा खटाउन थालिसकिएको छ। थप जनशक्ति खटाउन गृहकार्य चलिरहेको छ।

नवराज मैनाली/नयाँ पत्रिका

सीमा सुरक्षा चुस्त बनाउन तथा तस्करी नियन्त्रण गर्न भन्दै सरकारले भारतसँग जोडिएको दक्षिणी सीमामा तीन हजार सुरक्षाकर्मी थप्ने प्रक्रिया अघि बढाएको छ। गृह मन्त्रालयले तत्कालै तीन हजार फौज सीमामा थप्न सशस्त्र प्रहरी बललाई निर्देशन दिएको छ। भारतसँग करिब १८ सय किलोमिटर लामो खुला सीमा छ।

सीमा सुरक्षाका साथै तस्करी नियन्त्रणलाई ध्यान दिँदै फौज थप्न लागिएको गृह मन्त्रालयका अधिकारी बताउँछन्। अस्थायी रूपमा तत्काल अन्यत्रको जनशक्ति सीमामा खटाउने र भविष्यमा नियमित जनशक्ति खटाउने गृह मन्त्रालयको रणनीति छ। हाल सीमा सुरक्षामा कार्यरत करिब साढे ६ हजार सुरक्षाकर्मी न्यून भएको भन्दै पहाडी जिल्लामा र कारागार

» पृष्ठ २ मा क्रमशः



फाइल तस्बिर

■ औद्योगिक सुरक्षा बल ब्युँताउने तयारी

सरकारले उद्योगको सुरक्षाका लागि औद्योगिक सुरक्षा बल बनाउने भएको छ। मन्त्रिपरिषद्को पहिलो बैठकले गरेको निर्णयका आधारमा गृह मन्त्रालयले यससम्बन्धी गृहकार्य अघि बढाउन थालेको हो। गत १३ चैतमा बसेको पहिलो मन्त्रिपरिषद्ले तय गरेको एक सय कार्यसूचीको ६१ नम्बर बुँदामा भनिएको छ, 'गृह मन्त्रालयले औद्योगिक तथा तथा व्यावसायिक सुरक्षा सुदृढीकरणका लागि आवश्यक संरचना तथा द्रुत प्रतिकार्य संयन्त्र ३० दिनभित्र विकास गर्ने।' यही बुँदाअनुसार सशस्त्र प्रहरीको नेतृत्वमा औद्योगिक सुरक्षा बल ब्युँताउन लागिएको गृह मन्त्रालय स्रोत बताउँछ। औद्योगिक क्षेत्रको सुरक्षाका लागि ०६९ को असोजमा सरकारले सशस्त्र प्रहरीलाई औद्योगिक सुरक्षामा खटाएको थियो। पछि ०७७ बाट औद्योगिक सुरक्षाबाट फौज हटाइएको थियो। व्यवसायीको मनोबल बढाउने उद्देश्यले अहिले पुनः ब्युँताउन लागिएको छ। जसका लागि गृह मन्त्रालयमा आइतबार पनि बैठक बसेको थियो।

प्युठानमा मध्यराति बस्तीमा आगो सल्किँदा आठ घर र १३ गोठ नष्ट

साढे ९३ लाखको क्षति, ८२ बाख्रा र ९ गोरु जलेर मरे

दाङमा **दीपक बोहरा**



प्युठान ऐरावती गाउँपालिका-१, छेडाघाटमा शनिबार मध्यराति आगलागी हुँदा दर्जनभन्दा बढी घरगोठ जलेर नष्ट भएका छन्। स्थानीय लक्ष्मण रानाको फुसले छाएको कच्ची गोठबाट आगो बस्तीभर सल्किँदा आठ घर र १३ गोठसहित धनमाल जलेका हुन्। आगलागीबाट साढे ९३ लाखको क्षति भएको जिल्ला प्रहरी कार्यालय प्युठानका प्रवक्ता प्रहरी निरीक्षक हरि भट्टराईले बताए। उनका अनुसार आगलागीमा ८२ बाख्रा तथा नौ गोरु पनि जलेर मरेका छन्। 'आगलागीको कारण अझै पनि खुल्न सकेको छैन,' भट्टराईले भने, 'पीडितहरू आफन्तका घरमा बसिरहेका छन्।' आगो आइतबार बिहान मात्र नियन्त्रणमा आएको थियो।

लक्ष्मण रानाको फुसले छाएको कच्ची गोठबाट पौने १२ बजे आगो सल्किएको प्रहरीले जनाएको छ। आगो बस्ती पस्दा देवानसिंह रानाको फुसले छाएको गोठ, विकास रानाको गोठ, लक्ष्मण

» पृष्ठ २ मा क्रमशः

दलीय ट्रेड...

पृष्ठ १ बाट क्रमशः

युनियनको अन्त्य गर्ने एजेन्डासहित उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सरकार गठनलगत्तै पहिलो मन्त्रिपरिषद् बैठकबाटै त्यससम्बन्धी निर्णय गरेको छ। चुनावी घोषणापत्रमा उल्लेखित विषयलाई बलियो जनमत प्राप्त भएपछि मन्त्रिपरिषद्बाट निर्णय लिइएको हो। यद्यपि, यसको पूर्ण कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था भने संसद्बाट पारित हुन बाँकी छ। तर, निर्णयले निजामती प्रशासन तरंगित छ।

सरकारले सार्वजनिक प्रशासनलाई दलीय हस्तक्षेपबाट मुक्त गर्ने लक्ष्यसहित शासकीय सुधारका सयबुँदे कार्यसूची सार्वजनिक गरिसकेको छ। जसको १२ नम्बर बुँदामा 'सार्वजनिक प्रशासनमा दलीय ट्रेड युनियन खारेज गरी अवाञ्छित हस्तक्षेप र अनौपचारिक दबाबको अन्त्य गर्दै निर्णय प्रक्रिया तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने' उल्लेख छ। साथै, ४५ दिनभित्र संघीय निजामती सेवा विधेयक तर्जुमा गर्ने प्रतिबद्धता पनि जनाइएको छ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले पार्टीको वाचापत्र र हालै सरकारले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी सय कार्यसूचीमा जे-जे विषय छन् तिनको पूर्ण कार्यान्वयन हुने बताइन्। उनले नयाँ पत्रिकासँग भनिन्, 'पार्टीका घोषणा र सरकारका निर्णय कार्यान्वयन गर्ने गरी काम थालिसकेका छौं, चाँडै नतिजा देखिनेछ।'

संसद्मा बलियो बहुमतसहित सरकार सञ्चालन गरिरहेको अवस्थामा प्रारम्भिक निर्णयमै ट्रेड युनियन खारेजीको घोषणाले कर्मचारी प्रशासन वृत्तमा व्यापक हलचल उत्पन्न भएको छ। मर्म र सिद्धान्तविपरीत राजनीतिक गतिविधि गरिरहेका संगठनहरू तीव्र दबाबमा देखिएका छ। दलीय ट्रेड युनियन खारेज गर्नुपर्ने, नभए आचारसंहितासहित व्यवस्थित गर्नुपर्ने लामो समयदेखि उठ्दै आएको माग हो।

अहिले संघदेखि स्थानीय तहसम्म, सरकारीदेखि संस्थान र सार्वजनिक संघसंस्थाहरू ट्रेड युनियनका अस्वस्थ गतिविधिले ग्रस्त छन्। कर्मचारीको हकहितका लागि श्रम ऐनबमोजिम दर्ता भएका, तर बढी राजनीतिक दलसँग निकटता गाँसेर गतिविधि गर्दै आएका ट्रेड युनियनहरूको दलीय गतिविधिले सार्वजनिक प्रशासनलाई धुमिल मात्र बनाएको छैन, बदनामसमेत गराएको छ।

कानुनबमोजिम दर्ता भए पनि व्यावहारिक रूपमा दलका भातृ संगठन जसरी निजामती ट्रेड युनियनहरूले गतिविधि गर्दै आएका छन्। उनीहरूले मन्त्रालय र सरकारी निकायमा छुट्टाछुट्टै कोठा राखेर, बोर्डसमेत झुन्ड्याएर दलीय गतिविधि गर्दै आएका छन्। ट्रेड युनियनका पदाधिकारीहरूलाई बिदा, काजलगायतमा विशेष सुविधा पनि सरकारले दिँदै आएको छ। लोकसेवा पास गरेर सरकारको काम गर्ने गरी स्थायी नियुक्ति लिएका राष्ट्रसेवकहरू दलीय ट्रेड युनियनमा आबद्ध भई राजनीतिक गतिविधिमा संलग्न हुनु नैतिक मात्र नभई कानुनी रूपमा दण्डनीय विषय मानिन्छ।

नेपाल निजामती कर्मचारी युनियनका अध्यक्ष उत्तमकुमार कटुवालले भने सरकारको निर्णयप्रति विरोध रहने बताए। उनका अनुसार संविधानको धारा ३४, निजामती सेवा ऐनको दफा ५३ (११७), ट्रेड युनियन आन्दोलनपछि २०६४ सालमा बन्द-हडतालसहितको ट्रेड युनियन अधिकार प्राप्त भएको हो। नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धिमा पनि ट्रेड युनियन अधिकार छ।

दलगत ट्रेड युनियन भनेर दर्ता पनि नभएको उनको भनाइ छ। २० जिल्ला कार्यसमिति र पाँच हजार संख्या सिटरोल दर्ता भएका कर्मचारी भएपछि श्रम विभागमा दर्ता हुने विधिवत् प्रक्रियाबमोजिम आएको पनि उनले बताए। आवश्यक छलफलपछि अगाडिको योजना बन्ने उनले प्रतिक्रिया दिए।

'सरकारले गरेको ट्रेड युनियन खारेजीको निर्णयप्रति हाम्रो गम्भीर आपत्ति छ। ट्रेड युनियन अधिकार लोकतान्त्रिक देशमा कहीँ पनि यसरी कटौती गरिएको छैन। हामी कुनै दलीय ट्रेड युनियन होइनौँ,' उनले नयाँ पत्रिकासँग भने, 'हिजोका विकृति देखाएर खारेज गर्न मिल्दैन। अब ट्रेड युनियन सञ्जालको बैठक बसेर निर्णय गर्नेछौं। अहिले आपसी छलफल र कानुनी परामर्शमा छौं।'

रास्वपाले निर्वाचनमा सार्वजनिक गरेको वाचापत्र- २०८२ मा दलीय ट्रेड युनियन खारेजको विषय राखेको थियो। 'राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा आउनेबित्तिकै राज्यका विभिन्न निकायहरू- कर्मचारीतन्त्र, शिक्षण सेवा, प्राध्यापन, सुरक्षा निकाय, अदालत तथा संवैधानिक अंगहरूलगायत राज्यको सेवा-सुविधा उपभोग गर्ने सबैको दलीय आबद्धता अन्त्य गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था कार्यान्वयन गर्छौं,' रास्वपाको वाचापत्रमा छ। रूपान्तरणका लागि नीतिगत प्रस्थानका सय आधारहरूको बुँदा ५ मा रास्वपाले कुनै पनि प्रकारका भ्रातृ संगठन निर्माण नगर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ।

सुशासन मार्गचित्रदेखि सार्वजनिक प्रशासन रूपान्तरण अभियानसम्मले ट्रेड युनियन खारेजीमा जोड दिएका छन्। अन्तरिम सरकारले गठन गरेको उच्चस्तरीय सुशासन मार्गचित्र 'गभर्नेन्स ब्लुप्रिन्ट'ले पनि निजामती प्रशासनमा दलीय ट्रेड युनियन खारेजीको विषय उल्लेख गरेको छ। भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सम्बन्धमा तयार मार्गचित्रमा ट्रेड युनियन खारेज गर्नुपर्ने समावेश छ। 'निजामती सेवामा हाल रहेको ट्रेड युनियनको सट्टा राजपत्र अनंकित कर्मचारीहरूको एकल पेसागत संगठनको अभ्यास गर्ने,' सुशासन मार्गचित्रको कर्मचारी प्रशासनको क्षेत्रमा नीतिगत र कानुनी सुधारअन्तर्गतको सुझावमा छ।

यसैगरी, जेन-जी विद्रोहपछि निजामती कर्मचारीहरूद्वारा गठित 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान- २०८२' ले हालै सार्वजनिक गरेको सार्वजनिक प्रशासनको सुधार खाका प्रस्तावमा पनि दलीय ट्रेड युनियन खारेजीको विषय समावेश छ। सुधार खाकामा स्पष्ट रूपमा 'सबै तहमा रहेका कर्मचारीहरूको दलीय ट्रेड युनियन तत्काल निलम्बन गरी खारेज गर्ने' भनिएको छ। अझै एक कदम अघि बढेर अभियानले ट्रेड युनियनका नाममा भएका जग्गा, घर र सम्पत्ति राष्ट्रियकरण गर्ने र सबै सार्वजनिक निकायमा रहेका दलीय संगठन/युनियन खारेज गर्ने भनेको छ।

डेढ लाख निजामती कर्मचारी ट्रेड युनियनमा आबद्ध

केही समयअघिको अनौपचारिक तथ्यांकअनुसार सरकारी, सार्वजनिक क्षेत्रमा करिब डेढ लाखभन्दा कर्मचारी ट्रेड युनियनहरूमा आबद्ध छन्। विभिन्न दलनिकट करिब आधा दर्जन संख्यामा त्यस्ता ट्रेड युनियनहरू सक्रिय छन्। साबिकका प्रमुख तीन दल नेपाली कांग्रेस, एमाले र तत्कालीन माओवादी केन्द्रनिकट रहेका तीन मुख्य ट्रेड युनियनहरूमा ठुलो संख्यामा कर्मचारी आबद्ध छन्। कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियन, एमालेनिकट नेपाल निजामती कर्मचारी संगठन, तत्कालीन माओवादी केन्द्रनिकट नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनमा ठुलो संख्यामा कर्मचारी आबद्ध छन्। यीबाहेक अन्य केही साना दलका पनि ट्रेड युनियन छन्। हाल तीनै तहमा गरेर एक लाख ३६ हजार निजामती कर्मचारीको दरबन्दी छ। यसबाहेक सार्वजनिक संस्थान र बोर्ड, समिति, कोष इत्यादिमा पनि हजारौँ कर्मचारी छन्। ट्रेड युनियनहरूमा आबद्ध कर्मचारीको यो तथ्यांकले अधिकांश कर्मचारी दलनिकट युनियनमा आबद्ध भएको देखाउँछ।

ट्रेड युनियन खारेजीको विगतमा पनि भएका थिए प्रयास

ट्रेड युनियन खारेजीको विषय विगतदेखि नै उठ्दै आएको छ। पछिल्ला वर्षहरूमा ट्रेड युनियन र तिनका पदाधिकारीको ध्यान कर्मचारी सरुवा, बढुवा, आफ्नो मातृ दलको सरकार बन्दा हालीमुहाली गर्ने र गैरकानुनी गतिविधि गर्न प्रोत्साहित तथा त्यस्ता गतिविधिलाई संरक्षण गर्नमा केन्द्रित हुँदै आएका छन्।

पेसागत हकहितका लागि स्वस्थ गतिविधि गर्ने अधिकार भए पनि दलीय ट्रेड युनियनहरू आफ्नो सीमा नाघेर कानुन निर्माणमै हस्तक्षेप गर्ने तहमा उत्रिने गरेका छन्। संघीय निजामती सेवा ऐन निर्माणमा ट्रेड युनियनहरूको गतिविधि यस्तै देखिएको थियो।

०७५ सालमा संघीय संसद्मा पेस भएको निजामती सेवा ऐन हालसम्म पनि जारी हुन नदिने धेरै अवरोधमध्ये ट्रेड युनियनहरूको हस्तक्षेप पनि एक मानिएको छ। ट्रेड युनियनका गतिविधिलाई वाञ्छित सीमाभित्र राख्नुपर्ने आवाज संसदीय समितिभित्र उठेको थियो। तर, सबै ट्रेड युनियनहरूले संगठित रूपमा दलमार्फत आफ्ना स्वार्थलाई सुरक्षित गराए।

दलीय ट्रेड युनियनको खारेजीको विषय समितिमा सघन रूपमा उठे पनि ट्रेड युनियनहरू त्यसलाई रोक्न सफल भएका थिए। र, आफ्ना अनेकौँ स्वार्थ कानुनमा सुरक्षित गराएका थिए। ट्रेड युनियनहरूलाई मातृ दलहरूले नै संरक्षण गर्दा उनीहरूलाई गैरकानुनी र अशोभनीय गतिविधि गर्न प्रश्रय मिल्दै आएको छ।

ओली र लेखकलाई थप पाँच दिन हिरासतमा राख्न काठमाडौं अदालतको अनुमति

गैरकानुनी रूपमा थुनामा राखिएको विषयमा सोमबार पनि सर्वोच्चमा सुनुवाइ

काठमाडौं/ ज्यानसम्बन्धी कसुरको जाँचबुझ अनुसन्धानका सिलसिलामा पक्राउ परेका पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकको तेस्रोपटक पनि म्याद थप भएको छ। जिल्ला अदालत काठमाडौंले अनुसन्धानका लागि थप पाँच-पाँच दिनको म्याद थप आदेश गरेको हो। ओली र लेखक १३ चैत्रमा पक्राउ परेका थिए। न्यायाधीश जगतबहादुर पौडेलले गरेको आदेशमा छ, '...प्रतिवादीको बयान सम्पन्न भइसकेको देखिए तापनि निजहरूका विरुद्ध थप अनुसन्धान प्रयोजनका लागि हिरासतमा राख्न मनासिब देखिँदा हिरासतमा राखी उपर्युक्त लेखिएबमोजिमका कार्यहरू सम्पन्न गर्ने प्रयोजनका लागि पाँच दिनको म्याद थपको अनुमति प्रदान गरिदिएको छ।' दुवैजनाको बयानसमेत भइसकेको छ। केही प्रमाण बुझ्न बाँकी रहेको प्रहरीको भनाइ छ। सोहीअनुसार ओली र लेखकउपर तेस्रोपटक म्याद थप भएको हो। यसअघि झैं ओलीले आइतबार पनि श्रव्यदृश्यमार्फत बयान दिएका थिए। उनी स्वास्थ्य अवस्थाका कारण अस्पताल भर्ना छन्। पुरुषोत्तम खतिवडा खत्रीसमेतको जाहेरीले वादी नेपाल सरकार भएको यस घटनामा प्रहरीले अनुसन्धान गरिरहेको छ।

१३ चैतमा प्रहरीले जरुरी पक्राउ पुर्जीका आधारमा ओलीलाई गुन्डुस्थित निवासबाटै नियन्त्रणमा लिएको थियो। लेखक पनि कटुन्जेस्थित निवासबाटै पक्राउ परेका थिए। २३ र २४ भदौमा भएको प्रदर्शनका क्रममा ज्यान गुमाएका विषयमा अनुसन्धान गर्न प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको हो।

मन्त्रिपरिषद् बैठकले गौरीबहादुर कार्की प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेसँगै दुवैजना पक्राउ परेका थिए। प्रतिवेदनमा ओली र लेखकउपर मुलुकी अपराध संहिताको दफा १८१ र १८२ बमोजिम कारबाही गर्न सिफारिस छ। ती दफाहरूमा क्रमशः लापरबाहीपूर्वक काम गरी ज्यान मार्न नहुने र हेलचेक्र्याइँ गरी ज्यान मार्न नहुने उल्लेख छ।

यसैबिच, ओली र लेखकलाई गैरकानुनी रूपमा थुनामा राखिएको विषयमा सोमबार पनि सर्वोच्च अदालतमा निरन्तर सुनुवाइ हुने भएको छ। सर्वोच्चको संयुक्त इजलासले दुवै रिटलाई आइतबार सुनुवाइ गरे पनि नभ्याएपछि सोमबारका लागि राखिएको हो।

गत १५ चैतमा ओलीको हकमा पत्नी राधिका शाक्य र लेखकको हकमा उनकी श्रीमती यशोदा लेखकले रिट दर्ता गराएका थिए। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतलाई विपक्षी बनाई दायर बन्दी प्रत्यक्षीकरणका रिटहरू न्यायाधीशहरू विनोद शर्मा र सुनीलकुमार पोखरेलको इजलासले सुनुवाइ गरिरहेको छ।

यी रिटमाथि गत १६ चैतमा न्यायाधीश मेघराज पोखरेलले कारण देखाउ आदेश जारी गरेका थिए। साथै, कार्की आयोगको प्रतिवेदन तथा अनुसन्धानका क्रममा तयार सक्कल मिसिल महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाई पेस गर्ने आदेश भएको थियो। साथै, जरुरी पक्राउ पुर्जी जारी गरी तत्काल पक्राउ गर्नुपर्ने कारण भएको अवस्थाको विद्यमानतासमेत खुल्ने गरी ३ दिनभित्र विपक्षीहरूबाट जवाफ माग भएको थियो।

अर्यालले...

पृष्ठ १ बाट क्रमशः

बुझेको छु। त्यसैअनुसार काम गर्नेछु,' उनले भने। अर्यालले सदनमा प्रतिपक्षी संख्याको हिसाबले सानो भए पनि जनता सबैभन्दा बलियो प्रतिपक्षी भएको बताए। 'सदनमा एक मात्र प्रतिपक्षी किन नहोस् प्रतिपक्षी नै हो। उहाँहरू पावरफुल हुनुहुन्छ। सदन भनेको विशेषतः प्रतिपक्षकै हुनुपर्छ भन्ने मैले राम्रोसँग बुझ्न पाएको छु। सबै दलसँग समन्वय गरेर सदन चलाउँछु। कसैप्रति अन्याय हुँदैन,' उनले भने।

अर्यालले राज्यका तीनै निकायका साथै प्रतिनिधिसभा र राष्ट्रिय सभासँग पनि प्रभावकारी समन्वय गरिने बताए। 'राष्ट्र, राष्ट्रियता र जनताको हितमा हुने विषयमा बहस चलाउँदा दुःख गरेर समन्वय गर्नुपर्छ जस्तो मलाई लाग्दैन। किनभने हामी राष्ट्र र जनताका लागि काम गर्दै छौं भने त्यसमा विरोध गर्नुपर्ने कारण हुन्छ जस्तो लाग्दैन,' उनले भने।

संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङ नवनिर्वाचित सभामुख अर्याललाई कार्यसम्पादनमा ठुलो समस्या नरहेको बताउँछन्। तर, उनले विपक्षीलाई ध्यान दिनुपर्ने उनको भनाइ छ। 'उहाँलाई सहजै छ, किनकि रास्वपाकै बहुमत छ। पार्टीको त झन्डै दुइतिहाइ बहुमत छ। अझै उता ढल्केको राम्रो हुँदैन', उनले भने, 'अब उहाँले विपक्षलाई बढी समय र ध्यान दिनुपर्छ। आफ्नै पार्टीभित्रै विवाद आए गाह्रो होला। नभए अहिलेको संसदीय अंकगणितमा गाह्रो हुँदैन।'

तर, गुरुङले निष्पक्ष र तटस्थ भूमिका निर्वाह गरेका सभामुखहरू इतिहासले सम्झिए पनि राजनीतिक करिअर खतरामा परेको उदाहरण प्रस्तुत गरे। 'दमननाथ ढुंगानाले निष्पक्ष भएर शुद्ध सभामुखको भूमिका निर्वाचन गर्नुभयो। तर, पार्टीले न्याय गरेन। कृष्णप्रसाद भट्टराईको पनि त्यही हो। र, सुवास नेम्वाङले पनि खासै ग्रो गर्न पाउनुभएन,' उनले भने, 'धेरै नै निष्पक्ष भयो भने पोलिटिकल करिअर खतरामा पर्ने हुन्छ। यद्यपि, न्यूनतम सन्तुलन हुनुपर्छ। मूलतः संविधान, नियम र नियमावलीले दिएको अधिकारअनुसार चल्नुपर्‍यो।'

प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा सभापति रवि लामिछानेले अर्याललाई सभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्ताव प्रस्तुत गरेका थिए। अर्थमन्त्री स्वर्णिम वाग्ले, कानुनमन्त्री सोविता गौतम र भौतिकमन्त्री सुनील लम्सालले समर्थन गरेका थिए।

प्रस्तावका समर्थक वाग्लेले संसद्मा विधायकको रूपमा विशिष्ट भूमिका निभाइसकेको र सरकारको मन्त्रीको रूपमा अनुभव लिइसकेको हुनाले अर्यालले संसद्को अभिभावकको रूपमा कार्यपालिका र व्यवस्थापिकाबिचको भूमिका र सन्तुलन जिम्मेवारीपूर्वक निभाउने विश्वास दिलाए। 'एउटा ठुलो पुस्तान्तरण प्रतिबिम्बित भएको यस संसद्मा उहाँको संक्षिप्त, तर परिपक्व राजनीतिक अनुभव प्रस्तुत हुनेछ,' उनले भने।

वाग्लेले अर्यालसँग कुसल व्यवस्थापकीय गुण रहेको र समन्वयकारी भूमिकामा काम गर्न सक्ने बताए। 'उहाँसँग उत्कृष्ट व्यवस्थापकीय क्षमता छ। शालीन र समन्वयकारी भूमिका छ। एउटा औसत मध्यमवर्गीय संघर्षबाट ओतप्रोत भएको जुन जीवनगाथा छ, त्यसलाई सार्वजनिक नीतिसँग जोड्नुपर्छ भन्ने उन्नत चेत उहाँमा पाएको छु। यिनै जीवन-अनुभवहरूबाट आगामी संसद् लाभान्वित हुनेछ,' उनले भने।

आफ्नो सम्बोधनका क्रममा वाग्लेले २०१५ सालमा सभामुख भएका कृष्णप्रसाद भट्टराईले सरकार सत्तापक्षको, संसद् विपक्षको हुन्छ भन्ने मानक स्थापित गरेको स्मरण गराउँदै त्यो मानकलाई फर्केर न्याय गर्नुपर्नेमा जोड दिए। 'प्रचण्ड बहुमतले सत्तापक्ष बलियो हुँदै गर्दा विपक्षीहरूप्रति थप उदार र सहिष्णु हुनुपर्ने पनि हाम्रो पार्टीको मान्यता रहेको छ,' उनले भने।

०४८ सालका पहिलो सभामुख दमननाथ ढुंगानाले पनि आधुनिक युगका लागि संसदीय अनुभव बिर्सिसकेको नेपाली पुस्तालाई पनि ती उच्च मानकहरू के हुन सक्छन् भनेर पुनस्थापित गराएको वाग्लेले स्मरण गराए। त्यतिवेला विरोध गरिरहने सांसद विरोध खतिवडा र सभामुखको रूपमा ढुंगानाको ठट्टाको स्मरण गराउँदै वाग्लेले सदनलाई कर्मकाण्डको रूपमा मात्र नभई नेपाली जनताका मुद्दाहरूलाई मुखरित गर्ने ठाउँ र नतिजासम्म पुऱ्याउने प्रक्रियालाई जीवन्त बनाउने जिम्मेवारी सभामुखको भएको बताए।

०६५ सालपछि संक्रमणमा सुवासचन्द्र नेम्वाङले व्यवस्थापकीय, समन्वयकारी भूमिका निर्वाह गरेर जटिलता सम्बोधन गरेको स्मरण पनि वाग्लेले गरे। 'कृष्णप्रसाद भट्टराई, दमननाथ ढुंगाना, सुवास नेम्वाङजस्ता आफूभन्दा अगाडि आएका अग्रजका राम्रा कुराहरूलाई, तर अहिलेको आधुनिक नेपालको नयाँ पुस्ताको आकांक्षालाई पनि जसरी हाम्रो पार्टीले जेन-जी आन्दोलनको म्यान्डेटलाई ग्रहण गरेर अगाडि बढ्यौँ र यो ऐतिहासिक उपस्थिति यहाँ हासिल गर्न सकेका छौँ, यो सबैको मर्मलाई माननीय डिपी अर्यालले बोकेर आफ्नै शैलीमा ढालेर एउटा मौलिकता दिनुहुनेछ। र, यो संसदीय कार्यकाल नेपालको संसदीय इतिहासमा साँच्चिकै अनुपम हुनेमा विश्वस्त छु,' उनले भने।

अर्की समर्थक एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले अर्याल निर्विरोध सभामुख निर्वाचित हुनु आफैँमा यस सदनको सामूहिक विश्वासको स्पष्ट अभिव्यक्ति भएको टिप्पणी गरिन्। 'यो केवल निर्वाचनको परिणाम होइन, यो सदनले तपाईंमाथि राखेको भरोसाको घोषणापत्र हो। अब त्यो विश्वासलाई संस्थागत गर्ने, संसद्लाई गरिमामय, निष्पक्ष र प्रभावकारी बनाउने जिम्मेवारी तपाईंको काँधमा आएको छ,' मन्त्री गौतमले भनिन्, 'म विश्वास गर्दछु- तपाईंको नेतृत्वमा यो संसद् बहसको सशक्त मञ्च बन्नेछ, जहाँ जनताको मुद्दा केन्द्रमा रहनेछ, बहस तथ्यमा आधारित हुनेछ र त्यही बहसबाट स्पष्ट नीतिगत निष्कर्ष निस्कनेछ, जसले सरकारलाई सही दिशामा मार्गनिर्देशन गर्नेछ।' अर्यालको नेतृत्वमा यो संसद् अझ प्रभावकारी, मर्यादित र जनउत्तरदायी बन्नेछ भन्ने विश्वास पनि व्यक्त गरिन्।

मन्त्री गौतमले यसपटकको संसद् पक्ष र विपक्षको सीमाभन्दा माथि उठ्नैपर्नेमा जोड दिइन्। 'यो संसद् जनताको मुद्दामा केन्द्रित, समाधानउन्मुख र स्पष्ट रूपमा परिणाममुखी बन्नैपर्छ। यसपटकको बहस अर्थपूर्ण, उत्तरदायी र परिणाम दिने हुनुपर्छ, ता कि संसद् जनताको अपेक्षाको साँचो प्रतिबिम्ब बन्न सकोस्,' उनले भनिन्।

को हुन् अर्याल ?

धादिङनिवासी अर्याल २१ फागुनको निर्वाचनमा काठमाडौं ९ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए। उनलाई पार्टीको दुईतिहाइ बहुमतको बलमा निर्विरोध सभामुख निर्वाचित हुने अवसर मिलेको छ। उनले विभिन्न व्यवसाय गर्दै आएका छन्। सभापति रवि लामिछानेको चिनजानका आधारमा अर्याल ७ असार ०७९ मा राष्ट्रिय स्वतन्त्र पार्टी स्थापना हुँदा औपचारिक रूपमा राजनीतिमा होमिएका हुन्। पार्टीमा उनी लामिछानेपछि दोस्रो वरीयतामा उपसभापति थिए। सभापति लामिछाने जेल पर्दा अर्यालले कार्यवाहक भएर पार्टी सम्हालेका थिए। ०७९ मंसिरको निर्वाचनमा रास्वपाले २० सिट प्राप्त गर्दा अर्याल खस-आर्यबाट समानुपातिक सांसद बनेका थिए। उनी दुईपटक श्रममन्त्री बनेर काम गरेको अनुभव छ।

उपसभामुखमा विपक्षी दलहरूको दाबी

सभामुख निर्वाचित भएसँगै भावी उपसभामुखका लागि छलफल सुरु भएको छ। संविधानमा प्रतिनिधिसभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुख निर्वाचित भइसक्नुपर्ने र दुवै पद फरक दल र लिंगको हुनुपर्ने व्यवस्था छ। सभामुख रास्वपाबाट पुरुष भएकाले अब उपसभामुख विपक्षी दलबाट महिला हुनुपर्छ। उपसभामुखमा हालसम्म नेकपा, श्रम संस्कृति र राप्रपाले दाबी गर्दै रास्वपासँग माग गरेका छन्। तर, यस विषयमा औपचारिक छलफल भइनसकेको रास्वपाले जनाएको छ। महामन्त्री कवीन्द्र बुर्लाकोटीले उपसभामुखको विषयमा अब छलफल अगाडि बढ्ने बताए। 'छलफल बिस्तारै अगाडि बढ्छ। दलहरूले हामीलाई उपसभामुख दिनुस्। एजेन्डामा सघाउँछौं भन्नुभएको छ। कसैलाई दिने कुरै भएको छैन। औपचारिक रूपमा पार्टीभित्र छलफल प्रवेश गरेको छैन,' उनले भने।

गुल्मीमा पिकअप गाडी घरमा ठोक्किँदा दुईको मृत्यु, १२ घाइते

वीरबास बजारमा किनमेल गरेर फर्कँदै गरेका महिला सवार गाडी दुर्घटना



गुल्मीमा **भरत पाण्डेय**

गुल्मीको गुल्मीदरबार गाउँपालिका-४, मिसुकामा आइतबार पिकअप गाडी दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ। १२ जना घाइते भएका छन्।

गुल्मी दरबारकै वीरबास बजारबाट मिसुकाका लागि छुटेको लु १ च ४९०६ नम्बरको पिकअप गाडी ब्रेक फेल भएर स्थानीय पम्फा श्रेष्ठको घरमा ठोक्किएर दुर्घटना भएको चालकले बताएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारूले बताए।

उनका अनुसार दुर्घटनामा परी मिसुकाकी ३५ वर्षीया कृष्णा ढेगा र ४० वर्षीया मीना सलामीको मृत्यु भएको छ। मिसुका गाउँका महिला स्थानीय वीरबास बजारमा किनमेल गरेर फर्कँदै गरेको गाडी दुर्घटनामा परेको हो।

प्रहरी नायब उपरीक्षक सारूका अनुसार डबल क्याब बोलेरो गाडीमा चालकसहित पाँचजनाको सिट पास हुने गरेको छ। तर, उक्त गाडीमा चालकसहित १४ जना थिए। 'यसबारे अनुसन्धान भइरहेको छ,' उनले भने।

प्रहरीका अनुसार दुर्घटनामा चालकसहित १२ जना घाइते भएका छन्। तीमध्ये गम्भीर र मध्यम घाइते १० जनालाई थप उपचारका लागि पाल्पा लगिएको छ। मिसुकाका ४० वर्षीया जमुना ढेगा, ४५ वर्षीया सुमित्रा ढेगा, ३६ वर्षीया पार्वती ढेगा, ४४ वर्षीया खगी ढेगा, ३० वर्षीया पम्फा ढेगा, ३३ वर्षीया कुमारी पुन ढेगाको अवस्था गम्भीर छ। मध्यम अवस्थाका घाइते २४ वर्षीया निर्मला ढेगा, उनकी छोरी ३ वर्षकी छाया ढेगा, ३१ वर्षकी माया ढेगा, ५५ वर्षीया नैना ढेगा हुन्। ७ वर्षका सनिम ढेगा र चालक ३८ वर्षका शेरबहादुर ढेगाको अवस्था सामान्य रहेकोले शृंगा प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ।

राष्ट्रिय सभामा...

पृष्ठ १ बाट क्रमशः

गरेको थियो। उक्त सहमतिअनुसार आइतबार उम्मेदवारी दिएकी भण्डारी अन्य कसैको उम्मेदवारी नपरेपछि सर्वसम्मत चयन भएकी हुन्। यसअघि उपाध्यक्ष रहेकी सुवेदी पनि एमालेबाटै प्रतिनिधित्व गर्थिन्। निर्वाचन कार्यक्रमअनुसार सोमबार भण्डारी सर्वसम्मत भएको घोषणा भई पदबहाल हुनेछिन्।

त्यस्तै, सर्वदलीय बैठकले चार समितिका सभापतिहरूको पनि भागबन्डा गरेको छ। कांग्रेसले दुई तथा नेकपा र जसपा नेपालले १/१ समितिको नेतृत्व लिने सहमति जुटेको राष्ट्रिय सभामा एमाले संसदीय दलका नेता डा. दंगालले जानकारी दिए।

सहमतिअनुसार कांग्रेसले विकास, आर्थिक मामिला तथा सुशासन समिति र विधायन व्यवस्थापन समिति, नेकपाले संघीयता सबलीकरण र राष्ट्रिय सरोकार समिति लिनेछन् भने जसपा नेपालले सार्वजनिक नीति तथा प्रत्यायोजन व्यवस्थापन समितिको सभापति लिनेछन्। समितिको नेतृत्वमा सोमबार उम्मेदवारी दर्ता गर्ने र मंगलबार छनोट गर्ने राष्ट्रिय सभा सचिवालयले निकालेको निर्वाचन कार्यतालिका छ।

उपाध्यक्षमा चयन भण्डारी माओवादी छाडेर गएकी थिइन् एमालेमा

राष्ट्रिय सभा उपाध्यक्षमा निर्वाचित भण्डारी ०६४ को संविधानसभा निर्वाचनमा तत्कालीन माओवादीका तर्फबाट कैलालीबाट सभासद् निर्वाचित भएकी थिइन्। त्यसलगत्तै, उनी झलनाथ खनाल नेतृत्वको सरकारमा शिक्षा राज्यमन्त्री बनेकी थिइन्। ०७४ को निर्वाचनमा एमालेबाट समानुपातिक सांसद बनेकी उनी पार्टीको पूर्वपोलिटब्युरो सदस्य पनि थिइन्। अहिले एमाले केन्द्रीय सदस्य रहेकी उनी पछिल्लोपटक राष्ट्रिय सभा सदस्य निर्वाचित भएकी हुन्।

पेट्रोलियम...

पृष्ठ १ बाट क्रमशः

भएकाले सरकारले खपत घटाउने नीति लिएको जनाएको छ। दुई दिन बिदा दिँदा इन्धन खपत घट्ने आकलन छ।

शैक्षिक सत्र १५ भदौदेखि

आगामी वर्षदेखि सरकारले १५ वैशाखदेखि शैक्षिक सत्र सुरु गर्ने निर्णय गरेको छ। तुलनात्मक रूपमा सरकारले ढिलो गरी शैक्षित्र सत्रको मिति तोकेको हो। त्यस्तै, बैठकले डिजिटल नेपाल ट्रान्सफर्मेसन प्रोजेक्टका लागि ९ करोड डलर तथा दिगो र समावेशी परियोजनाका लागि नौ करोड ५० लाख डलर ऋण लिने निर्णय गरेको छ।

प्युठानमा...

पृष्ठ १ बाट क्रमशः

रानाको गोठ, ईश्वरी रानाको कच्ची घर पूर्ण रूपमा जलेर नष्ट भएका छन्। त्यस्तै, ईश्वरीको घरपरिवारको भाँडा वर्तन, लत्ताकपडा, खाद्यान्न, तीनवटा गोरु, १५ बाख्रा जलेर मरेका छन्।

रमेश घर्तीको एउटा घर र गोठ पूर्ण रूपमा जलेर नष्ट भएको छ। आगलागीमा परी घर्ती परिवारका ६ वटा बाख्रा मर्नुका साथै भाँडा, कपडा, आधा तोला सुन र ५० हजार जलेर नष्ट भएको छ।

त्यस्तै, स्थानीय ओमबहादुर रेश्मी मगरको एक घर र दुइटा गोठ पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले बताएको छ। मगर परिवारका ३३ वटा बाख्रा पनि जलेर मरेका छन्। प्रहरीका अनुसार स्थानीय भूपाल रोकाको एउटा घर र एउटा गोठ जलेर पूर्ण नष्ट भएको छ, भने उनीहरूले पालेका १८ बाख्रा मरेका छन्। घरमा रहेको नगद दुई लाख र आधा तोला सुन पनि जलेको छ।

गुमा रजालीको एउटा घर र एउटा गोठ जलेर नष्ट भएको छ। उनीहरूका घरमा कपडा, भाँडा र खाद्यान्न जलेर नष्ट भएको छ।

आगलागीमा बलबहादुर रजालीको एउटा घर र एउटा गोठ पूर्ण रूपमा जलेर नष्ट हुँदा लत्ताकपडा खाद्यान्न, भाडा जलेर नष्ट भएका छन्। त्यस्तै, झवीन्द्र रजालीको एउटा घर र एक गोठ भाँडा, लत्ताकपडा र खाद्यान्न जलेर नष्ट भएको छ।

घनबहादुर रानाको पनि एउटा घर र एउटा गोठ जलेर नष्ट हुनुका साथै १५ वटा बाख्रा, दुईवटा गोरु जलेर मरेका छन्। देवबहादुर रजालीको एउटा गोठ जलेर नष्ट हुनुका साथै १५ वटा बाख्रा जलेका छन्। डिला रजालीको एक गोठ नष्ट भएको छ।

दक्षिणी सीमा...

पृष्ठ १ बाट क्रमशः

सुरक्षामा कार्यरत सशस्त्र प्रहरी जनशक्ति सीमामा परिचालन गर्न लागिएको हो।

गृहको निर्देशनअनुसार सीमा क्षेत्रमा थप जनशक्ति खटाउन गृहकार्य भइरहेको सशस्त्र प्रहरी बलका प्रवक्ता डिआइजी विष्णुप्रसाद भट्ट बताउँछन्। 'गृह मन्त्रालयबाट सीमामा करिब तीन हजार सशस्त्र प्रहरीको संख्या थप्ने निर्देशन भएको छ,' डिआइजी भट्ट भन्छन्, 'त्यसअनुसार अन्यत्र कार्यरत कर्मचारी सीमामा खटाउन थालिसकिएको छ। थप जनशक्ति खटाउन गृहकार्य चलिरहेको छ।'

गत साता सशस्त्र प्रहरीको प्रधान कार्यालयमा निरीक्षणका लागि पुगेका गृहमन्त्री सुदन गुरुङले सीमामा फौज कम भएको भन्दै तत्काल बढाउने प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए। उनले त्यसका लागि आफूले सहजीकरण गर्ने आश्वासनसमेत दिएका थिए। उनको सोही निर्देशनअनुसार यससम्बन्धी प्रक्रिया अघि बढाइएको हो।

भारतसँगको सीमामा सशस्त्र प्रहरी बलका २४९ वटा बोर्डर आउटर पोस्ट (बिओपी) छन्। त्यसमध्ये केही डिएसपी कमान्डका गुल्म छन्। धेरैमा इन्स्पेक्टरको कमान्ड छ। अर्धसैन्य फौज कम्तीमा एउटा प्लाटुन (३५) जनाबराबरको फौज खटिनुपर्नेमा सबैजसो बिओपीमा न्यून जनशक्ति छन्। खुला सीमामा न्यून जनशक्ति परिचालन गर्दा सीमा सुरक्षा बलियो हुन नसकेको भन्दै सशस्त्र प्रहरी थप्न लागिएको छ।

सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजस्व संकलन र विपत् व्यवस्थापनलगायतका बहुपक्षीय जिम्मेवारी पाएको सशस्त्र प्रहरीको जनशक्ति भने न्यून छ। सशस्त्र प्रहरी ७७ जिल्लामै परिचालन गरिएको छ। करिब ३६ हजार मात्र फौज रहेको सशस्त्र प्रहरीलाई भिभिआइपी सुरक्षादेखि कारागार सुरक्षालगायत जिम्मेवारीमा पनि खटाइएको छ। यसले गर्दा सीमा सुरक्षाको प्रमुख जिम्मेवारीमा सशस्त्र प्रहरीको उपस्थिति न्यून छ।

सरकारले सीमामा पाँच सयवटा बिओपी स्थापना गर्ने लक्ष्य राखे पनि हाल २६० मात्र छन्। त्यसमध्ये ११ वटा चीनसँगको सीमानाकामा छन् भने बाँकी भारतसँगको सीमामा रहेका छन्। भारतसँगको सीमामा एउटा बिओपीले सात किलोमिटरभन्दा धेरै हेर्नुपर्ने हुन्छ। त्यसका लागि १५-२० जनाको मात्र जनशक्ति हुँदा सीमा सुरक्षा योजनाअनुसार प्रभावकारी हुन सकेको छैन।

जनशक्ति थपेर सीमा सुरक्षा बलियो बनाउने प्रस्ताव वर्षौंदेखि अघि बढे पनि बजेट अभावको कारण देखाएर अलपत्र पर्दै आएको छ। यसपटक भने सरकारले सशस्त्र प्रहरीलाई सीमा सुरक्षामा केन्द्रित गरी दरबन्दी पनि थप्ने प्रक्रिया अघि बढाएको छ।

नयाँ शैक्षिक सत्रबाट गेटामा चिकित्सा शिक्षा पठनपाठनको तयारी

एमबिबिएस, बिएस्सी नर्सिङ, बिएस्सी एमएलटी र बी अप्टोमेट्री पढाइँदै, चिकित्सा शिक्षा आयोगसँग अनुमति माग

धनगढीमा **तेजराज भट्ट**

कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयले आगामी शैक्षक सत्रबाट चिकित्सा शिक्षाको पठनपाठन सुरु गर्ने तयारी गरेको छ। त्यसका लागि विश्वविद्यालयले शैक्षिक जनशक्ति पदपूर्ति प्रक्रिया अगाडि बढाउनुका साथै चिकित्सा शिक्षा आयोगसँग पठनपाठनको अनुमति मागेको छ।

एमबिबिएस, बिएस्सी नर्सिङ, बिएस्सी एमएलटी र बी अप्टोमेट्रीको पठनपाठन सुरु गर्ने तयारी भइरहेको विश्वविद्यालयका रजिस्ट्रार डा. खेमराज जोशीले जानकारी दिए। शैक्षिक जनशक्तिका लागि करार सेवामा २६ जना प्राध्यापक र ५१ जना उपप्राध्यापक नियुक्त गर्न दरखास्त आह्वान गरेको विश्वविद्यालयले आगामी महिना जनशक्ति छनोट प्रक्रिया सुरु गरिने जनाएको छ। 'आगामी शैक्षिक सत्रबाटै चिकित्सा शिक्षाको पठनपाठन सुरु गर्ने योजना छ,' रजिस्ट्रार जोशीले भने, 'जनशक्ति पदपूर्ति गर्ने, सरकारसँग बजेट माग गर्ने, चिकित्सा शिक्षा आयोगसँग अनुमति माग्ने प्रक्रियाहरू अगाडि बढाएका छौं।' शैक्षिक कार्यक्रम सुरु गर्न चिकित्सा शिक्षा आयोगबाट अनुमति लिनुपर्ने व्यवस्था छ।

गेटामा अहिले सञ्चालनमा रहेको ५० शय्याको अस्पताललाई तीन सय शय्याको शिक्षण अस्पतालका रूपमा स्तरोन्नति गर्न प्रस्ताव पनि गरिएको जोशीले बताए। फिजियोलोजी, प्याथोलोजी, इएनटी, जनरल सर्जरी, एनेस्थेरियोलोजी, इन्टरनल मेडिसिन, अप्थाल्मोलोजी, मेडिकल एजुकेसन, फार्माकोलोजीलगायत विषयका जनशक्ति पदपूर्ति गर्न विश्वविद्यालयले गत ८ फागुनमै दरखास्त आह्वान गरेको थियो।

अस्पताल र शैक्षिक कार्यक्रमका लागि प्रधानमन्त्री कार्यालय हुँदै अर्थ मन्त्रालयसँग आगामी वर्षका लागि दुई अर्ब ५८ करोड बजेट माग गरेको विश्वविद्यालय प्रशासनले जनाएको छ। बजेट मागसम्बन्धी प्रस्ताव शिक्षा मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा पुगेको बताइएको छ। प्रदेशबाट निर्वाचित सांसदहरूले प्रधानमन्त्री बालेन्द्र शाह, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलगायत सरकारी अधिकारीसँग भेटेर विश्वविद्याल सञ्चालनको माग गरेका छन्। गत साता सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने सांसदसँगको छलफलका क्रममा प्रधानमन्त्री शाहले गेटा विश्वविद्यालय सञ्चालनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाएका थिए।

विश्वविद्यालय सञ्चालनमा सरकारसँग समन्वय गरिरहेका कैलाली ५ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा. आनन्दबहादुर चन्दले नयाँ शैक्षिक सत्रबाट गेटामा एमबिबिएसलगायत विषयको पठनपाठन सुरु गर्न सरकार सकारात्मक रहेको बताए। शैक्षिक कार्यक्रम र तीन सय शय्याको अस्पताल सञ्चालनका लागि आउने बजेटमा दुई अर्ब ५८ करोड रुपैयाँ विनियोजन गर्न अर्थ मन्त्रालयसँग पनि कुरा भइरहेको उनले बताए। 'यो विश्वविद्यालयले स्वास्थ्य सेवा पहुँच विस्तार, दक्ष जनशक्ति उत्पादन, वैदेशिक पलायन न्यूनीकरण र क्षेत्रीय अर्थतन्त्र सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने कुरा बतायौं। सुदूरपश्चिमका अरू सांसदले पनि यसमा सहमति जनाउँदै विश्वविद्यालय सञ्चालनमा जोड दिनुभयो,' प्रधानमन्त्रीसँगको भेटबारे चन्दले भने, 'प्रधानमन्त्रीले यसलाई छिट्टै अघि बढाउने भन्नुभएको छ।'

यो नेपालकै पहिलो स्वास्थ्य विज्ञान विश्वविद्यालय हो। सुदूरपश्चिम प्रदेशमा हालसम्म चिकित्सा शिक्षाको पठनपाठन हुने सरकारी र निजी क्षेत्रको एउटा पनि संस्था छैन। गेटामा पठनपाठन सुरु भएपछि स्वास्थ्य जनशक्ति उत्पादनसँगै स्वास्थ्य उपचार क्षेत्रमा ठुलो परिवर्तन हुने अपेक्षा गरिएको छ। विश्वविद्यालय पूर्ण रूपमा सञ्चालनमा आए सुदूरपश्चिमका बासिन्दाले उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता हट्ने वरिष्ठ चिकित्सक गणेशबहादुर सिंह बताउँछन्। यसले सुदूरपश्चिमको स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन ल्याउने उनको भनाइ छ।

सुदूरपश्चिममा सरकारीस्तरमा स्तरीय उपचार हुने अस्पताल नहुँदा बिरामीले उपचार गर्न काठमाडौं वा भारतका सहरहरू जानुपर्ने बाध्यता अझै कायम छ। प्रदेशको 'रेफरल' अस्पतालका रूपमा रहेको धनगढीको सेती प्रादेशिक अस्पतालमा तुलनात्मक रूपमा विशेषज्ञ सेवा छ। तर, क्यान्सरलगायत कतिपय रोगको उपचार सुविधा यहाँ पनि छैन। बिरामीको अत्यधिक चापले पनि सेतीमा सेवा प्रवाहमा समस्या देखिन थालेको छ। 'विश्वविद्यालयमा विशेषज्ञ जनशक्ति हुन्छ। उपचारमा नयाँ प्रविधि र उपकरण हुन्छन्। नागरिकले गुणस्तरीय उपचार सेवा पाउँछन्,' डा. सिंहले भने, 'गेटामा पूर्ण क्षमतामा विश्वविद्यालय सञ्चालन भए उपचारका लागि अन्यत्र धाइरहनुपर्दैन। स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन हुन्छ।' गेटामा चिकित्सा शिक्षाको पठनपाठन सुरु भए यहाँका विद्यार्थी चिकित्सा शिक्षा पढ्न अन्यत्र जानुपर्ने बाध्यता हट्नेछ। चिकित्सा शिक्षाका लागि सुदूरपश्चिममा छुट्टै कोटा तोक्नुपर्ने डा. सिंहले बताए। विपन्न जेहेनदार विद्यार्थीले पढ्न पाउने गरी सुदूरपश्चिमका लागि छात्रवृत्ति कोटा छुट्याइनुपर्ने उनको माग छ।

गेटामा मेडिकल कलेजका नाममा पाँच वर्षअघि नै करिब पौने सात अर्बका संरचना बनेका छन्। संरचना बने पनि लामो समयसम्म सञ्चालनको प्रारूप टुंगिएको थिएन। पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री हुँदा तत्कालीन सरकारले गेटामा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना गर्ने निर्णय गर्दै कानुन निर्माण प्रक्रिया अगाडि बढाएको थियो। विश्वविद्यालयसम्बन्धी व्यवस्था गर्न बनेको ऐन प्रतिनिधिसभाबाट पारित भएर गत असारमा राजपत्रमा प्रकाशित भएपछि पुसमा बसेको विश्वविद्यालयको सभाले विश्वविद्यालयको उपकुलपतिमा प्राडा सुनीलकुमार जोशी र रजिस्ट्रारमा डा. खेमराज जोशीलाई नियुक्त गरेको थियो।

गेटामा विश्वविद्यालयल स्थापनाका लागि सरकारलाई दबाब दिन गठित संघर्ष समितिका संयोजक लोकराज पाण्डेयले तीन सय शय्याको अस्पताल सञ्चालनसँगै आउने शैक्षिक सत्रबाट चिकित्सा शिक्षाको पठनपाठन हुनेमा आफू आशावादी रहेको बताए। चिकित्सा शिक्षाको पठनपाठन हुने एउटा पनि संस्था नभएको सुदूरपश्चिममा मेडिकल विश्वविद्यालय सञ्चालन हुनु खुसीको कुरा भएको उनले बताए। उनले शैक्षिक जनशक्ति छनोट भागबन्डाका आधारमा नभई योग्यता र क्षमताका आधारमा हुनुपर्नेमा जोड दिए। 'सांसदसहितको टोलीले केही दिनअघि शिक्षा मन्त्रीलगायतलाई भेटेका थियौं। पठनपाठन र तीन सय शय्याको अस्पताल छिट्टै सञ्चालन गर्न सरकार सकारात्मक रहेको पाएका छौं,' पाण्डेयले भने, 'यहाँ एमबिबिएस पढाइ हुने एउटा पनि संस्था थिएन। ढिलै भए पनि हामी सुदूरपश्चिमवासीको सपना पूरा हुने भयो।' अब यहाँका विद्यार्थीले सहुलियत शुल्कमा चिकित्सा शिक्षा पढ्न र नागरिकले सहुलियत शुल्कमा स्तरीय उपचार सुविधा पाउने उनले बताए। विश्वविद्यालय सञ्चालनमा आए सुदूरपश्चिम स्वास्थ्य पर्यटन केन्द्रका रूपमा विकास हुने पाण्डेयको भनाइ छ।



विश्वविद्यालय सभा बस्दै, शिक्षामन्त्री सहभागी हुने

गेटामा पहिलोपटक विश्वविद्यालय सभा बस्दै छ। यसअघि सभाको पहिलो बैठक काठमाडौंमा बसेको थियो। २५ चैतमा बस्ने सभामा विश्वविद्यालयका सहकुलपति एवं शिक्षामन्त्री सस्मित पोखरेल सहभागी हुने तय भएको रजिस्ट्रार जोशीले जानकारी दिए। सभाले विश्वविद्यालयको चालू आर्थिक वर्षको बजेट तथा कार्यक्रम पारित गर्नेछ। विश्वविद्यालयका सहकुलपति रहेका स्वास्थ्यमन्त्री निशा मेहतासमेत सहभागी हुनेबारे कुरा भइरहेको रजिस्ट्रार जोशीले बताए। विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने व्यवस्था छ।



● **डा. खेमराज जोशी**, रजिस्ट्रार, सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय

आगामी शैक्षिक सत्रबाटै चिकित्सा शिक्षाको पठनपाठन सुरु गर्ने योजना छ। जनशक्ति पदपूर्ति गर्ने, सरकारसँग बजेट माग गर्ने, चिकित्सा शिक्षा आयोगसँग अनुमति माग्ने प्रक्रिया अगाडि बढाएका छौं।

■ प्रहरीको 'क्लिन स्विप' अपरेसन

७४० पक्राउ, ५० हिरासतमा, ६९० लाई छाडियो

नयाँ पत्रिका

प्रहरीले सुरु गरेको 'क्लिन स्विप' अपरेसनअन्तर्गत ४८ घण्टामा ७४० जना पक्राउ परेका छन्। जसमध्ये अधिकांशलाई छाडिएको छ। प्रहरीले काठमाडौं, ललितपुर र भक्तपुरमा शुक्रबारदेखि 'क्लिन स्विप' अपरेसन चलाएको छ। जसअन्तर्गत एम्बुस, छापा, सर्च, आकस्मिक चेकिङलगायत अपरेसन पर्छन्। शंकास्पद सबैलाई पक्राउ गरी उनीहरूको क्राइम रेकर्ड हेरिन्छ। घटनामा संलग्न रहेकालाई हिरासतमा राखी निर्दोषलाई छाडिन्छ। यसरी पक्राउ परेका ६९० लाई छाडिसकिएको छ। बाँकी ५० जनालाई हिरासतमा लिइएको प्रहरीले जनाएको छ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका डिआइजी ओम अधिकारीले उपत्यकाभित्र 'क्लिन स्विप' अपरेसन चलिरहेको बताए। 'काठमाडौंभित्र प्रहरीले 'क्लिन स्विप' अपरेसन चलाइरहेको छ। जसअन्तर्गत धेरैजना पक्राउ परेका छन्। उनीहरूमध्ये अधिकांशलाई छाडिएको छ। आपराधिक गतिविधिमा संलग्नविरुद्ध थप अनुसन्धान भइरहेको छ,' उनले भने।

प्रहरीले 'क्लिन स्विप' अपरेसन विशेषगरी ठेक्कापट्टामा संलग्न हुनेविरुद्ध चलाइरहेको छ। त्यसबाहेक मालपोत, यातायात व्यवस्था कार्यालयलगायत सार्वजनिक ठाउँमा सक्रिय बिचौलियाविरुद्ध पनि यो अपरेसन चलाइएको छ। अपरेसन केही महिना निरन्तर चल्ने काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्काले बताए। 'उपत्यकाभित्र प्रहरीले चलाएको क्लिन स्विप अपरेसनका क्रममा गुन्डागर्दीमा संलग्नहरू पक्राउ परेका छन्। बिचौलियालाई पनि टार्गेट गरिएको छ। अपरेसन भर्खर सुरु भएकाले यो अझै केही अवधि निरन्तर चल्नेछ,' उनले भने।

जेन-जी आन्दोलनका क्रममा नेपाल प्रहरीमातहतका कार्यालयलाई निसाना बनाइयो। कार्यालयमा आगजनी भयो। आन्दोलन सकिएको सुरुको महिना प्रहरीले आफूलाई सबल, सुदृढ र संगठित बनाउन समय खर्चियो। त्यसलगत्तै मुलुकमा प्रतिनिधिसभा निर्वाचन भयो। प्रहरीले बाँकी भएको समय त्यता खर्चिनुपऱ्यो। त्यसो हुँदा प्रहरीले विगतदेखि नै नियमित चलाउँदै आएको अपरेसन स्थगित भएका थिए। निर्वाचन सकिएसँगै प्रहरी पूर्ववत् अवस्था आइपुग्यो। आन्दोलनपछि स्थगित भएको सोही अपरेसन अहिले चलाइएको प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले बताए।

'क्लिन स्विपजस्ता अपरेसन विगतमा पनि हुन्थे। जेन-जी आन्दोलनपछि केही प्रभावित बन्यो। प्रहरीले आफूलाई बलियो बनाउनुपर्ने थियो। केही महिना प्रहरी त्यसतर्फ केन्द्रित भयो। त्यसलगत्तै निर्वाचन भयो। प्रहरी पूर्ववत् अवस्था फर्किएर अपरेसन सुरु गरेका हौं,' उनले भने। प्रहरीका अनुसार अपरेसनपछि पक्राउ परेकामध्ये गुन्डागर्दीमा संलग्न १९ जनाविरुद्ध मुद्दा चलाउने तयारी भइरहेको छ। पक्राउ परेका अन्य भने विभिन्न अपराधमा संलग्न रहेको प्रहरीको भनाइ छ।

४८ घण्टामा पक्राउ

काठमाडौं परिसर	३००
ललितपुर परिसर	३५०
भक्तपुर परिसर	९०
जम्मा	७४०
हिरासत	५०
छाडिएको	६९०

संक्षेप

नेकपाको बैठक आज

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टीको हाइकमान्ड अर्थात् केन्द्रीय कार्यसंयोजन समितिको बैठक सोमबार बस्दै छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बस्ने बैठकमा निर्वाचनको बृहत् समीक्षा, पार्टी एकतालाई टुंग्याउनेसहित आगामी रणनीतिबारे छलफल हुने नेता जगन्नाथ खतिवडाले जानकारी दिए। उनका अनुसार बैठकको एजेन्डामा वर्तमान राजनीतिक परिस्थिति, निर्वाचनको समीक्षा प्रतिवेदन, पार्टी एकता, संगठनात्मक समायोजन, महाधिवेशनको आयोजना, सरकार र संसद्, पार्टी पुनर्गठन तथा तात्कालिक कार्ययोजना र विविध छन्। नेकपाको केन्द्रीय कार्यसंयोजक समिति ४५ सदस्यीय छ। जसमा संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधवकुमार नेपाल छन्। सदस्यहरूमा झलनाथ खनाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठ, अग्निप्रसाद सापकोटा, कृष्णबहादुर महरा, गंगानारायण श्रेष्ठ, डा. गंगालाल तुलाधर, गिरीराजमणि पोखरेल, गोपाल किराँती, चक्रपाणि खनाल, चेतबहादुर पुन, जगन्नाथ खतिवडा, जयन्तीदेवी राई, डिलाराम आचार्य, दीनानाथ शर्मा, देवप्रसाद गुरुङ, देवेन्द्र पौडेल, नन्दबहादुर पुन, पम्फा भुसाल, प्रकाश ज्वाला र प्रमेश हमाल छन्।

चिट चोराउने शिक्षकलाई 'परीक्षाको मर्यादा भंगको मुद्दा'

उदयपुर/ माध्यमिक शिक्षा परीक्षा (एसइई)मा चिट चोराउन प्रयास गर्ने शिक्षकविरुद्ध 'परीक्षा मर्यादा भंग' गरेको मुद्दा दर्ता भएको छ। बेलका नगरपालिका- १, पुरुन्दहस्थित जनता बेलका माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको एसइई परीक्षाको अनुगमनका क्रममा आइतबार एक शिक्षक शंकास्पद गतिविधिसहित पक्राउ परेपछि उनीविरुद्ध 'परीक्षा मर्यादा भंग' मुद्दा दर्ता भएको हो। जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी प्रहरी निरीक्षक विष्णुबहादुर खड्काका अनुसार सप्तरीको महादेवा गाउँपालिका- ३ घर भई हाल बेलका- ४, गुरुङचौरीमा बस्दै आएका ४० वर्षीय सञ्जीव यादवविरुद्ध शिक्षा ऐनअन्तर्गत परीक्षाको मर्यादा भंग गरेको अभियोगमा जिल्ला प्रशासन कार्यालयमा मुद्दा गर्दा गरी पाँच दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान सुरु भएको हो। परीक्षा अनुगमन टोलीले परीक्षा केन्द्रभन्दा करिब दुई सय मिटर टाढा रहेका यादवलाई शंकास्पद गतिविधि गरेको आरोपमा पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानका क्रममा उनी मोबाइलमार्फत परीक्षा प्रश्नपत्रको फोटो प्राप्त गरी त्यसको उत्तर तयार पारेर परीक्षार्थीसम्म पुऱ्याउने योजनामा संलग्न पुष्टि भएको खड्काको दाबी छ। प्रहरीका अनुसार यादवको साथबाट बरामद गरिएको रेड्मी कम्पनीको मोबाइल फोन जाँच गर्दा ह्वाट्स एपमार्फत सोही दिन सञ्चालन भइरहेको अनिवार्य गणित विषयको प्रश्नपत्र आदानप्रदान भएको भेटिएको छ। सामग्रीका आधारमा उनले उत्तर तयार गरी पठाउने समन्वय गरिरहेको संकेत देखिएको प्रहरीको दाबी छ।

शिविरमा एक हजार १३९ जनाले गराए आँखाको उपचार

खोटाङ/ दिक्तेल बजारमा आयोजित तीनदिने निःशुल्क शल्यक्रियासहितको आँखा उपचार शिविरमा एक हजार १३९ जनाले सेवा लिएका छन्। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको समन्वय तथा सगरमाथा चौधरी आँखा अस्पताल लहानको प्राविधिक सहयोगमा १९, २० र २१ चैतमा सञ्चालित शिविरमा १४९ जनाको आँखाको शल्यक्रिया, ४८५ जना ज्येष्ठ नागरिकलाई चस्मा वितरण, ७७० जनालाई औषधि वितरण र ११५ जना शल्यक्रिया गरिएका बिरामीलाई कालो चस्मा वितरण गरिएको हो। शिविरमा सगरमाथा चौधरी आँखा अस्पताल लहानबाट १३ जना चिकित्सकको टोलीले सेवा दिएको नेपाल नेत्रज्योति संघ खोटाङका सभापति इन्द्र कसजूले जानकारी दिए। कोशी प्रदेश सरकारले दिक्तेल रूपाकोट नगरपालिकालाई उपलब्ध गराएको चार लाख आर्थिक सहयोगमा शल्यक्रियासहितको निःशुल्क आँखा उपचार शिविर आयोजना गरिएको हो। आँखाको समस्या झेलिरहेका नागरिकलाई लक्षित गरी आयोजना गरिएको निःशुल्क शल्यक्रियासहितको तीनदिने आँखा उपचार शिविर उपलब्धिमूलक बनेको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिए। शिविरमा शल्यक्रिया हुन नसकेका आँखाका बिरामीलाई सगरमाथा चौधरी आँखा अस्पताल लहानमा लगेर निःशुल्क सेवा उपलब्ध गराइने जनाइएको छ।

सर्वोच्चका अधिकृत विष्ट लिखतसम्बन्धी कसुरमा दोषी ठहर

नयाँ पत्रिका

थरुहट नेता रेशम चौधरीलाई पक्राउ गर्न पत्र पठाएका सर्वोच्च अदालतका अधिकृत महिमानसिंह विष्ट दोषी ठहर भएका छन्। जिल्ला अदालत काठमाडौंले ११ महिनाअघि दायर मुद्दामा आइतबार कसुर ठहरको फैसला गरेको हो।

न्यायाधीश खिमानन्द भुसालको इजलासले यस मुद्दामा यो फैसला गरेको हो। 'उहाँमाथि कसुर ठहर भएको छ। २५ दिनभित्र सजाय निर्धारण हुन्छ। कहिलेका लागि सजाय निर्धारण पेसी हो त्यो भोलि मात्र थाहा हुन्छ,' जिल्ला अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले भने।



महिमानसिंह विष्ट

विष्ट लिखतसम्बन्धी कसुरमा दोषी पाइएका हुन्। नागरिक उन्मुक्ति पार्टीका संरक्षकसमेत रहेका रेशम चौधरीसमेतको जाहेरीले नेपाल सरकार भएको यस मुद्दामा सजाय निर्धारणका लागि पेस गर्ने आदेश भएको हो। विष्टमाथि ५ जेठमा मुद्दा दायर भएको थियो। उनले अदालतको लेटरप्याड, छाप र पदको दुरुपयोग गरेको दाबीसहित मुद्दा दर्ता भएको थियो। सरकारी वा सार्वजनिक लिखत किर्ते गरेको भन्दै उनीमाथि सात वर्ष कैद तथा ७० हजार रुपैयाँसम्म जरिवाना गर्ने गरी माग गरिएको थियो।

गत १७ वैशाखमा सर्वोच्चका अधिकृत विष्टले तोकिएको जिम्मेवारीभन्दा बाहिर गई आफूखुसी कारागारलाई पत्राचार गरेका थिए। जसकारण रेशम चौधरी पक्राउ परेका थिए भने सर्वोच्च अदालत नै विवादमा तानिएको थियो। अधिकार नै नभएको र पूर्णपाठसमेत नआएको विषयमा फैसला कार्यान्वयनका लागि भनी अधिकृत विष्टले प्रहरीलाई आफैं पत्र पुऱ्याउन गएका थिए।

नेता चौधरी पक्राउ परेको जानकारी आएपछि अदालतले पत्राचार गरी प्रहरीलाई नै यस विषयमा अनुसन्धान गर्न भनेको थियो। त्यसपछि चौधरीले पनि जाहेरी दिएका थिए। कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र डाँका चोरी मुद्दामा विष्टले कारागार कार्यालय डिल्लीबजार काठमाडौंका नाममा कैदमा राख्न पत्र पठाएका थिए। पत्रमा 'पाशविक किसिमले' नौजनाको हत्या गरेको 'जघन्यभन्दा पनि तल्लोस्तरको क्रूर अपराध गरेको' भन्दै चौधरीलाई सजाय गरिएको भनिएको थियो।

विष्टले आफैं लेखेको पत्रमा पूर्ण फैसला तयार नभई अपराधलाई राजनीतीकरण हुने गरी राष्ट्रपतिबाट माफी दिइएको उल्लेख गरेका थिए भने विचाराधीन मुद्दामाथि शीघ्रातिशीघ्र फैसलाद्वारा आवश्यक कारबाही पछि हुने नै भए पनि तत्काल भारती शेर्पाविरुद्ध रिगल ढकालको नजिर टेकी कैदमा राख्न पत्र लेखेका थिए। उक्त मुद्दामा पछि न्यायिक कारबाही हुने नै र फैसलापछि कैलाली जिल्ला अदालतबाट पुनः कैदीपुर्जी जारी हुने नै हुँदा नियमानुसारको सिधा खर्च दिई कैदमा राख्न ०८० जेठ २ को फैसलाअनुसार अनुरोध गरिएको व्यहोराको पत्र प्रहरीलाई बुझाएका थिए। पत्रअनुसार प्रहरीले कमलादीबाटै पक्राउ गरी चौधरीलाई डिल्लीबजार पुऱ्याएको थियो। चौधरी केही घण्टा पक्राउ परे भने सर्वोच्चले वैधानिक पत्र पठाएपछि पुनः थुनामुक्त भएका थिए।

बागमती प्रदेश सभाको अधिवेशन मंगलबार बोलाउन सिफारिस

मकवानपुरमा **पोष्टराज अधिकारी**



बागमती प्रदेश सरकारले प्रदेश सभाको हिउँदे अधिवेशन २४ चैतका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ। आइतबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले मंगलबार दिउँसो ४ बजे बस्ने गरी प्रदेश सभाको हिउँदे अधिवेशन आह्वान गर्न सिफारिस गर्ने निर्णय गरेको हो।

प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङका अनुसार मन्त्रिपरिषद्को सिफारिसअनुसार प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले अधिवेशन आह्वान गर्नेछन्। गत २७ साउनपछि प्रदेश सभा बैठक बस्न सकेको थिएन। २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा प्रदेश सभा सचिवालय र सभा हलसहितका संरचनामा आगजनी भएपछि बैठक अवरुद्ध भएको थियो। त्यसपछि ३ मंसिरमा प्रदेश सभाको चालू वर्षे अधिवेशन अन्त्य गरिएको थियो। हाल अस्थायी रूपमा हेटौंडा उपमहानगरपालिकाको पछाडिपट्टि रहेको मुख्यमन्त्री सभाहल मर्मत गरी प्रदेश सभा बैठक सञ्चालन गर्ने तयारी गरिएको मन्त्री तामाङले बताए।

मन्त्रिपरिषद् बैठकले प्रदेशमातहतका दुई कर्मचारीलाई मन्त्रालयको सचिवको जिम्मेवारी दिने निर्णय पनि गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिवमा कृषि तालिम केन्द्रका निर्देशक सुधीर श्रेष्ठलाई जिम्मेवारी दिइएको छ। सो मन्त्रालयका सचिव वैकुण्ठ अधिकारीले राजीनामा दिएपछि पद रिक्त भएको थियो।

आर्थिक मामिला तथा योजना मन्त्रालयको निमित्त सचिवमा उपसचिवस्तर नवौं तहका नुमानन्द अधिकारीलाई जिम्मेवारी तोकिएको छ। बैठकले प्रदेश निजामती सेवा नियमावली, २०८२ स्वीकृत गर्ने, इन्जिनियर सेवा समूहका राजु श्रेष्ठलाई ११औं तहमा बढुवा गरी भौतिक पूर्वाधार विकास मन्त्रालयमा पदस्थापन गर्ने तथा यातायात पूर्वाधार निर्देशनालय हेटौंडामा कार्यरत नवीन सिंहलाई मन्त्रालयमा पदमिलान गर्ने निर्णय पनि गरेको छ।

फेवाताल किनारको ६५ मिटर क्षेत्र खाली गर्न थालेपछि जग्गाधनी आन्दोलित

जग्गाको उचित क्षतिपूर्ति र मुआब्जा वा ल्यान्ड पुलिङ गर्न माग

कास्कीमा **रोहितराज पराजुली**

फेवाताल किनारको ६५ मिटर क्षेत्र खाली गर्ने उद्देश्यसहित डोजर चलाइएपछि स्थानीय जग्गाधनी आन्दोलित भएका छन्। पोखरा महानगरपालिकाले शनिबार ताल किनारमा मापदण्डविपरीत निर्माण गरिएका अस्थायी संरचनामा डोजर चलाएपछि जग्गाधनीले फेवाताल मापदण्ड सरोकार समिति गठन गरेर आन्दोलन सुरु गरेका हुन्।

समितिले आइतबार पोखरामा प्रदर्शनसँगै जिल्ला प्रशासन कार्यालय कास्की र पोखरा महानगरपालिकामा मागसहितको ज्ञापनपत्र बुझाउँदै एकतर्फी रूपमा लगाइएको ६५ मिटरको मापदण्डले विगतदेखि भोगाधिकार रहेको जमिन र यसमा बनेका संरचनाको उचित क्षतिपूर्ति र मुआब्जा माग गरेका छन्। ल्यान्डपुलिङ नगरीकन मापदण्डका नाममा ५०औं वर्षदेखि रोक्का राख्नुले जनतालाई आघात पुऱ्याएको भन्दै समस्या समाधानका सम्पूर्ण उपायको व्यवस्था नभई व्यक्तिका



नेपाल सरकारले दिएको लालपुर्जाभित्रको हकभोगको जमिनमा बनेका संरचना खाली गर्ने कार्य तुरुन्त रोक्नुपर्ने माग गरेका छन्। 'फेवातालको ६५ मिटर मापदण्ड वैज्ञानिक कि सनक ?, हामीलाई सुकुम्बासी बनाउन पाईंदैन'लगायत लेखिएको ब्यानरसहित प्रदर्शन गरेका उनीहरूले 'डोजर आंतक तुरुन्त बन्द गर्न, लालपुर्जा भएकालाई उचित मुआब्जा दिन, जनतालाई दुःख दिन बन्द गर'लगायतका नारासमेत लगाएका थिए।

'लेकसाइड क्षेत्रमा पर्यटन व्यवसायीहरूले अर्बौं लगानी गरेका छन्। सय वर्षदेखि स्थापित होटेल व्यवसाय, रेस्टुरेन्ट र पर्यटकीय संरचना भत्काउँदा यसले पोखराको पर्यटनलाई मात्र होइन, देशकै अर्थतन्त्रलाई दशकौं पछाडि धकेल्नेछ। हजारौं मानिसको प्रत्यक्ष रोजगार खोसिनेछ, जसले भयावह बेरोजगारी निम्त्याउने निश्चित छ,' ज्ञापनपत्रको २ नम्बर बुँदामा छ।

राज्यले विनामुआब्जा र विनाविकल्प यी संरचनामा डोजर चलाउँदा बैंकहरूको अर्बौं लगानी जोखिममा पर्ने र यसले देशको समग्र वित्तीय प्रणालीमै गम्भीर संकट पैदा गर्ने उनीहरूको दाबी छ। मापदण्डको नाममा जग्गा खोसेर राज्यले दोहोरो चरित्र देखाएको उनीहरूको भनाइ छ।

'एकातिर सरकारले सुकुम्बासीलाई जग्गा र बसोबासको व्यवस्था गर्ने कार्ययोजना ल्याउने, तर अर्कोतिर वर्षौंदेखि तिरोभरो तिर्दै आएको वैधानिक लालपुर्जा भएको जग्गा र घरलाई मापदण्डका नाममा खोसेर नागरिकलाई सुकुम्बासी बनाउने प्रपञ्च रचिनु राज्यको अत्यन्तै गैरजिम्मेवार र विभेदकारी चरित्र हो,' ज्ञापनपत्रको चौथो बुँदामा छ।

कसरी चलाउन सकिन्छ जीर्ण उद्योग ?

स्पष्ट नीति र इमानदार कार्यान्वयन भयो भने बन्द उद्योगहरू पुनः सञ्चालनमा ल्याई देशभित्र ठुलो मात्रामा रोजगारी सिर्जना गर्न सकिन्छ



● ई. दीपककुमार साह
अग्रलेख


सरकारी स्वामित्वका यस्ता कतिपय उद्योगका जग्गामा माफियाहरूको बिजनेस कम्प्लेक्स नै बनिसकेका छन् । यदि ती उद्योग फेरि सञ्चालन गर्न सकियो भने लाखौँ युवालाई रोजगारी दिन सकिने अवस्था छ । नेपालमा श्रमशक्तिको कुनै अभाव छैन । श्रमको खोजीमा श्रमयोग्य जनशक्ति बिदेसिनुपर्ने बाध्यता छ । आवश्यक पूर्वाधार पनि धेरै ठाउँमा तयारी अवस्थामै छन् । त्यसैले इच्छाशक्ति र स्पष्ट योजना भएमा बन्द उद्योगहरू पुनर्जीवित गर्न असम्भव छैन । तर, समस्या के छ भने यी उद्योगहरू कसरी सञ्चालनमा ल्याउने भन्ने विषयमा वर्षौंदेखि अध्ययन, समिति र प्रतिवेदनमै सीमित छ ।

नेपालका ऐतिहासिक उद्योगहरूमध्ये विराटनगर जुट मिल विशेष महत्त्व राख्ने उद्योग हो । सन् १९३६ मा तत्कालीन प्रधानमन्त्री जुद्धशमशेर राणाको पालामा स्थापना गरिएको यो मिल देशकै सबैभन्दा पुरानो र ठुलो उद्योगमध्ये एक हो । सुरुमा यो मिल सरकारी स्वामित्वमा सञ्चालन गरिएको थियो । पछि निजी क्षेत्रलाई जिम्मा दिइयो । तर, राजनीतिक अस्थिरता, व्यवस्थापन समस्या र श्रमिक विवादका कारण यो उद्योग पटक-पटक बन्द हुने स्थितिमा पुग्यो ।

यो उद्योग बन्द हुँदा प्रत्यक्ष रूपमा हजारौँ श्रमिक बेरोजगार बने । त्यति मात्र होइन, मिलसँग सम्बन्धित हजारौँ किसान परिवारको जीवनयापनमा पनि असर पऱ्यो । विशेष गरी झापा, मोरङ, सुनसरी र सप्तरीका किसानहरू जुट उत्पादनमा निर्भर थिए । मिल बन्द भएपछि उनीहरूको प्रमुख आम्दानीको स्रोत नै कमजोर हुँदै र अन्ततः लगभग समाप्त नै भयो ।

अर्कातर्फ, निजी क्षेत्रद्वारा सञ्चालित केही उद्योग भने सफलतापूर्वक चलिरहेका उदाहरण पनि छन् । उदाहरणका रूपमा रघुपति जुट मिल हाल पनि सञ्चालनमै छ । यसले देखाउँछ कि उचित व्यवस्थापन र नीति भएमा जुट उद्योग अझै पनि सम्भावनायुक्त क्षेत्र हुन सक्छन् । जुट उत्पादन र यसको व्यापारको अवस्था हेर्दा पनि यो क्षेत्रको सम्भावना स्पष्ट हुन्छ । केही वर्षअघिसम्म नेपालबाट अर्बौं रुपैयाँबराबरका जुटजन्य सामग्री निर्यात हुने गरेको थियो । ०७२ सालतिर करिब एक अर्ब ९२ करोड रुपैयाँबराबरको जुटका सामग्री विदेश निर्यात भएका थिए । त्यसपछि निर्यातको परिमाण अझै बढ्दै गएको देखिन्छ । २०७७ सालतिर यो निर्यात तीन अर्ब ७५ करोड रुपैयाँ पुगेको थियो भने ०७८ सालको वैशाखसम्म पाँच अर्ब ५९ करोड रुपैयाँभन्दा बढीको जुट सामग्री निर्यात भइसकेको तथ्यांक देखिन्छ ।

नेपालमा उत्पादित जुटजन्य सामग्रीको सबैभन्दा ठुलो बजार भारत नै हो । यद्यपि, नेपालमा जुटको उत्पादन उद्योगको मागअनुसार पर्याप्त छैन । नेपाली उद्योगहरूले आवश्यक कच्चा पदार्थको ठुलो हिस्सा भारत र बंगलादेशबाट आयात गर्नुपरेको अवस्था छ । अझ



श्रमशक्तिको अभाव नभएको नेपालबाट श्रमको खोजीमा श्रमयोग्य जनशक्ति बिदेसिनुपर्ने बाध्यताबिच सरकारी स्वामित्वका जीर्ण उद्योगहरू पुनः सञ्चालन गर्न सकियो भने लाखौँ युवालाई स्वदेशमै रोजगारी दिन सकिन्छ

विडम्बना त के छ भने नेपालमै उत्पादित जुटका किसानले भने आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । यससम्बन्धी व्यापक जनगुनासो सुनिँदै आएको छ ।

पूर्वी तराईका जिल्लाहरूमा एक समय धानपछि सबैभन्दा बढी उत्पादन हुने बाली जुट नै थियो । तर, उद्योग बन्द भएपछि किसानहरू पनि अन्य बालीतर्फ मोडिन थालेका छन् । यदि उद्योगहरू पुनः सञ्चालनमा आए भने किसान, श्रमिक र व्यापारी सबैलाई लाभ पुग्ने स्पष्ट छ । सुनसरी-मोरङ औद्योगिक क्षेत्रमा एक समय ११ वटा उद्योग सञ्चालनमा थिए । तर, अहिले तीमध्ये आधाभन्दा बढी उद्योग बन्द अवस्थामा छन् । विराटनगर जुट मिल मात्र होइन, जनकपुर चुरोट कारखाना, नेपाल मेटल उद्योग, गोरखकाली रबर उद्योग, हेटौंडा कपडा उद्योग, नेपाल ओरियन्ट म्याग्नेसाइट उद्योग, वीरगन्ज चिनी कारखाना र कृषि औजार कारखानाजस्ता कैयौं उद्योग पनि लामो समयदेखि बन्द मात्र छैनन्, जीर्ण अवस्थामा पुगेका छन् ।

> 'रुट मोडेल'को अवधारणाअनुसार २०-४० वर्षसम्म निजी कम्पनीलाई रुग्ण उद्योग सञ्चालन गर्न दिएर तोकिएको अवधि पूरा भएपछि उद्योगको स्वामित्व पुनः सरकारमा फर्कने व्यवस्था गर्न सकिन्छ

सरकारले यी उद्योगहरू पुनः सञ्चालन गर्न विभिन्न अध्ययन गराएको र समिति गठन गरेको कुरा बारम्बार सुनिन्छ । तर, अध्ययन कहिले सकिन्छ र त्यस्ता जीर्ण उद्योग कहिले सञ्चालनमा आउँछन् भन्ने विषय अझै अनिश्चित नै छ । यस्तो अवस्थामा देशको आयात निर्भरता घटाउन र स्वदेशी उत्पादन बढाउन आवश्यक पहल अझै कमजोर देखिन्छ । कुनै वेला उद्योगमन्त्री रहेका नेताहरूले पनि स्वदेशी उत्पादनलाई प्राथमिकता दिएर आयात प्रतिस्थापन गर्नुपर्ने आवश्यकता बताउँदै आएका थिए । तर, व्यवहारमा त्यो नीति प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेन । ०५२ सालअघि सरकारी उद्योगहरूले वार्षिक रूपमा करोडौँ रूपैयाँ नाफा कमाउने गरेका थिए । तर, पछि ती उद्योगलाई राजनीतिक दलहरूका कार्यकर्ता भर्ती केन्द्र बनाइयो । व्यवस्थापनमा दक्षताभन्दा पनि राजनीतिक पहुँचलाई प्राथमिकता दिइँदा उद्योगहरूको अवस्था बिग्रँदै गयो ।

विभिन्न समयका उद्योगमन्त्रीहरूले बन्द उद्योगहरू सञ्चालन गर्ने विषयमा प्रतिवेदन तयार गर्न समिति गठन गरे पनि त्यसको ठोस उपलब्धि देखिएको छैन । बरु उद्योगका जग्गा, भवन र मेसिनरी सामग्री बेच्ने वा निजी स्वार्थका लागि प्रयोग गर्ने प्रवृत्ति बढेको आरोप बारम्बार लाग्दै आएको छ । यस्ता बन्द उद्योगहरूलाई पुनः सञ्चालन गर्न 'रुट मोडेल' अपनाउने प्रस्ताव पनि अघि सारिएको छ । यो मोडेलअनुसार उद्योगको संरचना मर्मत वा पुनर्निर्माण गरिन्छ । निजी वा अन्तर्राष्ट्रिय कम्पनीलाई सञ्चालनको जिम्मा दिइन्छ र निश्चित अवधिपछि उद्योग पुनः सरकारलाई हस्तान्तरण गरिन्छ ।

यस अवधारणाअनुसार करिब २०-४० वर्षसम्म निजी कम्पनीलाई उद्योग सञ्चालन गर्न दिन सकिन्छ । प्रारम्भिक सात वर्षसम्म कर छुट दिएर उद्योगलाई स्थापित हुन सहयोग गर्न सकिन्छ । त्यसपछि नियमित रूपमा रोयल्टी र लिज शुल्क सरकारले प्राप्त गर्न सक्छ । यसरी तोकिएको अवधि पूरा भएपछि उद्योगको स्वामित्व पुनः सरकारमा फर्कने व्यवस्था हुन्छ । यस प्रणालीले सरकारले उद्योग बेच्नुपर्ने अवस्था आउँदैन । न त ठुलो आर्थिक लगानी गर्नुपर्ने बाध्यता नै हुन्छ ।

यदि यस्तो स्पष्ट नीति र इमानदार कार्यान्वयन भयो भने बन्द उद्योगहरू पुनः सञ्चालनमा ल्याउन सकिन्छ । यसबाट देशभित्र ठुलो मात्रामा रोजगारी सिर्जना हुनेछ । स्वदेशी उत्पादन बढेर विदेशी मुद्रा बचत हुने सम्भावना पनि बढ्नेछ । त्यसैले अहिलेको आवश्यकता भनेको अध्ययन र बहानाभन्दा पनि ठोस निर्णय र दृढ कार्यान्वयन हो । उद्योगहरू सञ्चालनमा आए भने त्यसले केवल अर्थतन्त्रलाई मात्र होइन, लाखौँ नेपाली युवाको भविष्यलाई पनि नयाँ दिशा दिन सक्छ । र, स्वदेशमै रोजगारको लहर सिर्जना गर्न सकिन्छ ।

(इन्जिनियर साह सुनसरी ४ बाट निर्वाचित रास्वपाका सांसद हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **विमल पोखरेल**लाई



पार्टी अध्यक्ष हिरासतमा रहेको वेला एमालेभित्र पार्टी पुनर्गठनको मुद्दामा बहस उठ्न थाल्नुले के संकेत गर्छ ?

यो बहस धेरै पहिले नै उठ्नुपर्थ्यो, ढिलो भयो । राजनीतिक रूपमा पार्टीले ऐतिहासिक पराजय भोगिसकेपछि नेतृत्वले नै बुझ्नुपर्थ्यो । नेतृत्वले नबुझेपछि नै यो बहस उठेको हो । यसमा जति ढिलो हुन्छ, पार्टीलाई त्यति नै बढी हानि हुन्छ । गम्भीर रोग लागेको रोगीलाई उपचारमा लान जति ढिलो गरिन्छ, उसको बाँच्ने सम्भावना त्यति नै कम हुन्छ । एमालेमा पनि गम्भीर रोग लागेको पहिल्यै थाहा थियो । उसको 'मल्टी अर्गान फेलियर' भइसकेको छ । यस्तोमा रोगको सही उपचार सुरु गर्ने कि धुपबत्ती बालेर भजनकीर्तन गरिरहने, निर्णय गर्न ढिलो गर्नुहुँदैन ।

केन्द्रमा नेतृत्व परिवर्तन हुनासाथ होला त एमालेको रूपान्तरण ?

रूपान्तरणको सुरुवात केन्द्रीय नेतृत्वबाटै हुनुपर्छ । एमालेभित्र ०७८ यता सुरु भएको एकतन्त्रीय नेतृत्वशैलीका कारण मात्र पाँच लाखभन्दा बढी भोटर घटेका छन् । नेतृत्वको कार्यशैलीकै कारण पार्टी छाडेर हिँडेका नेता, कार्यकर्ता पार्टीको रूपान्तरण सुरु हुनासाथ जिम्मेवारीमा फर्किन्छन् । त्यसले ठुलो पंक्तिमा आशाको सञ्चार गराउनेछ । माथि बिग्रेको हुनाले त्यहाँ सुधार भयो भने तल बिस्तारै आफैं 'करेक्सन' हुँदै जान्छ ।

एमालेले पहिलेकै जस्तो शक्ति आर्जन गर्न के गर्नुपर्ला त ?

यसका लागि सबैभन्दा पहिले नेतृत्वमा रूपान्तरण हुनुपऱ्यो । कार्यशैलीमा व्यापक सुधार महसुस हुनुपऱ्यो । नेतृत्वले समाजको गति बुझ्न सक्नुपऱ्यो । अहिले एमालेमा नेतृत्वकै कारण उसका 'क्याडर' उत्पादन गर्ने 'कारखाना' (विद्यार्थी, जनवर्गीय संगठन) बन्द छन् । त्यसैले, नयाँ पुस्तामा विश्वास सिर्जना गर्न सक्ने नेतृत्व आउनुपऱ्यो । उसले आफ्नो नाम र झन्डा फेर्ने तथा मार्क्सवाद र समाजवाद माने पनि युरोपतिर जस्तै 'कम्युनिस्ट' नाम नराख्ने पार्टी बनाउनुपर्ने अवस्था पनि आउन सक्छ ।

प्रेरक प्रसंग

दाजुभाइको अंशबन्डा

एउटा गाउँमा बुबाआमाका साथमा तीन दाजुभाइ र एक बहिनी मिलेर बसेका थिए । चारैलाई बुबाआमाले निकै माया गर्थे । जेठो छोरो डाक्टर थियो भने कान्छो इन्जिनियर । तर, माइलो भने अनपढ थियो । जेठो र कान्छो छोराको बिहे भइसकेको थियो । केही समयपछि छोरीको पनि बिहे भयो । तर, अनपढ माइलालाई भने छोरी दिन कोही तयार थिएनन् । त्यसैले, उसका आमाबुबा दुःखी थिए ।

माइलो छोराको बिहे नहुँदै पिताको मृत्यु भएपछि आमाले गाउँकै एक सोझी केटीसित उनको बिहे गराइदिइन् । बिहेपछि ऊ पहिलेभन्दा निकै मन लगाएर काम गर्न थाल्यो । उता डाक्टर र इन्जिनियर दाजुभाइले अंशबन्डा गर्ने सल्लाह गरे । आमाले रोक्न लाख कोसिस गरे पनि दुवै दाजुभाइले अंशबन्डाको मिति तय गरे । उनीहरूले बहिनीलाई पनि बोलाए ।

माइलाले भन्यो- तिमीहरू अंशबन्डा गर । जे-जे चाहिने हो लग । मलाई जे दिन मन लाग्छ, देऊ । म साँझमा आएर ल्याप्चे लगाइदिन्छु । त्यति नै वेला वकिल पनि आइपुग्यो । उसले भन्यो- तपाईंहरूको कुल १० बिघा जमिन र घर छ । अब कसलाई कति-कति दिनुपर्ने हो, बताउनुहोस् । म त्यसैअनुसार कागज बनाइदिन्छु ।

माइलाले भन्यो- वकिलसाब, मेरा दुवै दाजुभाइका नाममा पाँचपाँच बिघा जमिन र बहिनीको नाममा यो घर लेखिदिनुहोस् । यो सुनेर बहिनी र दाजुभाइले एक स्वरमा प्रश्न गरे– अनि तिमीचाहिँ के लिन्छौ त ? माइलाले भन्यो– मेरो भागमा त मेरी प्यारी आमा हुनुहुन्छ नि ! अनि, उसले आफ्नी पत्नीतिर हेरेर प्रश्न गऱ्यो- मेरी प्यारी पत्नी, के मैले गलत भनेँ ? उसकी पत्नीले सासूलाई अँगालो मार्दै भनी– ठिक भन्नुभयो हजुरले । आमाभन्दा मूल्यवान् सम्पत्ति अर्को के नै हुन सक्छ र ?

यो सब हेरिरहेकी बहिनीले भनी- मलाई माफ गर दाइ, मैले तिमीलाई चिन्न सकिनछु । दुवै दाजुभाइले भने- बहिनी, तिमीले ठिक भन्यौ । हामीले यो अंशबन्डा गरेनौं भन्दैमा हाम्रो जीवन रोकिने त होइन नि ! त्यसैले, अब यो अंशबन्डा हुँदैन । हामी जसरी बाल्यकालमा सँगै बस्थ्यौं, अबदेखि पनि त्यसैगरी मिलेर आमासँगै बस्छौं, कहिल्यै अलग हुँदैनौं ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

बजार अनुगमन निरन्तर होस्

नेपालको शिक्षा, स्वास्थ्य सेवामा हुने महँगीको सम्पन्न तथा हुनेखाने वर्गका लागि त खासै ठुलो कुरा नहुन पनि सक्छ । तर, जो हुँदा खाने अवस्थामा छन्, निम्नमध्यम वर्गको परिभाषाभित्र अट्छन्, तिनका लागि भने यो महँगीले असह्य पीडा दिइरहेको छ । त्यसैकारण पनि नेपाली जनताले अहिलेको नयाँ सरकारबाट केही न केही राम्रो कार्य हुन्छ भन्ने भरोसा राखेका छन् । यस्तो अवस्थामा हरेक क्षेत्रमा हुँदै आएको भ्रष्टाचार, महँगी र ढिलासुस्ती गर्नेहरूलाई अनुगमन गरी नियन्त्रणमा लिएर कानुनअनुसार कारबाही गर्दै जाने हो भने अवश्य पनि देशमा सुशासन कायम हुने विश्वास गर्न सकिन्छ । त्यसैले, वर्तमान सरकारले आफ्ना सरोकारवाला निकायहरूलाई सक्रिय गराई बजार अनुगमनमा निरन्तरता दिने तथा कडाइसमेत गर्ने हो भने त्यसको परिणामले जनताको जीवनस्तर सहज हुनेमा दुईमत छैन ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikh lcomwizard@gn ail.com

ओलीले विकल्प दिनुपर्छ

२१ फागुनको निर्वाचनपछि एमाले अध्यक्ष केपी ओली अप्ठ्यारो अवस्थामा देखिएका छन् । एकातिर उनले आफ्नै 'गढ' झापा ५ बाट झन्डै ५० हजारको अन्तरमा पराजय भोगे । अर्कातिर उनको दल एमाले २५ सिटमा खुम्चियो । झन् यतिखेर ओली जेन-जी आन्दोलनमा भएको दमनका कारण हिरासतमा पुगेका छन् । यतिखेर एमालेभित्र उनको विकल्प खोजिँदै छ । यस्तोमा उनी स्वयंले विकल्प दिनु उपयुक्त हुन्छ ।

● **अमृता कुँवर**, सानोठिमी, भक्तपुर

कांग्रेसले बुद्धि पुऱ्याओस्

निर्वाचनपछि प्रमुख प्रतिपक्षमा खुम्चिएको नेपाली कांग्रेसले आफ्नो संसदीय दलको नेता चयन गरिसकेको छैन । यतिखेर कांग्रेस संसदीय दलका नेता को चयन हुन्छन्, भन्ने विषयलाई महत्त्वका साथ हेरिँदै छ । जेन-जी आन्दोलनपछि पार्टी नेतृत्वमा जबर्जस्त परिवर्तन गरेको कांग्रेसले संसदीय दलका नेतामा समेत त्यस्तै सन्देश दिनुपर्छ, त्यसैले कांग्रेसले नयाँ र युवा अनुहारलाई अगाडि ल्याउनुपर्छ । र, यसका लागि युवा निस्कल राई उपयुक्त हुन सक्छन् ।

● **सुमित गौचन**, इमाडोल, ललितपुर

'ठुलो काम' गर्ने सुनौलो मौका

हाम्रो देशमा अव्यवस्थित बसोवासीका समस्या समाधानका नाममा 'धेरै काम' गरियो । सदनमा कुरा उठ्यो । अनेक नाम र नेतृत्वमा आयोग बने । अनेक प्रकारका आन्दोलन भए । उपत्यकाका नदी-किनार ओगटेर बस्ने अव्यवस्थित बसोवासीहरू लखेटिए । समस्या समाधानका लागि जिल्ला-जिल्लामा समेत आयोग खडा गरिए । यो सब देख्दा, हाम्रो देशमा धेरै भूमिहीन तथा अव्यवस्थित बसोवासीहरू रहेछन् भन्ने लाग्यो । वास्तवमा हामीकहाँ भूमिहीन तथा अव्यवस्थित बसोवासीका समस्या पहिले थियो होला, अहिले छैन ।

गाउँ-गाउँमा उर्वर जमिन बाँझै छ । ठुलाबडाले त महल बनाउन ललितानिवासमै आँखा गाड्लान् । नाफा कमाउन अनेक दलाली र खेलोफड्को गर्लान् । तर, हिमाल, पहाड, तराई जहाँ बसे पनि सर्वसाधारण जनतालाई त गरिखाने जमिन न चाहिएको हो । त्यो जमिन, थप सुविधा खोज्नेहरूले बसाइँ जाँदा छोडिदिएका छन् । कमी छ त खालि, सरकारका तर्फबाट उचित व्यवस्थापनको । गाउँठाउँ छोडेर हिँडेपछि त्यो जमिनमा कमसेकम खेतीसम्म लागोस् भन्ने चाहना गाउँठाउँ छोड्नेहरूको छ । तिनलाई त्यसबाहेक केही पनि चाहिन्न । यो कुरालाई मनन गरी यो लोकहितकारी सरकारले 'ठुलो काम' गर्ने सुनौला मौका पाएको छ । कामको थालनी, खेती गर्न जग्गा चाहने र त्यसका लागि जग्गा दिन चाहनेको विवरण संकलनबाट सुरु गर्न सकिन्छ ।

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा
sindrakm ar@ gn ail.com

पाकिस्तानी शक्ति संरचनामा पकड बढाउँदै सेना प्रमुख

सुरुदेखि नै कमजोर र सेनामाथि निर्भर वर्तमान गठबन्धन सरकारका कारण जनरल मुनिरले आफ्नो स्थिति बलियो बनाएका छन्



देश / विदेश

● देवदत्त चक्रवर्ती

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको विरोधाभासपूर्ण बयानबाजी र इरानद्वारा युद्ध चल्दासम्म वार्ता नगर्ने खुला घोषणाबिच युद्धले एक महिना नाघेको छ । यसबिच दुई पक्षबिच मध्यस्थता भइरहेकाबारे विभिन्न अनुमान विश्व मिडियामा छाए । यसमा एक दक्षिण एसियाका व्यक्तिको नाम विशेष चर्चामा रह्यो । त्यो नाम थियो- पाकिस्तानी सेनाका प्रमुख फिल्ड मार्सल असिम मुनिरको । चर्चाबिच पाकिस्तानभित्र केही प्रमुख स्तम्भकारहरूले मुनिरको 'बढ्दो कद'को प्रशंसा गर्दै लेख ।

सेना प्रमुखका रूपमा पाकिस्तानका सबैभन्दा शक्तिशाली व्यक्ति मुनिरको तेहरान र ट्रम्प दुवैसँग राम्रो सम्बन्ध छ । मुनिरलाई अमेरिकी राष्ट्रपतिको 'मन पर्ने फिल्ड मार्सल' भनिँदै छ । इरान र अमेरिकाबिच मध्यस्थताको चर्चामार्फत मुनिर फेरि एकपटक देशको नागरिक सरकारमाथि हाबी देखिन थालेका छन् । यसअघि इमरान खानलाई सेनाले गरेको व्यवहारका कारण क्रुद्ध भएका पाकिस्तानको एक हिस्सासमेत सेना प्रमुखले विश्वमा देशको शिर उँचो बनाएको भन्न थालेका छन् । सेना समर्थकहरू त 'असिम मुनिरको बढ्दो कद'का बिच उनलाई नोबेल शान्ति पुरस्कारको मनोनयन गर्नुपर्नेसमेत चर्चा गर्न थालेका छन् ।

मिडिया रिपोर्टहरूले पाकिस्तानको सैन्य प्रतिष्ठान तथा नागरिक सरकार दुवैले इस्लामाबादमा अमेरिकी र इरानी प्रतिनिधिहरूबिच वार्ता सहज बनाउन चाहेको कुरा बाहिर ल्याएको सही हो । यसै सन्दर्भमा मध्यपूर्वका लागि अमेरिकी दूत स्टिभ विट्कफ र ट्रम्पका ज्वाइँ जेर्ड कुस्नरले इस्लामाबादको भ्रमण गरेकोसमेत रिपोर्ट आए । भलै यो खबर पछि झुटो साबित भयो । उसो त पाकिस्तानभित्रको शक्ति संरचनाको शिखरमा सैन्य प्रमुखको उदय कुनै नयाँ कुरा पनि होइन । मुनिरको सन्दर्भमा भने उनी केवल देशभित्र मात्र नभई विश्वव्यापी रूपमा समेत देशका शीर्षस्थ व्यक्तित्वका रूपमा अघि आएका छन् ।

इमरान खानको गिरफ्तारीपछि भएको र धाँधलीपूर्ण नतिजा आएको आरोप लाग्ने गरेको सन् २०२४ को आमनिर्वाचनपछि बनेको अहिलेको गठबन्धन सरकार सुरुदेखि नै कमजोर र सेनामाथि निर्भर रहेको मानिन्छ । यही बदलिएको वातावरणमा, जनरल मुनिरले आफ्नो स्थिति बलियो बनाउने बाटो देखे । गत नोभेम्बरमा, पाकिस्तानी संसद्ले देशको संविधानमा २७औं संशोधन गऱ्यो । अघिल्लो संशोधनको एक वर्षभित्रै भएको यस संशोधनको विपक्षी नेता तथा विश्लेषकहरूले आलोचना गरे । यसलाई तिनले 'संवैधानिक विद्रोह'को संज्ञा दिएका छन् । यस संशोधनले फिल्ड मार्सल मुनिरको सत्तामाथिको पकड थप सुदृढ बनाएको छ ।

पहिले नै पाकिस्तानको सबैभन्दा शक्तिशाली पदमा रहेका मुनिरले अहिले देशको स्थल सेना मात्र नभई नौसेना र वायुसेनामाथि पनि नियन्त्रण राखेका छन् । नयाँ संशोधनपछि मुनिरको पाँचवर्षे कार्यकाल फेरि सुरु भएको छ । र, भविष्यमा यसमा थप विस्तार हुनेसमेत सम्भावना छ । यसले मुनिरको कार्यकाल असामान्य रूपमा लामो हुने देखिँदै छ । साथै, संशोधनले उनलाई भविष्यमा कुनै पनि आपराधिक मुद्दामामिला नलाग्ने गरी आजीवन उन्मुक्ति प्रदान गरेको छ ।

यसबिच, पाकिस्तानको एक मात्र स्वतन्त्र निकाय मानिने न्यायपालिकाको शक्तिसमेत कटौती गरिएको छ । सरकारले नियुक्त गरेका न्यायाधीशसहितको एक नयाँ संवैधानिक अदालत गठन गरिएको छ, जसले सर्वोच्च अदालतको स्थान लिएको छ । यस कदमको विरोधमा धेरै वरिष्ठ न्यायाधीशहरूले राजीनामा दिए । तथापि, त्यसले केही फरक पारेन ।

मुनिरको शक्ति बढेसँगै अन्तर्राष्ट्रियस्तरमा उनको सक्रियता पनि बढेको छ, विशेष गरी संयुक्त राज्य अमेरिकासँग । अमेरिकासँग घनिष्टता बढेपछि नै साउदी-पाकिस्तान रक्षा सम्झौता भयो, जसको पाकिस्तानभित्र व्यापक प्रशंसा गरियो । त्यसपछि पश्चिमी मिडियामा अरू पनि रक्षा सम्झौताको चर्चा सुरु भयो । यद्यपि, यी रिपोर्टलाई गलत बताइयो र चर्चामा आएका प्रायः सम्झौता अगाडि बढ्न सकेनन् ।

बिचमा केही समयको मौन अवधिपछि असिम मुनिरले फेरि वैश्विक नेतासँग सम्पर्क बढाएका छन् । यसैअन्तर्गत वासिङटनमा डोनाल्ड ट्रम्पसितको भेटघाट र अहिले इरानविरुद्ध अमेरिका-इजरायली कारबाही रोक्न मध्यस्थकर्ताको भूमिका खेल्ने विषय चर्चामा आएका हुन् ।

पाकिस्तानमा सैन्य हस्तक्षेपको लामो इतिहास छ । मुनिरले भने सिधै सत्ता हातमा नलिने, तर केन्द्रीकृत मोडेलमार्फत राजनीतिक परिणाम निर्धारण गर्ने मार्ग अपनाएको देखिन्छ । पाकिस्तानका पूर्वसैन्य शासक परवेज मुसर्रफले सन् १९९९ को कुपछि तीन वर्ष यसरी नै राजनीतिमाथि बसेर शासन गरेका थिए । तर, व्यापक विरोधपछि उनी चुनाव लडेर राष्ट्रपति बने । अब मुनिरले मुसर्रफको बाटो पछ्याउनेछन् वा जीवनभर बर्दीमै रहनेछन्, हेर्न बाँकी छ ।

'हाफिज-ए-कुरान' (सम्पूर्ण कुरान कण्ठस्थ भएका व्यक्ति) भएकाले मुनिर अक्सर आफ्ना भाषणमा धार्मिक विषयवस्तु समेट्न चुक्दैनन् । उनी पाकिस्तानलाई मुस्लिम विश्वको चम्किलो ताराका रूपमा चित्रण गर्छन् । अहिले उनै मुनिरको हातमा सेना मात्र होइन, देशका मिडिया र राज्य संयन्त्रसमेत आएका छन् । पाकिस्तानी लेखक मोहम्मद हनिफ आफ्नो ठट्यौली शैलीमा भन्ने गर्छन्, 'जबजब तानाशाहहरूले यस्तो व्यवहार गर्छन्, पाकिस्तानको भूगोल बदलिने गरेको छ र जनरलहरू आफ्नो ज्यान जोगाउन भाग्नुपरेको छ ।' अब भविष्यमा के हुन्छ भनेर हेर्न त कुर्नुको विकल्प छैन ।

(चक्रवर्ती दक्षिण एसिया र यहाँको कूटनीतिमाथि कलम चलाउँछिन्)

द प्रिन्टबाट

इरान युद्धमा दोहोरो आक्रमणको चपेटामा इराक

अमेरिका-इजरायल र इरानबिचको युद्धको असर मध्यपूर्वी देशमा फैलिरहँदा इराक भने दुई पक्षको आक्रमणमा परेको हो

गत फेब्रुअरी २८ मा इरानमाथि संयुक्त राज्य अमेरिका-इजरायलले आक्रमण सुरु गरेको केही घण्टाभित्रै इराकको अर्धस्वायत्त कुर्दिस क्षेत्रमा पनि बमबारी भएको थियो । त्यो आक्रमण त्यस क्षेत्रमा रहेको अमेरिकी सम्पत्तिमाथि इरान-समर्थित समूहबाट भएको थियो । योसँगै इराक पनि इरान युद्धमा तानिएको थियो । त्यसवेलादेखि नै इराकमा अवस्थित अमेरिकी सम्पत्ति इरान समर्थक सशस्त्र समूह र इरानकै शक्तिशाली इस्लामिक रिभोलुस्नरी गार्ड कोर्प्स (आइआरजिसी)बाट धेरैपटक निसानामा परिसके । जवाफमा अमेरिकाले यी इराकी समूहविरुद्ध निरन्तर आक्रमण गरिरहेको छ ।

यही आक्रमणलाई देखाएर इराकी विदेशमन्त्री फुआद हुसेनले त इराक जारी द्वन्द्वमा प्रत्यक्ष रूपमा प्रभावित देश बनेको र अरू प्रभावित देशले कुनै एक पक्षको बमबारी सहनुपर्दा आफूहरूले 'द्वन्द्वका दुवै पक्ष'बाट आक्रमणको सामना गर्नुपरेको बताए । सम्भवतः हुसेनको संकेत ती खनिज तेल उत्पादक खाडी देशप्रति थियो, जहाँ इरानले दैनिकजसो आक्रमण गर्ने गरेको छ । तथापि, ती देशलाई इराकलाई जस्तो अमेरिका र इजरायलले निसाना बनाएका छैनन्, बरु सुरक्षा दिने बताउँछन् ।



● सारा समिम

(समिम अलजजिराकी स्तम्भकार हुन् । उनले जलवायु परिवर्तन, सहरी विकासका साथै राजनीतिक विषयमा कलम चलाउँछिन् ।)

लामो समयदेखि अमेरिका र इरानबिचको छद्म युद्धभूमि रहेको इराक सुरुदेखि नै द्वन्द्वमा तानिएको छ, जसमा अमेरिका, इरान समर्थित समूह र आइआरजिसीलाई जिम्मेवार ठहऱ्याइएको छ । युद्ध सुरु भएदेखि बग्दाद अन्तर्राष्ट्रिय विमानस्थलदेखि अमेरिकी कूटनीतिक नियोग र तेल क्षेत्रमा बमबारी भयो । सबैभन्दा तीव्र आक्रमण भने इराकी कुर्दिस क्षेत्रको राजधानी एर्बिलमा भयो । वासिंटनले इराकी कुर्दिस क्षेत्रमा शरण लिइरहेका इरानी कुर्दिस समूहलाई तेहरानविरुद्ध परिचालन गर्ने योजना सार्वजनिक भएपछि इरानले ती समूहमाथि आक्रमण तीव्र बनायो ।

सुरुमा इराकतर्फको कुर्दिस क्षेत्रबाट इरानी कुर्दिस समूहले इरानको सीमापार स्थल आक्रमण गर्ने सम्भावना उच्च रहेको बताइएको थियो । अमेरिकाका अन्य क्षेत्रीय सहयोगी, विशेषतः टर्कीएको असन्तुष्टिपछि यो अभियानलाई मुर्त रूप दिइएन । त्यस्तै, इराकी प्रधानमन्त्री मोहम्मद सिया अल-सुदानीले अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग सम्पर्क गरेर मध्यपूर्व युद्धमा आक्रमणका लागि आफ्नो देशलाई 'लन्चप्याड'को रूपमा प्रयोग नगर्न आग्रह गरेको बताइन्छ । तथापि, अमेरिका र इजरायलले इरानी कुर्द नेतासँग सम्पर्क भने बढाएका थिए ।



जारी इरान युद्धमा अरू देशमा कुनै एक पक्षले आक्रमण गर्दा इराकमा भने द्वन्द्वका दुवै पक्षबाट आक्रमण भइरहेको छ । इरान र इरान समर्थक समूहले त्यहाँका अमेरिकी अड्डालाई लक्षित गर्छन्, यता अमेरिकाले इरान समर्थक समूहमा बमबारी गरेको छ ।

इराकमा हवाई अड्डा

ह्वाइट हाउसका अनुसार अमेरिकाले इराकको पश्चिमी भागको अनबर प्रान्तमा ऐन अल-असद हवाई आधार क्षेत्रमा आफ्नो उपस्थिति कायम राखेको छ । यो आधार क्षेत्रबाट इराकी सुरक्षा बललाई सहयोग गर्ने गरिएको अमेरिकाले बताएको छ । इरानी जनरल कासिम सुलेमानीको अमेरिकी हत्याको बदलामा सन् २०२० मा इरानले हानेको क्षेप्यास्त्रले यो हवाई अड्डालाई पनि निसाना बनाएको थियो । त्यस्तै कुर्दिस अर्धस्वायत्त क्षेत्रमा रहेको एर्बिल हवाई अड्डाले भने अमेरिकी र गठबन्धन सेनाहरूले प्रशिक्षण अभ्यास र युद्ध अभ्यास गराउने केन्द्रको रूपमा काम गर्छ ।

अमेरिकी संसदीय रिपोर्टअनुसार एर्बिल हवाई अड्डाले प्रशिक्षण, गुप्तचर साझेदारी र रसद समन्वयमार्फत उत्तरी इराकलाई सुरक्षित बनाउने अमेरिकी सैन्य प्रयासलाई सघाइरहेको छ । सन् २०२६ को सुरुवातमा, इराकमा लगभग दुई हजार ५०० अमेरिकी सैनिक अझै तैनाथ थिए । तथापि, डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिको दोस्रो कार्यकाल सम्हालेपछि अमेरिकाले मध्यपूर्वमा रहेका आफ्ना सैन्य आधारबाट आफ्ना सेना कटौती गर्ने नीति लिएकाले तीमध्ये कति सैनिक बाँकी छन् अहिले स्पष्ट छैन । अमेरिकाले इराक र यसको अर्धस्वाशासित कुर्दिस क्षेत्रमा सीमित संख्यामा सैन्य सुविधा राखेको छ । तथापि, तिनको संख्या अहिले इराकमाथि नियन्त्रण कायम गरिएका वर्षको तुलनामा धेरै कम छ । तर, तिनको सही संख्या र आकार भने सार्वजनिक रूपमा खुलासा गरिएको छैन । तर पनि बग्दाद अन्तर्राष्ट्रिय विमानस्थलनजिकैको भिक्टोरिया बेस वा क्याम्प भिक्टोरिया र एर्बिलको उत्तरपूर्वमा अवस्थित हरिर एयर बेस भने अझै सञ्चालनमा रहेको पुष्टि हुन्छ ।

किन सबैको निसानामा परिरहेको छ इराक ?

'इराकको दुर्दशा यसको अवस्थिति र यसले लिएको विखण्डित विदेश नीतिले निम्त्याएको हो,' बेलायतस्थित थिंक ट्यांक चथम हाउसका वरिष्ठ अनुसन्धान फेलो र 'इराक इनिसिएटिभ'का निर्देशक रेनाड मन्सुरले भने, 'इराकभित्रका विभिन्न दल तथा गुट प्रतिस्पर्धी बाह्य शक्तिसँग मिलेर काम गर्छन् । केही गुटको इरानसँग घनिष्ठ सम्बन्ध कायम छ, जबकि अरूहरू अमेरिकासँग बढी नै नजिक छन् ।' मन्सुरका अनुसार यही विखण्डनले गर्दा इराकी राज्यलाई निर्देशित गर्ने कुनै एकल, सुसंगत विदेश नीति नै छैन । 'बग्दादले वासिंटन र तेहरान दुवैले आक्रमण गर्दा आफ्नो सार्वभौमसत्ताको उल्लंघन भएको भन्दै आपत्ति जनाउँछ । तर, यस्तो आपत्ति लागू गर्न सक्ने सामर्थ्य भने ऊसँग सीमित मात्रै छ,' मन्सुरले व्याख्या गरे । यो किनभने इराकमा कैयौं अनौपचारिक सञ्जाल र मिलिसियाले राज्यमाथि यस्तो प्रभाव राख्छन्, कतिपय निर्णयले सुरक्षा कायम गर्न प्रमुख भूमिका खेल्छन् ।

विशेषतः सन् २००३ मा अमेरिकाको नेतृत्वमा इराकमाथि आक्रमण भएर तत्कालीन नेता सद्दाम हुसेनको पतनपछि इरानले सिया दलहरू र सशस्त्र समूहमार्फत बग्दादमा उल्लेख्य प्रभाव विस्तार गर्न सक्यो । सिया सशस्त्र समूहमध्ये अहिले पपुलर मोबिलाइजेसन फोर्सेस (पिएमएफ)को नाममा एकजुट भएका छन् । सन् २०१४ र २०१७ को बिचमा इराकमा पुनः टाउको उठाउन लागेको 'इस्लामिक स्टेट (आइएस)'विरुद्धको संघर्षमा यसले महत्त्वपूर्ण भूमिका निभाएपछि राज्यको निकायमा गाभियो । सुरक्षा निकायमा गाभिएको भए पनि प्रायः स्वतन्त्र सञ्चालित हुने पिएमएफको हिस्सा रहेका 'कताइब हिज्बुल्लाह' र 'असाइब अहल अल हक'जस्ता समूह तेहरानको भूराजनीतिक स्वार्थसँग जोडिएका छन् । यसका साथै, विज्ञहरूका अनुसार इरानले इराकलाई अमेरिकी स्वार्थमाथि प्रहार गर्न सक्ने ठाउँका रूपमा हेर्ने गर्छ ।

'इराकमा इस्लामिक प्रतिरोध'को नाममा इरान समर्थक सशस्त्र समूहले छापामार रूपमा अमेरिकी सैन्य सम्पत्तिलाई निसाना बनाइरहेका छन्,' ब्रिटिस थिंक ट्यांक 'रोयल युनाइटेड सर्भिसेज इन्स्टिच्युट (आरयुएसआई)'मा मध्यपूर्व सुरक्षाका लागि वरिष्ठ अनुसन्धान फेलो बुर्कु ओजसेलिकले भने । ओजसेलिकका अनुसार तेहरानका लागि इराकमाथि आक्रमणले अमेरिकी हितलाई दबाब दिनुका साथै इराकको कुर्दिस क्षेत्रको प्रतिष्ठालाई कमजोर बनाउने दुई लक्ष्य पूरा हुन्छ । 'इराकपट्टिको कुर्दिस्तान कुनै पनि अवस्थामा इरानका लागि संवेदनशील सीमा हो । इरानसँग यसको निकटता र त्यस भेगमा इरानी कुर्दिस समूहको उपस्थितिलाई तेहरानले चिन्ताका रूपमा हेर्छ,' ओजसेलिकले भने ।

लेबनान र जोर्डनजस्ता अन्य मध्यपूर्वी देश पनि द्वन्द्वमा तानिएका छन् । तर, इराकको अवस्था अरूको भन्दा फरक रहेको ओजसेलिकले बताए । मुख्यतः यसको कारण त्यहाँ इरानी प्रभाव गहिरो हुनुपर्छ । 'इराकमा इरान समर्थक सशस्त्र समूह केबल उपस्थित मात्र छैनन्, ती त्यहाँको देशको सुरक्षा संरचनामा वैधानिक रूपमा स्विकारिएका छन् । सँगसँगै इराकले आंशिक रूपमा प्रमुख अमेरिकी सैन्य हितलाई पनि स्थान दिएको छ,' ओजसेलिकले भने, 'यसरी इराक समर्थक समूह राष्ट्रिय सेनाको हिस्सा हुनु र इराकमा अमेरिकी सैन्य सम्पत्ति हुनुले ऊ दुवैतर्फबाट निसानामा परिरहेको हो । यस्तोमा भोलिका दिनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध समाप्त गरेको घोषणा गरेर अन्यत्र युद्ध रोकिँदासमेत इराकमा भने थप समय दुई पक्षबिच गोलीबारी कायम रहने सम्भावना छ ।'

- अलजजिराबाट

इतिहासमा आज



सन् १९९४ : रुवाण्डा नरसंहार सुरु । रुवान्डाका राष्ट्रपति जुभेनल हब्यारिमाना र बुरुन्डियाका राष्ट्रपति साइप्रियन तारियामिराबिचको द्वन्द्वका कारण करिब १० लाख टुत्सी आदिवासीको ज्यान गयो ।

१८७९ : चिलीद्वारा पेरु र बोलिभियामा युद्धको घोषणा गऱ्यो । चिलीको घोषणासँगै प्यासिफिक युद्ध सुरु भयो । अटाकामा मरुभूमिको खनिजले भरिएको क्षेत्रको नियन्त्रणलाई लिएर विवाद बढेको थियो ।

सन् १८९६ : पहिलो आधुनिक ओलम्पिक खेल एथेन्समा सुरु । पहिलो ओलम्पियाडमा १४ देशका २४१ खेलाडीले भाग लिएका थिए । दक्षिण-पश्चिम ग्रिसको ओलम्पियाडमा सुरु भएको अन्तिम पुरातन ओलम्पिक खेलहरूको १५ सय वर्षपछि यो प्रतियोगिता भयो ।

सन् १९०९ : रोबर्ट पेरीले आफू उत्तरी ध्रुवमा पुग्ने पहिलो व्यक्ति बनेको दाबी गरे । तर, पेरीको दाबी कहिल्यै प्रमाणित भएको छैन र चौतर्फी रूपमा विवादित छ । उत्तरी ध्रुवको पहिलो निर्विवाद यात्रा सन् १९४८ को सोभियत सेभर-२ अभियान थियो ।

सन् १९६५ : पहिलो व्यावसायिक सञ्चार उपग्रह प्रक्षेपण । इन्टेलस्याट आई (अर्ली बर्डसमेत भनेर चिनिन्छ)ले जेमिनी ६ आन्द्र महासागरमा अवतरण गर्दा पहिलो प्रत्यक्ष टिभी प्रसारणलाई सहज बनाएको थियो ।

अस्ट्रेलियाका प्रधानमन्त्रीविरुद्ध गालीगलौज र नाराबाजी

सिड्नी/ अस्ट्रेलियामा एउटा समूहले प्रधानमन्त्री एन्थोनी अल्बानिजलाई गालीगलौज र नाराबाजी गरेको छ । इद अल-फित्रको प्रार्थनाका लागि देशको सबैभन्दा ठुलो मस्जिदको भ्रमणका क्रममा प्रदर्शनकारीहरूले गाजामा इजरायलको आक्रमणमा उनको अडानप्रति आक्रोश व्यक्त गरे । अस्ट्रेलियाका मुस्लिम र यहुदी समुदायका केही मानिसहरू गाजा युद्ध सुरु भएदेखि नै वामपन्थी सरकारले लिएको अडानप्रति आक्रोशित छन् । उनीहरूले प्यालेस्टिनीहरूका लागि चिन्ता व्यक्त गर्दै, बारम्बार युद्धविरामका लागि आग्रह गरेका छन् ।



मुस्लिम उपवास महिना रमजानको समापन मनाउन पश्चिमी सिड्नीको लेकेम्बा मस्जिदमा प्रार्थना गर्नेहरूसँग सामेल भएको १५ मिनेटपछि प्रदर्शनकारीहरूले उनको गतिविधिमा अवरोध पुऱ्याएको भिडियो तस्बिरले देखाएका छन् ।

प्रदर्शनकारीहरूले नाराबाजी गरे, प्रधानमन्त्री अल्बानीज र गृहमन्त्री टोनी बर्कलाई 'बाहिर निस्कनुहोस्' भन्दै उनीहरूलाई 'नरसंहार समर्थक' बताए । जुन २०२३ मा हमास लडाकूहरूले गरेको आक्रमणपछि गाजामा इजरायलले प्यालेस्टिनीहरूको हत्या गरेको थियो । मानिसहरूलाई बस्न र घटनाको भिडियो खिच्न बन्द गर्न आग्रह गर्दै' एक आयोजकले भीडलाई भने, 'प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, अलिकति शान्त रहनुहोस्, 'यो इद हो । यो रमाइलो दिन हो ।' सुरक्षा गार्डहरूले एकजना अपमानजनक व्यक्तिलाई भुइँमा लडाउँदै उसलाई टाढा लगेको देखियो । अल्बानिज र बर्क केही समयपछि त्यहाँबाट निस्किए ।

तेलको मूल्यमा वृद्धिपछि सरकारीमन्त्रीलाई विदेश भ्रमणमा रोक

डकारा/ इरानमा भएको द्वन्द्वका कारण तेलको मूल्यमा भएको वृद्धिपछि सेनेगलका सरकारी मन्त्रीहरूलाई सबै गैरआवश्यक विदेश यात्रामा प्रतिबन्ध लगाइएको छ । एक युवा च्यालीमा बोल्दै प्रधानमन्त्री ओस्मान सोन्कोले प्रतिब्यारेल तेलको हालको मूल्य युद्धअघिको तुलनामा दोब्बरनजिक पुगेको बताए । प्रतिबन्धको एक अंशको रूपमा उनले नाइजर, स्पेन र फ्रान्सको आफ्नै यात्रा स्थगित गरेका छन् । खानीमन्त्रीले आगामी हप्तामा सरकारी खर्च कम गर्न थप कदम चाल्ने घोषणा गरे । नयाँ तेल र ग्यास उद्योगका बाबजुद सेनेगल इन्धन आयातमा धेरै निर्भर छ । गत वर्ष अन्तर्राष्ट्रिय मुद्रा कोषले लगभग ८ प्रतिशतले वृद्धि दर र कम मुद्रास्फीतिको साथ अर्थतन्त्रलाई 'मजबुत' भनेर वर्णन गरेको थियो । तर, यसको सार्वजनिक ऋण (अर्थतन्त्रको कुल वार्षिक आकारको १३० प्रतिशतभन्दा बढी) उच्च छ । दुई वर्षअघि प्रधानमन्त्री बनेका सोन्कोले अघिल्लो सरकारलाई ऋणले आफ्नो प्रशासनलाई गाँजिएको आरोप लगाए ।

इथियोपियाको राष्ट्रिय संवादले झन् बढाउँदै छ विभाजन

इथियोपियाले देशमा कायम गहिरो राजनीतिक विभाजनलाई सम्बोधन गर्न र स्थिरता अभिवृद्धि गर्न भन्दै सन् २०२२ मा 'राष्ट्रिय संवाद प्रक्रिया' सुरु गऱ्यो । सिद्धान्ततः यस्ता संवादले समाजलाई युद्धभन्दा बाहिर जान, आमनागरिकबिच विश्वास पुनर्निर्माण गर्न र नयाँ राजनीतिक प्रणालीमाथि आमसहमति कायम गर्न मद्दत गर्न सक्छन् । विगतमा केन्या, ट्युनिसिया र यमनजस्ता देशहरूले यस्तो अभ्यास गरिसकेका छन् । इथियोपियाले यस प्रक्रियालाई अवलम्बन गर्नकै लागि 'राष्ट्रिय संवाद आयोग' स्थापना गऱ्यो । आयोगलाई राष्ट्रिय सहमति निर्माण गर्न, राष्ट्रनिर्माणलाई सबल बनाउन र लोकतान्त्रिक संक्रमणलाई सघाउने कार्यक्षेत्र प्रदान गरिएको थियो । इथियोपियाली राष्ट्रिय संवाद आयोगको कार्यकाल दुईपटक विस्तार भइसक्यो, पहिलोपटक फेब्रुअरी २०२५ मा ६ महिना र त्यसपछि फेब्रुअरी २०२६ मा आठ महिनाको लागि । यद्यपि, जुन लक्ष्यका साथ संवादको कल्पना गरिएको थियो, त्यो सही बाटोमा थिएन ।

लगभग एक दशकदेखि इथियोपियाको राजनीतिक परिदृश्य तथा शान्ति प्रयासको अनुसन्धानमा सरिक हुँदा मैले त्यहाँको संवाद प्रक्रिया किन समस्यामा फस्यो भनेर पनि अध्ययन गरेँ । वैधताको न्यूनता, सीमित समावेशीकरण र कमजोर प्रक्रियागत डिजाइन यसका लागि जिम्मेवार पाएँ । प्रक्रिया सुरु भएको चार वर्षपछि, यसले सीमित परिणाम दिनसकेको छ ।

राष्ट्रिय संवाद तब प्रभावकारी हुन्छ जब त्यो समावेशी हुन्छन् । साथै, प्रमुख पक्षको विश्वास र स्थिर राजनीतिक वातावरण संवाद सफलताको पूर्वसर्त हो । इथियोपियाको वर्तमान वातावरणमा भने यी तीनवटै अवस्था कमजोर छ । संवाद प्रक्रियाले कैयौं प्रभावशाली राजनीतिक समूह र सशस्त्र शक्तिलाई नै बहिष्कृत गरेको छ । संवाद प्रक्रियाले कैयौं प्रभावशाली राजनीतिक समूह र सशस्त्र शक्तिलाई नै बहिष्कृत गरेको छ । विपक्षी समूह र नागरिक समाजले समेत समय-समयमा संवाद आयोग सत्तारूढ दलबाट स्वतन्त्र रहेको शंका व्यक्त गर्ने गर्छन् । देशका विभिन्न भागमा जारी द्वन्द्वले दिगो वार्ता हुनुपर्ने वातावरणलाई अझ कमजोर बनाइरहेको छ । यी समस्याका कारण संवादले अर्थपूर्ण परिणाम प्रदान गर्नुअघि नै यो कमजोर पर्ने जोखिम छ । यो किन पनि महत्त्वपूर्ण छ भने राष्ट्रिय संवादको अवधारणा नै इथियोपियाको राजनीतिक विवादलाई शान्तिपूर्ण रूपमा समाधान गर्ने उद्देश्यले अघि सारिएको थियो । यदि यो असफल भयो भने देशले हिंसा रोकेर द्वन्द्व व्यवस्थापन गर्ने एउटा सुनौलो अवसर गुमाउने जोखिम छ ।

सशस्त्र समूहको सहभागिता अपरिहार्य

देशमा सक्रिय सशस्त्र समूहसहित प्रमुख राजनीतिक शक्तिले संवाद प्रक्रियालाई वार्ताको वैध मञ्चको रूपमा हेर्नुपर्छ । तर, इथियोपियामा अहिले कैयौं प्रभावशाली शक्ति प्रक्रियामा अनुपस्थित छन् । 'ओरोमो लिबरेसन आर्मी,' 'टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट' र 'अम्हारा फानो'जस्ता शक्तिशाली सशस्त्र समूह संवाद प्रक्रियामै आएका छैनन् । देशका ओरोमिया, टिग्रे र अम्हारा प्रदेशमा चलिरहेको सशस्त्र द्वन्द्व यिनै समूहले सञ्चालन गरिरहेका छन् । यसरी देशको ठुलो भागमा सशस्त्र द्वन्द्व चलिरहँदा र ती द्वन्द्वमा प्रत्यक्ष संलग्न समूहको सहभागितविना राष्ट्रिय संवादको सफलतामाथि स्वत प्रश्न उठ्छ । बहिष्करणले स्वामित्वलाई कमजोर बनाउँछ । स्वामित्वविना, कार्यान्वयन असम्भव हुन्छ ।

आयोगको तटस्थतामा विश्वास

राष्ट्रिय संवाद सामान्यतया राजनीतिक संकट वा संक्रमणको समयमा आयोजना गरिन्छ । यसको उद्देश्य राज्यबारे उठेका आधारभूत प्रश्नमाथि छलफल गर्न राजनीतिक शक्ति, नागरिक समाज र गैरराज्य सशस्त्र समूहलाई एक ठाउँमा ल्याउनु हो । इथियोपियाको राजनीतिक तनाव राज्य संरचना, पहिचान, ऐतिहासिक भाष्य, संविधान, एकता र आत्मनिर्णयबिचको सन्तुलनका बारेमा नसुल्झिएको प्रश्नसँग जोडिएको छ । वास्तविक संवादले यी आधारभूत विवादहरूलाई सम्बोधन गर्न प्लाटफर्म प्रदान गर्न सक्छ । तथापि, प्रक्रियाको डिजाइन र कार्यान्वयन गर्ने तरिकाले प्रतिरोध उत्पन्न गरेको छ । सबैभन्दा विवादित मुद्दामध्ये एक संवाद आयोगको आयुक्तको छनोट नै रह्यो । आयोगका ११ सदस्यहरू संसद्द्वारा नियुक्त गरिएका थिए । यस नियुक्ति प्रक्रियामा संसद्मा बहुमत रहेको सत्तारूढ दलले प्रभुत्व जमाएको आलोचकले आरोप लगाएका छन् । धेरै विपक्षी दलहरूले आयोग स्थापना गर्ने तरिकामाथि नै प्रश्न उठाएका छन् । यसरी जब प्रमुख राजनीतिक शक्तिले नै आयोगको तटस्थतामा शंका गर्छन् भने सम्पूर्ण प्रक्रियाको विश्वसनीयतामाथि नै असर पर्छ । विभाजित समाजमा, पूर्वाग्रही धारणाले पनि सहभागितालाई निरुत्साहित गर्न सक्छ ।

इथियोपियाको सन्दर्भमा, केही विपक्षी नेताले राष्ट्रिय संवादलाई देशले नै स्वामित्व लिन सक्ने प्रक्रियाभन्दा पनि सरकारद्वारा सञ्चालित परियोजनाको रूपमा व्याख्या गरेका छन् । त्यो धारणा आफैंमा संवादको बाटोमा एक गम्भीर अवरोध हो । इथियोपियामा अहिले गहिरो सामाजिक अविश्वास कायम छ । हालैका वर्षहरूमा संसद्, अदालत र सुरक्षा संस्थासहित राजनीतिक संस्थामा जनताको विश्वास घटेको छ । यस्तो वातावरणमा संवादमार्फत कुनै पनि परिवर्तन गर्ने हो भने न्यूनतम विश्वास आवश्यक पर्छ ।

अस्थिरताको अन्त्य

नाजुक संक्रमणकालमा पनि राष्ट्रिय संवाद हुन सक्छन् । तर, सशस्त्र द्वन्द्व चलिरहेको समयमा भने ती विरलै सफल हुन्छन् । इथियोपियाको धेरै भागमा अहिले सशस्त्र द्वन्द्व चलिरहेको छ । टिग्रे, अम्हारा र ओरोमियाका केही भागहरूमा असुरक्षाका कारण राज्यले आधारभूत कार्यसमेत गर्न सकेको छैन । यस्तो अवस्थामा, संवादको एजेन्डा तय गर्न र व्यापक सहभागिता हासिल गर्न कठिन हुन्छ । 'हर्न अफ अफ्रिका' भनिने क्षेत्रमा इथियोपियाको अवस्थितिले जटिलताको अर्को तह थप्छ । इथियोपियाले बनाएको विशाल ग्रान्ड इथियोपियन रेनासा ड्यामलाई लिएर उत्पन्न विवाद र इथियोपियाविरुद्ध इजिप्ट, सुडान, इरिट्रिया र सोमालियाबिच घनिष्टताले क्षेत्रीय प्रतिद्वन्द्विता बढाएको छ । खाडी राज्यहरूले पनि यस क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्न खोज्दा त्यस तनावमा झन् घिउ थपिएको छ । उसो त इथियोपियाको राष्ट्रिय संवाद प्रक्रिया घरेलु रूपमा सञ्चालित छन् । तथापि, बाह्य भूराजनीतिक प्रतिस्पर्धाले कूटनीतिक दबाब, आर्थिक लाभ वा असुरक्षा उत्पन्न गरेर देशभित्र पनि असर पर्छ । यस्तो वातावरणमा एक कमजोर घरेलु प्रक्रियाले अझ बढी कमजोर बन्छ ।



राष्ट्रिय संवाद तब प्रभावकारी हुन्छ जब त्यो समावेशी हुन्छ । साथै, प्रमुख पक्षको विश्वास र स्थिर राजनीतिक वातावरण संवाद सफलताको पूर्वसर्त हो । इथियोपियाको वर्तमान वातावरणमा भने यी तीनवटै अवस्था कमजोर छ ।



● डेरेजे मेलेसे लियु

लेखक इथियोपियाको डेब्रे मार्कोस विश्वविद्यालयका राजनीतिशास्त्रका व्याख्याता हुन् ।

सुडान, दक्षिण सुडान र केन्यामा भएका राष्ट्रिय संवादको अनुभवले इथियोपियाका लागि मिश्रित पाठ प्रदान गर्दछ । सुडानमा, संवादका पहलमा वास्तविक राजनीतिक खुलापनको अभाव थियो । त्यसैले त्यहाँ वार्ताको वातावरण नै सिर्जना हुन सकेन । दक्षिण सुडानमा सरकारी हस्तक्षेपबारेमा प्रश्न उठेको थियो । त्यसैले प्रमुख विपक्षी शक्ति वार्तामा जोडिन सकेनन् । यी दुई अनुभवविपरीत, केन्यामा सन् २००८ भएको राष्ट्रिय संवाद हिंसा रोक्न सफल भयो । त्यसले त्यहाँ संवैधानिक सुधारको बाटो खुलायो । त्यहाँको प्रमुख राजनीतिक प्रतिद्वन्द्वी संवाद प्रक्रियामा समावेश भएका थिए र मध्यस्थतामार्फत सबै पक्षबिच वार्ता हुँदा त्यहाँ प्रक्रिया सफल भयो । यी तीन उदाहरण हेर्दा निरन्तर समावेशीकरण, तटस्थता र सही समयले संवाद प्रक्रियाको सफलता निर्धारण गर्ने सन्देश दिन्छ ।

अहिलेको प्रक्रियामा फेरबदल आवश्यक छ ?

केही इथियोपियाली विद्वान् र राजनीतिक शक्तिले अहिलेको राष्ट्रिय संवादलाई रोकेर यसको सञ्चालन बदल्नुपर्ने तर्क गरिरहेका छन् । मेरो विचारमा यदी संवाद प्रक्रियामा फेरबदल गरियो भने निम्न कुरा समेटिनुपर्छ :

- प्रक्रिया निष्पक्ष रहेको सुनिश्चित गर्न संवाद आयोगका आयुक्त कसरी चयन गरिन्छन् भन्ने कुराको पुनः जाँच गर्ने
- विपक्षी दल र नागरिक समाजसँग छलफल र अन्तर्क्रिया बढाउने
- प्रभावशाली सशस्त्र समूहलाई संवाद प्रक्रियामा समावेश गर्ने वा कम्तीमा वार्ता गर्ने उपायको खोजी गर्ने
- हिंसा कम गर्न र विश्वास निर्माण गर्न समानान्तर कदम चाल्ने ।

राष्ट्रिय संवाद कुनै जादुई समाधान होइन । यसले आफैंमा देशमा कायम वैचारिक असहमति समाधान गर्न सक्दैन । तर, यदि प्रक्रियालाई व्यापक रूपमा वैध मान्ने अवस्था सिर्जना गरियो भने यसले तिनीहरूलाई व्यवस्थापन गर्न मद्दत गर्न सक्छ । यदि इथियोपियाको संवाद प्रक्रिया आमविश्वास निर्माण, व्यापक समावेशीकरण र जारी द्वन्द्वसँग जोडिएको चिन्तालाई सम्बोधन नगरी अघि बढिह्यो भने यो देशको लामो राजनीतिक संक्रमणमा अर्को गुमेको अवसर बन्न सक्छ । एक विश्वसनीय संवाद प्रक्रियाले राजनीतिक परिदृश्यलाई स्थिर बनाउन सघाउन सक्छ । तर, गलत तरिकाले भने शंका र ध्रुवीकरणलाई थप गहिरो बनाउन सक्छ ।

- द कन्भर्सेसनबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार २३ चैत ०८२

संक्षेप

नेप्सेमा १०५ अंकको गिरावट

काठमाडौं/ सेयर बजारमा उच्च अंकको गिरावट आएको छ। आइतबार नेप्से परिसूचक १०५.५० अंकले घटेर २६७६.६८ विन्दुमा रोकिएको छ। यो ३.७९ प्रतिशतको गिरावट हो। उक्त दिन 'क' वर्गका कम्पनीको कारोबारमापक सेन्सेटिभ इन्डेक्स ३.३० तथा फ्लोट इन्डेक्स ३.८८ प्रतिशतले ओरालो लागेका छन्। अधिल्लो कारोबार दिनको तुलनामा कारोबार रकममा वृद्धि भएको नेप्सेले जनाएको छ। बिहीबार साढे आठ अर्बभन्दा बढीको सेयर खरिद-बिक्री हुँदा आइतबार १२ अर्ब ३८ करोडभन्दा माथि पुगेको छ। तीन करोड १२ लाख ६ हजार कित्ता सेयर सो रकममा कारोबार भएको हो। उक्त दिन नेप्सेका सबै उपसमूहको सूचकमा समेत गिरावट देखिएको छ। सर्वाधिक घटेको अन्य समूहको गिरावट ६ प्रतिशतभन्दा धेरै छ। विकास बैंक र जलविद्युत्को सूचक चार एवं बैंक, फाइनान्स, होटेल तथा पर्यटन, लगानी, जीवन बिमा, लघुवित्त, निर्जीवन बिमा र व्यापार समूहको सूचक तीन प्रतिशतभन्दा धेरैले ओरालो लागेका छन्।

यस्तै, चार कम्पनीको मूल्यमा सकारात्मक सर्किट लाग्दा तीन कम्पनीको मूल्यमा नकारात्मक सर्किट लागेको छ। रिलायन्स स्पिनिङ मिल्स, भुजुङ हाइड्रोपावर, रिद्गे लाइन इनर्जी र होटेल फरेस्ट इनको सेयर मूल्य १० प्रतिशतले बढ्दा नारायणी विकास बैंक, हिमालयन रिइन्स्योरेन्स र भूगोल इनर्जीको सेयर मूल्य १० प्रतिशतले गिरावट भएको हो।

उद्योग वाणिज्य महासंघमा बढ्यो चुनावी सरगर्मी

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघमा चुनावी सरगर्मी बढेको छ। नयाँ नेतृत्व चयन गर्ने गरी यही २९ चैतदेखि काठमाडौंमा सुरु हुने महासंघको ६०औं वार्षिक साधारणसभा एवं निर्वाचनकेन्द्रित गतिविधि तीव्र बन्दै गएको छ। महासंघ निर्वाचन समितिले उम्मेदवारीको प्रारम्भिक नामावली प्रकाशन गरेको छ।

चुनाव प्यानलसहित दुई पक्षको प्रतिस्पर्धा हुने गरी उम्मेदवारी दर्ता भएको छ। महासंघको वर्तमान वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ विधानअनुसार साधारणसभापछि स्वतः अध्यक्ष बन्नेछन्। अहिलेको प्रतिस्पर्धा उपाध्यक्ष र कार्यसमिति सदस्यका लागि हुनेछ। वरिष्ठ उपाध्यक्ष, कोषाध्यक्ष र महिला उपाध्यक्ष भने निर्वाचित कार्यसमितिले चयन गर्नेछ। महासंघको वरिष्ठ उपाध्यक्षमा हेमराज ढकाल र सुरकृष्ण वैद्यले आफ्नो दाबेदारी प्रस्तुत गरेका छन्। उनीहरू अहिले उम्मेदवार भने हुनुपर्दैन। साधारणसभाबाट निर्वाचित कार्यसमितिले वरिष्ठ उपाध्यक्ष चयन गर्नेछ। वरिष्ठ उपाध्यक्षका आकांक्षी ढकाल र वैद्य प्यानल नै बनाएर प्रतिस्पर्धामा उत्रिएका छन्।

वैद्य प्यानलमा वस्तुगततर्फको उपाध्यक्षमा शिवप्रसाद घिमिरे, एसोसिएट उपाध्यक्षमा प्रबलजंग पाण्डे र जिल्ला नगर उपाध्यक्षद्वयमा दिलसुन्दर श्रेष्ठ र कृष्णप्रसाद शर्मा रहेका छन्। ढकाल प्यानलको वस्तुगततर्फको उपाध्यक्षमा नरेशलाल श्रेष्ठ, एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ र जिल्लानगर उपाध्यक्षद्वयमा उमेश डालमिया र कल्पना गैरे रहेका छन्। सञ्जीवबहादुर कोइरालाले जिल्ला नगर उपाध्यक्षमा स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन्।

सम्मिलित उम्मेदवारीको दोस्रो सूची २६ चैतमा प्रकाशन गरिनेछ। चैत २७ मा दाबी विरोधको म्याद तोकिएको छ। २७ चैत बेलुकी उम्मेदवारको अन्तिम सूची प्रकाशन गर्ने कार्यतालिका रहेको निर्वाचन समितिका संयोजक लीलामणि पौडेलले जानकारी दिए।

चैत २६ देखि नवलपुर महोत्सव

नवलपुर/ नवलपुरको कावासोती- २, भाटटोला बेलचोकस्थित नवदुर्गा रंगशाला खेलमैदानमा चैत २६ गतेदेखि वैशाख ७ गतेसम्म आदिवासी जनजातिको तेस्रो नवलपुर महोत्सव हुने भएको छ। नेपाल आदिवासी जनजाति महासंघ नवलपुरको आयोजनामा महोत्सव हुन लागेको हो। महोत्सवको आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङको प्रमुख आतिथ्यतामा उद्घाटन कार्यक्रम हुने नेपाल आदिवासी जनजाति महासंघ नवलपुरका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिए।

महोत्सवमा आदिवासी जनजातिका मौलिक घर, खानाका स्टल, प्रदर्शनीका साथ व्यापारिक स्टलहरू गरी दुई सयभन्दा बढी स्टल रहनेछन्। उद्घाटनको दिन कावासोतीको फलफूल चोक अहिंसापार्कबाट शोभा कलशयात्रा निकालिने आयोजकले जनाएको छ। महोत्सवमा लन्डन ब्रिज, आइफल टावरलगायत पनि रहनेछन्। महोत्सवमा साढे दुई लाख दर्शकले अवलोकन गर्ने अपेक्षा राखिएको आयोजकले जनाएको छ।

पेट्रोलियम गाडी विद्युतीयमा रूपान्तरण गरिने

डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीयमा परिवर्तन गर्न कानुनी व्यवस्था मिलाउने मन्त्रिपरिषद्को निर्णय

● काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक **विराजसिंह थापा** भन्छन्-



२० वर्ष पुराना पाँच सय गाडीलाई एकैपटक विद्युतीयमा रूपान्तरणका लागि हामी सक्षम छौं। एक चरणमा ५० वटाका दरले पुराना कारलाई विद्युतीयमा रूपान्तरण गरौं भन्ने हो भने हामी जिम्मा लिन्छौं। पाँच लाखदेखि सात लाख रुपैयाँसम्म खर्च गरेर रूपान्तरणमा गर्न सकिन्छ।

अजित अधिकारी/नयाँ पत्रिका

डिजेल-पेट्रोलबाट चल्ने सवारीसाधनलाई विद्युतीय गाडीमा रूपान्तरण गरिने भएको छ। आइतबार दिउँसो बसेको मन्त्रिपरिषद् बैठकले पुराना गाडी विद्युतीयमा रूपान्तरण गर्न आवश्यक कानुन संशोधन गर्ने निर्णय गरेको छ। 'डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्न आवश्यक कानुनी व्यवस्था मिलाउने,' आइतबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सुनाउँदै सरकारका प्रवक्तासमेत रहेका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले भने। यसका लागि सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, ०४९ लाई संशोधन गर्न लागेको हो।

पेट्रोलियम पदार्थबाट चल्ने गाडीलाई विद्युतीयमा रूपान्तरण गर्ने बहस भने धेरै पुरानो हो। सरकारले चार वर्षअघि नै यातायात व्यवस्था ऐनमा परिमार्जन गरी पेट्रोलियम इन्जिनबाट चल्ने गाडीलाई विद्युतीयमा रूपान्तरण गर्ने निर्णय गरिसकेको थियो। ०७८ चैतमा सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर डिजेल तथा पेट्रोलबाट चल्ने गाडीलाई विद्युतीयमा रूपान्तरण गर्ने गरी ऐन संशोधन गरी लागू गरेको थियो।

त्यतिवेला संशोधित ऐनमा तीन वर्षका लागि मात्रै सो व्यवस्था जारी भएको र त्यसपछि नयाँ कानुन नै बनाएर सम्बोधन गरिने उल्लेख थियो। तर, चार वर्ष बितिसक्दा पनि न कानुन आयो, न विद्युतीयमा रूपान्तरण हुने अभियान नै सुरु भयो। खासमा, ०७८ मा कोभिडका कारण आर्थिक संकट गहिरिएको र विदेशी मुद्रा सञ्चितिसमेत न्यून भएकाले सरकारले नयाँ गाडी खरिद गर्नुको सट्टा पुरानालाई विद्युतीयमा रूपान्तरण गरेर चलाउन सक्ने योजना बनाएको थियो। तर, कोभिडपछि अर्थतन्त्र केही सुधार देखिनासाथ सरकारले पुरानो निर्णयलाई बेवास्ता गऱ्यो।

अहिले फेरि मध्यपूर्वमा भएको तनावका कारण विश्वभर पेट्रोलियम पदार्थको आपूर्ति असहज भएपछि सरकारले विद्युतीय सवारीसाधनको प्रयोगलाई जोड दिने गरी मौजुदा ऐन संशोधनको निर्णय लिएको हो। सरकारले आर्थिक वर्ष ०७७/७८ को बजेटमार्फत ०८८ सम्म सबै सवारीसाधनलाई विद्युतीयमा रूपान्तरण गरी डिजेल-पेट्रोल इन्जिनबाट चल्ने गाडीको संख्या शून्यमा झार्ने नीति लिएको थियो।

बिहीबारको संसद् बैठकमा सांसद तथा पूर्वशिक्षामन्त्री महावीर पुनले पेट्रोल-डिजेल गाडीलाई विद्युतीयमा रूपान्तरण गर्ने विधेयक अड्किएर बसेको बताएका थिए। त्यसपछि बालेन शाह नेतृत्वको नयाँ मन्त्रिपरिषद्ले सोही विधेयकलाई अगाडि बढाउने गरी ऐन संशोधनको गृहकार्य गरेको हो। अब मन्त्रिपरिषद्को निर्णयअनुसार चाँडै विधेयक संसद्मा पेस गर्ने सरकारको तयारी छ। पुनको अगुवाइमा स्थापना भएको राष्ट्रिय आविष्कार केन्द्रले समेत डिजेल-पेट्रोल इन्जिन भएको सवारीसाधनलाई विद्युतीयमा रूपान्तरण गर्ने प्रविधिमा काम गरिरहेको छ।



काठमाडौं विश्वविद्यालयले विद्युतीयमा रूपान्तरण गरी तयार पारेको मारुती ८०० कार।

पुराना गाडीलाई रूपान्तरण गर्न सकिने विज्ञको भनाइ

काठमाडौं विश्वविद्यालयको ग्रिन हाइड्रोजन ल्याबले पेट्रोलमा चल्ने एउटा कारलाई विद्युतीयमा रूपान्तरण गरेर सफल अभ्यास थालिसकेको छ। काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक विराजसिंह थापाले सरकारले नीति कार्यान्वयन गर्न चाहेको खण्डमा सजिलै पुराना गाडीलाई विद्युतीयमा रूपान्तरण गर्न सकिने बताए। 'पुराना गाडीलाई विद्युतीयमा रूपान्तरण गरी मज्जाले चलाउन सकिन्छ,' उनले भने, 'हामी नै बनाएर दिन सक्छौं।'

उनले २० वर्ष पुराना पाँच सय गाडीलाई एकैपटक विद्युतीयमा रूपान्तरणका लागि आफूहरू सक्षम रहेको पनि बताए। 'एक चरणमा ५० वटाका दरले पुराना कारलाई विद्युतीयमा रूपान्तरण गरौं भन्ने हो भने हामी जिम्मा लिन्छौं,' उनले भने, 'तत्कालकै कम्तीमा पाँचवटा पुराना कारलाई रूपान्तरण गरेर चलाउन सकिन्छ।'

उनले पाँच लाखदेखि सात लाख रुपैयाँसम्म खर्च गरेर विद्युतीयमा रूपान्तरणमा गर्न सकिने कारहरूलाई उपयोगमा ल्याउँदा फाइदा हुने बताए। 'यो भनेको दैनिक एक सय किलोमिटरको रेन्ज दिन सक्ने गरी विद्युतीय कारमा रूपान्तरण गरेर चलाउँदा प्रतिफल योग्य हुन्छ भनेका हौं,' उनले भने, 'दैनिक तीन-चार सय किलोमिटर दौडिने क्षमताका कार बनाउन भने ठुलो खर्च लाग्न सक्छ।'

के-के लाभ हुन्छ ?

काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक थापाले २० वर्षभन्दा पुराना गाडीले धेरै धुवाँ फाल्ने भएकाले त्यस्ता गाडीलाई पाँच-सात लाख खर्च गरेर विद्युतीयमा रूपान्तरण गर्दा वातावरण स्वच्छताका लागि योगदान हुने बताए। त्यस्तै, पुराना सरकारी गाडीहरू यत्रतत्र फालेर छाड्ने र नयाँ खरिद गर्ने परिपाटीमा पनि कमी आउने उनले बताए। 'आठ वर्षभन्दा पुराना गाडीलाई विद्युतीयमा रूपान्तरण गर्दा तत्काल लाभ लिन सकिन्छ,' उनले भने, 'सरकारी कार्यालयका प्रांगणमा बेवारिसे छाडिएका सवारीसाधनलाई समेत उपयोग गर्न सकिन्छ।' पुरानै गाडीलाई प्रयोग गर्दा नयाँ खरिदबापत हुने बजेटसमेत जोगिने उनको भनाइ छ।

इन्धन खपतमा कमी आउने आयल निगमको अपेक्षा

आयल निगमका अनुसार हाल दैनिक औसत पेट्रोल २२ लाख लिटर र डिजेल ५४ लाख ८५ हजार लिटर खपत हुने गरेको छ। बढ्दो मूल्यका बिचमा खपत कम हुन सके आयल निगमको घाटा पनि घट्ने र मूल्य बढाउन दबाब नहुने निगमको भनाइ छ। 'अहिले खपत घटाउन सकियो भने निगमको घाटा पनि कम हुन्छ र मूल्य नबढाउन सजिलो हुन्छ,' निगम प्रवक्ता ठाकुरले भने, 'त्यसैले सरकारले दिएको दुई दिनको बिदाको समयमा खपत घटाउन सबैले मद्दत गर्नुपर्छ।'

हाल दैनिक सवा अर्ब रुपैयाँको पेट्रोलियम पदार्थको कारोबार भइरहेको र त्यसमा ८८ करोड रुपैयाँ दैनिक घाटा हुने स्थिति रहेको निगमले जनाएको छ। सार्वजनिक बिदाको समय बढ्दा निजी तथा सार्वजनिक यातायातको चहलपहल पनि घट्ने र इन्धन खपत घट्न गई निगमलाई आर्थिक नोक्सानी पनि कम हुने अवस्था छ। आयल निगमले करिब एक महिनाअघि नै साप्ताहिक बिदा दुई दिन कायम गरेर इन्धन खपत घटाउनका लागि पहल लिन सरकारलाई सुझावसमेत दिएको थियो।



निर्माण क्षेत्रलाई 'भ्रष्टाचार शून्य' बनाउने भौतिकमन्त्री लम्सालको प्रतिबद्धता

नयाँ पत्रिका



भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री सुनील लम्सालले निर्माण क्षेत्रलाई 'भ्रष्टाचार शून्य' बनाउने प्रतिबद्धता गरेका छन्। उनले कानुनी सुधार एवं सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै यस क्षेत्रको भ्रष्टाचार, अनियमितता र ढिलासुस्ती रोक्ने बताएका हुन्।

नेपाल निर्माण व्यवसायी महासंघका नवनिर्वाचित अध्यक्ष निकोलस पाण्डे नेतृत्वको प्रतिनिधिमण्डलसँग आइतबार भएको छलफलमा मन्त्री लम्सालले अब सूचना प्रविधिको उच्चतम प्रयोग गरी 'भ्रष्टाचार शून्य' बनाइने प्रतिबद्धता व्यक्त गरेका हुन्। यसका लागि भुक्तानीको समस्या हुन नदिने, मोबिलाइजेसन पेस्कीको दुरुपयोग भए-नभएको अनुगमन प्रणालीको स्थापना गर्ने र आयोजना प्रमुखलाई जिम्मेवार बनाउने बताए।

मन्त्री लम्सालले निर्माण उद्योगमा विद्यमान समस्या समाधान गर्ने प्रतिबद्धतासमेत जनाए। पश्चिम एसियाको युद्धका कारण इन्धन र निर्माण सामग्रीमा अत्यधिक मूल्यवृद्धि भएको समस्यालाई दुई हप्ताभित्रमै निर्देशिका जारी गरेर सम्बोधन गरिने बताए। उनले एक वर्ष अवधि भएका सबै ठेक्काको हकमा पनि मूल्यवृद्धिको व्यवस्था गरिने जानकारी दिए।

भेटमा नवनिर्वाचत अध्यक्ष पाण्डेले रुग्ण ठेक्काहरूको समस्या समाधानका लागि मन्त्री लम्सालको ध्यानाकर्षण गराउँदै ठेक्काहरूलाई सकेसम्म 'रुग्ण' हुनै दिन नहुने गरी काम गर्नुपर्ने बताए। निर्माण उद्योगमा अब 'थर्ड पार्टी'ले कुनै समस्या सिर्जना नगर्ने दाबी गर्दै उनले यदि कोही-कसैले त्यसो गरेमा सजायको भागीदार हुने बताए। उनले निश्चित मूल्य-मान्यतामा आधारित भएर सरकारी र व्यवसायीले कार्यसम्पादन गरेमा निर्माण उद्योगमा कुनै समस्या नआउने दाबीसमेत गरे।

पहिरोले लघु जलविद्युत्मा क्षति, दुई सयभन्दा बढी परिवार अन्धकारमा

बाजुरामा **गगन अयडी**

बाजुराको गौमुल गाउँपालिका- ३ मा रहेको लघु जलविद्युत् आयोजनाको पावरहाउसमा पहिरो खस्दा विभिन्न उपकरणमा पूर्ण रूपमा क्षति भएको छ।



आइतबार बिहान करिब ६:३० बजे पावरहाउसमाथिबाट खसेको पहिरोले विद्युत् उत्पादन नै अवरुद्ध हुनुका साथै लाखौंको क्षति भएको छ। शनिबार रातिदेखिको वर्षाका कारण विद्युत् नहरको पाइप फुटेर पहिरो खसेको हो। आयोजनाको भवनमाथिबाट खसेको पहिरोले विद्युत् अवरुद्ध भएको वडा नं ३ का अध्यक्ष गोरखबहादुर बोहराले बताए। लघु जलविद्युत् आयोजनाका अध्यक्ष लालबहादुर रोकायाका अनुसार पहिरोले भवनसँगै जेनेरेटर, ट्रान्समिटर, मदरबोर्ड, एलसीलगायतका महत्त्वपूर्ण उपकरणमा क्षति पुऱ्याएको छ। ३१.५ किलोवाट क्षमताको उक्त जलविद्युत् आयोजना २५ चैत ०६९ देखि सञ्चालनमा आएको थियो। आयोजनाबाट वडा नम्बर ३ का दुई सयभन्दा बढी घरधुरी लाभान्वित हुँदै आएका थिए।

रारा जोड्ने सडकको पुल निर्माण सुस्त

जुम्लाको कनकासुन्दरी गाउँपालिकाको न्याउरीगाडमा २१ महिनाअघि निर्माण थालिएको पुलको काम एकतिहाइ पनि सकिएन

जुम्लामा **मानदत्त रावल**

रारा ताल जोड्ने सबैभन्दा छोटो सडकमार्गमा निर्माणाधीन पक्की पुलको काम निकै सुस्त देखिएको छ। जुम्लाको कनकासुन्दरी गाउँपालिका- १, न्याउरीगाड, काँध्रा, चौथा, बुलबुले घुच्चीलेक भएर मुगुको रारा ताल पुग्ने छोटो दूरीको सडकमार्ग यही हो। निर्माण थालिएको एक वर्ष नौ महिनामा पुलको एउटा आधा पिलर मात्रै निर्माण भएको छ। कामको गति निकै सुस्त भएपछि पुल तोकिएको समयमा निर्माण सम्पन्न नहुने देखिएको हो।

१३ जेठ ०८१ मा ठेक्का सम्झौता भएको पुलको निर्माण ३० असार ०८३ मा सक्नुपर्नेछ। पुल ५ करोड ५४ लाख ८६ हजार दुई सय ४७ रुपैयाँमा निर्माण गर्ने गरी सम्झौता गरिएको थियो। तर, पुल निर्माण सम्पन्न गर्नुपर्ने समय तीन महिना मात्रै बाँकी एकतिहाइ काम पनि भएको छैन।



काम सन्तोषजनक रूपमा अघि नबढ्दा आयोजना अलपत्र पर्ने चिन्ता बढेको स्थानीयले बताएका छन्। जुम्ला सदरमुकामबाट मुगुको राराताल जाने छोटो दूरीको मार्गमा पर्ने भएकाले यस पुलको रणनीतिक महत्त्व उच्च रहेको छ। पुल निर्माण नहुँदा वर्षायाममा विशेष गरी यात्रु तथा पर्यटकले जोखिम मोलेर आवतजावत गर्नुपर्ने बाध्यता रहेको छ। यसले पर्यटन प्रवर्द्धनमा समेत प्रत्यक्ष असर पारिरहेको स्थानीयको भनाइ छ।

पूर्वाधार विकास कार्यालय जुम्लामार्फत यस पुल आयोजनाको कार्यान्वयन भइरहेको छ। कार्यालयका सिनियर डिभिजन अधिकृत रूपक रावलले पुल निर्माणमा ढिलाइ भएको स्वीकार गरे। उनले जाडो मौसमका कारण काम प्रभावित भएको दाबी गरे। 'जाडो सकिएसँगै निर्माणकार्य सुरु भएको छ,' उनले भने, 'निरन्तर रूपमा काम अघि बढे आगामी वर्षसम्म पुल निर्माण सम्पन्न हुन सक्ने देखिन्छ।'

उक्त पुल निर्माणको जिम्मा एमएस-एनसी जेभी काठमाडौंले पाएको थियो। स्थानीयस्तरमा पुलको निर्माणको काम स व्यवसायी तुल्सी रावतले हेर्दै आएका छन्। तर, निर्माण ढिलाइबारे प्रतिक्रिया लिन खोज्दा उनी सम्पर्कमा आएनन्।

यही ठाउँमा अहिले साना सवारी चल्न सक्ने काठेपुल छ। साना तथा मझौला सवारीसाधन यसै काठेपुलबाट आवतजावत गर्ने गरेका छन्। काठेपुल घामपानीका कारण छिट्टै जीर्ण हुने भएकाले समयमै समयमै पक्की पलु बनाउनुको विकल्प नभएको स्थानीयले बताएका छन्।

कञ्चनपुर-कमला सडक : तेस्रोपटक म्याद थपपछि पनि निर्माण ठप्प

लहानमा **मणिलाल विश्वकर्मा**

पूर्व-पश्चिम लोकमार्गअन्तर्गत सप्तरीको कञ्चनपुरदेखि सिराहा-धनुषा जोड्ने कमला नदीसम्मको सडकको लहानसहित विभिन्न खण्डमा रोकिएको काम २ वैशाखबाट सुरु गर्ने भएको छ। तेस्रोपल्ट म्याद थपपछि आगामी १६ असार (३० जुन) सम्म बाँकी काम गरिसक्नुभए पनि मुख्य बजार क्षेत्रमा ठूला संरचना तथा सडक निर्माण अलपत्र छोडेर नागरिकको स्वास्थ्यमाथि खेलबाड गरेको भन्दै शुक्रबार लहानमा करिब पाँच घण्टा सडक अवरुद्ध गरिएको थियो। चाइना रेलवे नं २ इन्जिनियरिङ ग्रुपले ठेक्का लिएको कञ्चनपुरदेखि कमला नदीसम्मको ८६ दशमलव ८२ किलोमिटर खण्डअन्तर्गत लहानको सडक भत्काएर करिब एक वर्षदेखि अलपत्र छोडिएको थियो।

इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईको रोहबरमा चाइना रेलवे नं २ इन्जिनियरिङ ग्रुपका निर्माण प्रमुख माओ योङ तथा लहानका स्थानीय अगुवाहरूको उपस्थितिमा २ वैशाखदेखि निर्माण सुचारु गरिने सहमति भएको हो। त्यस्तै, दैनिक पाँचपटक सडकमा पानी छर्किने सहमति भएको छ। सहमति कार्यान्वयनका लागि लहानस्थित इलाका प्रशासन कार्यालयका प्रमुख उपसचिव वेदनिधि खनाल, प्रहरी नायब उपरीक्षक राईले प्रतिबद्धता जनाएका छन्।

मिर्चैयास्थित पश्चिम खण्ड कार्यालयले सार्वजनिक गरेको त्रैमासिक प्रतिवेदनअनुसार गत पुस मसान्तसम्म चार लेनको कालोपत्रे ३४.०१ किलोमिटर सडक निर्माण सकिए पनि ६ लेनको करिब १३ किलोमिटर सडक अलपत्र छ। जिल्लाको मुख्य बजार क्षेत्र मानिने मिर्चैया, लहानमा ६ लेन सडकसहित ओभरपास र अन्डरपासका लागि पाइल फाउन्डेसनको काम सकिएको भए पनि गोलबजारमा डिजाइन स्वीकृति ढिलो हुँदा माटो परीक्षणबाहेक अन्य काम हुन नसकेको कार्यालयले जनाएको छ।



तेस्रोपल्ट म्याद थप, भएन काम

ग्रुपले सन् २०२० जुनमा गरेको ठेक्का सम्झौताअनुसार कञ्चनपुरदेखि कुसहासम्म ३९.४२ किलोमिटर पूर्वी खण्ड र कुसहादेखि कमला नदीसम्म ४७.४ किलोमिटर पश्चिम खण्ड गरी ८६.८२ किलोमिटर सडक चार र ६ लेनसहित, पुल, कलभर्ट, ओभरपास र अन्डरपास, अकासेपुल निर्माण २८ अक्टोबर २०२३ मा सम्पन्न गर्नुपर्ने थियो। साइट क्लियरेन्स, कोरोना महामारी, सडक क्षेत्रका रुख कटान, बिजुलीका पोल सार्न ढिलाइजस्ता कारणले करिब एक वर्षपछि ढिलो काम थालेको ग्रुपले निर्धारित समयमा काम नसकेपछि पहिलोपटक २३ डिसेम्बर २०२४ सम्म १४ महिना र दोस्रोपल्ट २०२५ डिसेम्बरसम्म १२ महिना म्याद थप भएको थियो। अन्तिमपल्ट गत डिसेम्बरमा तेस्रोपटक ६ महिना म्याद थप पाएको ग्रुपले पछिल्लो करिब दुई महिनादेखि निर्माण रोकेको छ।

ग्रुपले कुसहा-कञ्चनपुर ३९ दशमलव ४२ किलोमिटर खण्ड सात अर्ब २७ करोड ७६ हजार ३४ रुपैयाँ ३४ पैसा र कुसहादेखि कमलासम्म ४७.४ किलोमिटर पश्चिम खण्ड भरिएसनपछि आठ अर्ब ८० करोड ७० लाख १८ हजार दुई सय ७७ रुपैयाँ १० पैसामा ठेक्का सम्झौता गरेको थियो। उक्त सडक निर्माणका लागि एसियाली विकास बैंकको ७१ दशमलव २२ प्रतिशत ऋण र नेपाल सरकारको २८ दशमलव ७८ प्रतिशत लगानी छ। पुससम्मको प्रतिवेदनअनुसार ठेकेदार कम्पनीको पछिल्लो त्रैमासमा ३.५५ प्रतिशतसहित कुल भौतिक प्रगति ६७.१४ प्रतिशत र ५८.३३ प्रतिशत वित्तीय प्रगति छ।


नयाँ वर्षमा माइडियाको 'न्यु इयर, न्यु भाइब'

नयाँ पत्रिका

नयाँ वर्ष २०८३ को अवसर पारेर घरेलु उपकरण ब्रान्ड माइडियाले आकर्षक अफर सार्वजनिक गरेको छ। 'न्यु इयर, न्यु भाइब' नामक यस अभियानमार्फत कम्पनीले ग्राहकलाई विशेष छुट, उपहार तथा बम्पर लक्की ड्रको अवसर प्रदान गर्ने जनाएको छ।

योजनाअन्तर्गत माइडियाका विभिन्न उत्पादन खरिद गर्दा ग्राहकले अधिकतम ३७,७०० रुपैयाँसम्म क्यासब्याक प्राप्त गर्न सक्नेछन्। साथै, उत्पादनअनुसार विभिन्न निश्चित उपहारहरू पनि उपलब्ध गराइने कम्पनीले बताएको छ।

योजनाअनुसार साइड बाई साइड तथा मल्टी डोर रेफ्रिजेरेटरको खरिदमा ग्राहकले माइडियाको इन्डक्सन चुलो प्राप्त गर्न सक्नेछ। त्यसैगरी, फ्रन्ड लोड वासिङ मेसिनामा ६ केजी एरिएल, टप लोड वासिङ मेसिनमा



दुई केजी र सेमी अटोमेटिक वासिङ मेसिन किन्दा एक केजी एरिएल सरफ प्रदान गरिने बताइएको छ। त्यसैगरी, डिसवार किन्दा डिसवार ट्याब्लेट दुई र माइक्रोवेभ ओभन किन्दा कुकिङ किट पनि ग्राहकले पाउनेछन्।

अभियानलाई थप आकर्षक बनाउन बम्पर लक्की ड्रको व्यवस्था गरिएको छ। जसअन्तर्गत एकजना भाग्यशाली ग्राहकले माइडियाको मल्टिडोर रेफ्रिजेरेटर जित्ने मौका पाउनेछन्। ग्राहकले क्युआर स्क्यान गरी आफ्नो विवरण दर्ता गरेपछि उक्त लक्की ड्रमा सहभागी हुन सक्ने कम्पनीले जनाएको छ। कम्पनीले यो अभियानमार्फत नयाँ वर्षसँगै उपभोक्तालाई आधुनिक, सहज र स्मार्ट जीवनशैलीतर्फ प्रेरित गर्ने विश्वास व्यक्त गरेको छ। नेपालमा माइडियाका उत्पादन सिजी इलेक्ट्रोनिक्समार्फत वितरण हुँदै आएका छन्।

सुनचाँदीको मूल्य स्थिर



काठमाडौं/ अघिल्लो कारोबार दिन शुक्रबारको तुलनामा नेपाली बजारमा सुनचाँदीको मूल्य स्थिर रहेको छ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार आइतबार सुनको मूल्य तोलाको दुई लाख ९४ हजार रुपैयाँ निर्धारण गरिएको छ। शुक्रबार पनि सोही मूल्यमा किनबेच भएको थियो।

त्यसैगरी, गत शुक्रबार प्रतितोला चार हजार आठ सय ३० रुपैयाँमा खरिद-बिक्री भएको चाँदी आइतबार पनि सोही मूल्यमा कारोबार भएको महासंघले जनाएको छ।

फोटोन इभी टोटल केयर क्याम्प सञ्चालन गरिँदै



काठमाडौं/ फोटोन मोटरको आधिकारिक वितरक एमएडब्लू वृद्धि कमर्सियल भेहिकलले फोटोन इभी टोटल केयर क्याम्प सञ्चालन गर्ने भएको छ। आफ्टर-सेल्स सर्भिस र कस्टमर केयरलाई थप सुदृढ बनाउन पश्चिम र पूर्वी नेपालमा चरणबद्ध रूपमा यो क्याम्प सञ्चालन गर्न लागिएको हो। क्याम्पको उद्देश्य देशका प्रमुख स्थानमा सर्भिस सुविधा पुऱ्याउनु हो।

यो अभियान दुई चरणमा गरी प्रमुख ६ स्थानमा सञ्चालन हुनेछ। पहिलो चरणमा यही २२ देखि आगामी ४ वैशाखसम्म सञ्चालन हुनेछ। पश्चिम नेपालका बुटवल, धनगढी, दाङ र सुर्खेतमा सञ्चालन हुनेछ।

यसैगरी, दोस्रो चरणअन्तर्गत ६ देखि १७ वैशाखसम्म पूर्वी नेपालका इटहरी र बिर्तामोडमा आयोजना गरिने कम्पनीले जनाएको छ। यसरी क्षेत्रगत र चरणबद्ध रूपमा क्याम्प सञ्चालन गर्दा विभिन्न क्षेत्रका ग्राहकले सहज रूपमा गुणस्तरीय सेवा र सहयोग प्राप्त गर्न सक्ने विश्वास गरिएको छ।

क्याम्पमा सहभागी ग्राहकले विभिन्न सुविधा पाउनेछन्। जसमा स्पेयर पार्ट्स, लुब्रिकेन्ट तथा लेबर चार्जमा १५ प्रतिशत छुट प्रदान गरिने बताइएको छ। साथै, प्रत्येक सवारीसाधनको निःशुल्क निरीक्षण, सम्पूर्ण 'बम्पर-टु-बम्पर' चेकअप तथा निःशुल्क वासिङ र ग्रिजिङ सेवा उपलब्ध हुनेछ। यी सेवाले सवारीसाधनको कार्यसम्पादन सुधार गर्न, मर्मत खर्च घटाउन र ग्राहकलाई सहज सेवा अनुभव प्रदान गर्न सहयोग पुऱ्याउने कम्पनीको दाबी छ। फोटोन नेपालले देशभर १४ भन्दा बढी सेल्स तथा सर्भिस सेन्टर विस्तार गरी आफ्टर-सेल्स सर्भिस दिँदै आएको छ।

एलजीको 'डिजाइन योर ड्रिम होम' योजना, ४१% सम्म छुट

काठमाडौं/ नयाँ वर्ष ०८३ को अवसर पारेर एलजी इलेक्ट्रोनिक्सले सिजी इलेक्ट्रोनिक्ससँगको सहकार्यमा 'डिजाइन योर ड्रिम होम' विशेष अभियान सार्वजनिक गरेको छ। अभियानअन्तर्गत ग्राहकले एलजीका विभिन्न घरेलु उपकरणमा ४१ प्रतिशतसम्म छुट, निश्चित उपहार तथा आकर्षक क्यासब्याक सुविधा प्राप्त गर्न सक्नेछन्।

कम्पनीका अनुसार नयाँ वर्षसँगै ग्राहकलाई स्मार्ट, आधुनिक र आरामदायी घर निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले अभियान सञ्चालन गरिएको हो।



यसमार्फत एलजीका आधुनिक प्रविधि, आकर्षक डिजाइन र दैनिक जीवनलाई सहज बनाउने विभिन्न घरेलु उपकरणलाई प्राथमिकतामा राखिएको कम्पनीले जनाएको छ।

यसअन्तर्गत टिभी, अडियो सिस्टम, भ्याकुम क्लिनर तथा ३०८ लिटरसम्मका सिंगल र डबल डोर फ्रिजमा ४१ प्रतिशतसम्म क्यासब्याक प्रदान गरिनेछ। यस्तै, फ्रन्ट लोड वासिङ मेसिन खरिदमा ६ केजी, टप लोडमा दुई केजी र ट्विन टबमा एक केजी सरफ निःशुल्क उपलब्ध हुने बताइएको छ।

यसैगरी, डिसवासरमा दुई प्याक वासिङ ट्याब्लेट, ३४० लिटर वा सोभन्दा माथिका साइड-बाई-साइड तथा डबल डोर फ्रिजमा मिक्सर, माइक्रोवेभ ओभनमा कुकिङ किट तथा एयर कन्डिसनरमा निःशुल्क इन्स्टलेसन सेवा प्रदान गरिने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार अभियानको उद्देश्य ग्राहकलाई नयाँ वर्षको सुरुवातमै आफ्नो घरलाई अझ आधुनिक, स्मार्ट र प्रभावकारी बनाउने अवसर दिनुका साथै खरिद प्रक्रियालाई सहज र लाभदायी बनाउनु हो। अभियान सीमित अवधिका लागि लागू हुनेछ।

प्रधानमन्त्री कपको 'पावर्ड बाई' प्रायोजकमा यामाहा

काठमाडौं/ प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको 'पावर्ड बाई' प्रायोजकमा यामाहा नियुक्त भएको छ। युवा खेलाडीको सपना साकार पार्ने र नेपाली खेलकुदको उत्साहलाई सम्मान गर्ने उद्देश्यले यो सहकार्य गरिएको बताइएको छ।

एक महिनासम्म चल्ने प्रतियोगिता नेपाल क्रिकेट संघ (क्यान)ले हरेक वर्ष आयोजना हुँदै आएको छ। यो प्रतिष्ठित प्रतियोगिताले प्रत्यक्ष प्रसारण, मोटरसाइकल एवं नगद पुरस्कारसहितका विभिन्न प्रमुख अवार्डहरू वितरण गरिने पोस्ट-म्याच कार्यक्रममार्फत उच्चस्तरीय ब्रान्ड भिजिबिलिटी प्रदान गर्ने जनाइएको छ।

उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई सम्मान गर्न यामाहाले आकर्षक पुरस्कारको समेत व्यवस्था गरेको बताएको छ। प्रतियोगिताका उत्कृष्ट बलर, उत्कृष्ट ब्याट्सम्यान र 'प्लेयर अफ द म्याच'लाई जनही एक-एकवटा यामाहा सलुटो मोटरसाइकल प्रदान गरिनेछ, जसले उनीहरूको खेल कौशल, मिहिनेत र उत्कृष्ट



प्रदर्शनलाई सम्मान गर्ने अपेक्षा गरिएको छ।

सम्झौतापछि क्यानका सचिव पारस खड्काले भने, 'पिएम कपमा यामाहाको सहभागिताले हामीलाई खुसी लागेको छ। यस्ता सहकार्यले घरेलु क्रिकेटलाई थप मजबुत बनाउनुका साथै खेलाडीलाई उत्कृष्ट प्रदर्शन गर्न प्रेरित पनि गर्नेछ।'

एमएडब्लू ग्रुपका अध्यक्ष विष्णुकुमार अग्रवालले नेपाली युवाको उत्साह झल्काउने प्रतियोगितालाई समर्थन गर्न पाउँदा गौरवबोध भएको बताए। कम्पनीका कार्यकारी निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक अग्रवालले यामाहा सधैं सपनाको शक्तिमा विश्वास गर्ने बताए।

महागुथि बहुउद्देश्यीय सहकारी संस्था लि.

का.जि.का.म.न.पा.वडा नं. १८, काठमाण्डौं
फोन नं. ०१-५३६०८४८/५३५४२६६
Email: mahaguthi.sahakari@gmail.com

संस्थामा धितो रहेको सम्पत्ति लिलाम गर्ने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/१२/२३ गते

तपसिलमा उल्लेखित ऋणीले यस महागुथि बहुउद्देश्यीय सहकारी संस्था लि.बाट ऋण कर्जा लिए बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज दैदस्तुर आदि नतिरी नबुझाई संस्थासँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋणीले लिएको ऋण कर्जा लगायत संस्थाको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित ताकेता गरेको एवं **मिति २०८१/११/१२ गते राष्ट्रिय दैनिक पत्रिका आर्थिक अभियानमा ३५ दिनको सार्वजनिक सूचना** प्रकाशित गरेको र **मिति २०८२/०२/१७ गते राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिकामा धितो रहेको सम्पत्ति लिलाम गर्ने बारे ३५ दिनको सार्वजनिक सूचना** प्रकाशन गर्दा निज ऋणीले ३ महिनामा ऋण तिर्ने समय माग गरेकोमा सो भाखा अवधिमा समेत ऋणीले संस्थामा साँवा ब्याज नबुझाएको हुँदा **मिति २०८२/०९/२५ गते दोस्रो पटक राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम गर्ने बारे ३५ दिनको सार्वजनिक सूचना** प्रकाशन गर्दा निजले ३५ दिनको ऋण तिर्ने समय माग गरेकोमा सो भाखा अवधिमा समेत ऋणीले संस्थामा साँवा ब्याज नबुझाएको हुँदा तथा हाल सम्म ऋण कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋणीले तपसिलमा उल्लेखित सम्पत्ति संस्थामा धितो वन्धक राखि ऋण कर्जा लिएको हाल सम्म साँवा ब्याज चुक्ता नगरेको हुँदा यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३६ औ दिनमा तपसिलमा उल्लेखित मिति समय र ठाउँमा लिलाम सकार गर्न इच्छुक महानुभावहरु संस्थामा उपस्थित भै बोल कबोलबाट संस्थामा धितो वन्धक रहेको सम्पत्ति लिलाम सकार गरी लिनको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। ऋणीलाई ३५ दिन भित्रमा ऋण चुक्ता गर्नको लागि समेत यसै सूचना मार्फत ऋण चुक्ता समेतको लागि यो सूचना प्रकाशित भएको छ। ऋणीलाई लिलामको पत्र पठाई सकेको हुँदा यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानि लिलाम हुने व्यहोरा जानकारी गरिन्छ। साथै बक्यौता रकम यथासिघ्र चुक्ता गर्न आउनु हुन ऋणीलाई यो सूचना जारी गरिएको छ। बोलकबोल लिलामको सार्वजनिक सूचना सर्वसाधारणको लागि जारी गरिएको छ।

बोल कबोल माध्यमबाट लिलाम हुने मिति समय र स्थान:

मितिः २०८३/०१/२८ गते सोमबारको दिन।

समयः दिउँसो २ बजे।

स्थानः महागुथि बहुउद्देश्यीय सहकारी संस्थाको कार्यालय, का.म.न.पा. वडा नं. १८ न्यतपाचो, नरदेवी।

तपसिल

ऋणीको व्यक्तिगत विवरण	ऋण तमसुकमा साक्षी बस्ने धन जमानी/साक्षीको विवरण	धितो राखेको सम्पत्तिको विवरण
मंगल नारायण महर्जनको छोरी मोहन कृष्ण महर्जनको बुहारी राजन महर्जनको पत्नि का.जि.का.म.न.पा.वडा नं. ३ घर भै हाल का.जि. नागार्जुन न.पा. वडा नं. ३ बस्ने वर्ष ४६ की **अनिता महर्जन** (सदस्य नं. १७८६ ऋण खाता नं. ७७१-००४३१-७ भएको ऋणी) (ऋणीको ना.प्र.नं. ११२०९ जारी मिति २०५८/११/२० जि.प्र.का. काठमाडौं) मो.नं. ९८४९०२४५०१	(क) मोहन कृष्ण महर्जनको छोरा का.जि.का.म.न.पा. वडा नं. १८ बस्ने वर्ष ५४ को राजन महर्जन, ना.प्र.नं. ५३५६/९०१/१५०८ जारी मिति २०४४/११/२६ जि.प्र.का. काठमाडौं मो.नं. ९८५१०७५८९३, ९८०८७५४९८७ (ख) चन्द्र मान श्रेष्ठको छोरा का.जि.का.म.न.पा. वडा नं. २६ बस्ने वर्ष ५९ को रमेश मान श्रेष्ठ, ना.प्र.नं. २९१८/३२७५/१०६२४ जारि मिति २०३९/०९/१५ जि.प्र.का. काठमाडौं मो.नं. ९८२९०१८७२२	काठमाडौं जिल्ला सावित्रि ईचंगुनारायण वडा नं. ४ हाल नागार्जुन न.पा. वडा नं. ३ सिट नं. १०२-१०२२-२२ कि.नं १५७ क्षे.फ. २०७.२० ब.मी. जग्गा

शर्त तथा वन्देजहरू:-

१. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालयमा सम्पर्क राखी हेर्न सक्नु हुने छ।
२. बोल कबोलबाट आफूले सकार गरी लिन चाहेको रकमको १०% (दस प्रतिशत) ले हुने धरौटी बापतको रकम यस सहकारीको सिद्धार्थ बैंक लि. बचत खाता नं. ०३३१५०६३९४४ मा जम्मा गरी सो को बैंक भौचर वा गुड फर पेमेन्ट चेक बोल कबोल भएको सोहि दिन बैंकमा दाखिला गरि सो को भौचर पेश गर्नुपर्ने छ।
३. लिलाममा सहभागी हुने व्यक्ति हो भने निजको नागरिकता प्रमाणपत्रको फोटोकपी र कम्पनी तथा संस्था हो भने सोको दर्ता प्रमाणपत्र, PAN/VAT को प्रमाणपत्र, आर्थिक वर्षमा कर चुक्ता गरेको पत्रहरुको फोटोकपीलाई NOTARY PUBLIC बाट प्रमाणित गरी साथमा लिई आई संस्थामा पेश गर्नुपर्ने छ।
४. धितो लिलाम बिक्री गर्दा सबैभन्दा बढी रकममा लिन कबुल गरेको व्यक्ति/संस्थालाई दिइने छ। तर उक्त लिलामको दर भाउ तथा अन्य कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने नगर्ने निर्णय अधिकार यस सहकारीमा सुरक्षित रहने छ।
५. धितो लिलाम बिक्रि गर्ने क्रममा धितो लिलाम प्रकृयामा कसैले भाग नलिएमा सो धितो संस्था आफैले सकार गरि लिन सक्ने छ।
६. बोलकबोल सम्बन्धी सहकारीले तोकेको अन्य शर्तहरु पनि लागु हुनेछ, सोको लागि सहकारीमा आई जानकारी लिन सक्ने छ।
७. यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सहकारीमा सम्पर्क राखी आफुले लिएको ऋण कर्जाको साँवा ब्याज अन्य दैदस्तुर चुक्ता गर्नु होला भनी ऋणीलाई यसै सूचना मार्फत जारी गरिएको छ।

शुभश्री बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमी-४, शंखधर चोक, भक्तपुर, फोन नं ०१-५०४३३५२

ऋण चुक्ता गर्न आउने बारे १५ दिने अत्यन्त जरूरी सूचना

पुनः सूचना प्रकाशन मितिः २०८२/१२/२३ गते

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको ऋण रकमको संस्थासंग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनका लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा पनि चुक्ता गर्न आउनु नभएकाले मिति २०८२/११/११ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त समय भित्र तपाई ऋणी र जमानीले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरो/तिरान नबुझाएको हुंदा १५ दिन भित्र बुझाउन हुन मिति २०८३/०१/०७ गते सम्म समय राखी यो सुचना पुनः प्रकाशित गरिएको जानकारी गराईन्छ। उक्त म्याद भित्र पनि सो ऋण चुक्ता नभएमा ऋणी तथा जमानीकर्ताहरूलाई कालोसुचीमा राखी फोटोसहित पत्रपत्रिकामा तथा अन्य निकायमा नाम प्रकाशन गर्ने जानकारी गराउदै ऋणको सुरक्षणको रूपमा संस्थालाई दृष्टिवन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, सहकारी निर्देशिका, संस्थाको विनियमावली तथा कार्यविधि र अन्य प्रचलित ऐन कानून बमोजिम धितो रहेको जग्गा तथा सो जग्गामा निर्मित घर तथा लिगलगापात समेत लिलाम बिक्री गरि संस्थाको लेना रकम असुल उपर गरिनेछ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाममा बिक्री नभएमा उक्त सम्पत्ति अन्य व्यवस्था गरी बेचविखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम संस्थाले सकार गरी लिन सक्ने छ। उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता असुल नभएमा प्रचलित कानून बमोजिम घर घरानाबाट समेत असुल उपर गरी आवश्यक कारवाही अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

धितोको विवरण

ऋणीको विवरण र नाम, ठेगाना	ऋणीको फोटो	धित्तो सुरक्षण विवरण
नाम थर :**टिका रामपोखरेल** पत्नी : अप्सरा घिमिरे बुवा: हिरा लाल पोखरेल बाजे: इश्वरी प्रसाद पोखरेल ठेगाना: हाल सूर्यविनायक न.पा.-४, धविकोट ना.प्र.नं : १८४४, धादिङ्ग		**धनी शुभश्री बचत तथा ऋण सहकारी संस्था लि.को नाउँमा दृष्टीबन्धक पास गरि दिएको** (मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको) जग्गाधनीको नाम : टिका राम पोखरेल ठेगाना: धविकोट-९ कित्ता नं.: ६९६०, क्षेत्रफल:: ०-३-०-० र सो जग्गामा बनेको पक्की घर तथा लिगलगापात समेत
जमानीको विवरण र नाम, ठेगाना नाम थर : **अप्सरा घिमिरे** पती: टिका रामपोखरेल बुवा:भिम प्रसाद घिमिरे ससुराको नाम : हिरा लाल पोखरेल ठेगाना : हाल सूर्यविनायक न.पा.-४, धविकोट ना.प्र.न.:२७०६५, धादिङ्ग	**जमानीको फोटो** 	

नबिल बैंक लिमिटेड, नारायणगढ शाखा, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८२/१२/२३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व पर्छुयौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक पर्छुयौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता संहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्तालै बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (नारायणगढ शाखा, चितवन)

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३८ बमोजीम भरतपुर उप-महानगरपालीका कार्यालय भरतपुर चितवन मा मिती २०७१/०९/२९ मा प्रमाण पत्र नं. १०/६८३ ०८-३१-१५६४ अन्तर्गत दर्ता भएको **बावा विश्वकर्मा मोटर साइकल सर्भिस सेन्टर** ।

ठेगानाः चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १०।

ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः

सहदेव सा कानुको नाती, गजेन्द्र प्रसाद सा कानुको छोरा पर्सा जिल्ला, विरगंज उ.म.न.पा वडा नं. १३ घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०३ बस्ने, ना.प्र.नं. ३४-०१-७०-१०४३८ (जारी मितिः २०७०/०९/१४, स्थान पर्सा) भएका **सनी प्रसाद कानु** ।

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१.राम आशिष साह कानुको छोरी, सहदेव सा कानुको बुहारी, गजेन्द्र प्रसाद सा कानुको श्रीमती, पर्सा जिल्ला, विरगंज उ.म.न.पा वडा नं. १३ घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०३ बस्ने, ना.प्र.नं. ३४-०१-७०-०३२५८ (जारी मितिः २०७०/०२/२८, स्थान पर्सा) भएकी **रेखा देवी कनुईन** ।

२. सहदेव सा कानुको नाती, गजेन्द्र प्रसाद सा कानुको छोरा पर्सा जिल्ला, विरगंज उ.म.न.पा वडा नं. १३ घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०३ बस्ने, ना.प्र.नं. ३४-०१-७०-१०४३८ (जारी मितिः २०७०/०९/१४, स्थान पर्सा) भएका **सनी प्रसाद कानु** ।

३. सहदेव सा कानुको नाती, गजेन्द्र प्रसाद सा कानुको छोरा पर्सा जिल्ला, विरगंज उ.म.न.पा वडा नं. १३ घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०३ बस्ने, ना.प्र.नं. ३४-०१-७०-०९८५७ (जारी मितिः २०७०/०८/३०, स्थान पर्सा) भएका **सन्दिप प्रसाद कानु** ।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

पर्सा जिल्ला, विरगंज उ.म.न.पा वडा नं. १३ घर भई हाल चितवन जिल्ला भरतपुर न.पा वडा नं. ०३ बस्ने, **रेखा देवी कनुईन** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिवन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला नारायणगढ गा.वि.स. वडा नं. ०६ नक्सा सिट नं. ६ ख मा अवस्थित कि.नं.५६६३ क्षेत्रफल क्रमश ०-०-४.२५-० विघा को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारेको कृषि विकास बैंक लि, शाखा कलंकीको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८२/१२/२३ गते)

कृषि विकास बैंक लिमिटेड, शाखा कलंकीबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी कर्जाको साँवा, ब्याजलगायतका बुझाउनुपर्ने रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि बैंकलाई बुझाउनुपर्ने सम्पूर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रू.	मिति २०८२।१०।१२ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१.	प्राप्ति इन्टरप्राइजेज प्रा.लि.	काठमाडौं १४, दह मार्ग	११७०-४१८३७, काठमाडौं, २०५७-०४-१७	बाबुराम थापा	भैरवबहादुर थापा	जमानत दावी कर्जा	१३,३४५,२३३.६६	७७१,६९६.७३	१४,११६,९३०.३९

फर्मको दर्ता नं.	दर्ता मिति	दर्ता भएको कार्यालय	पान नं.
२१२११४/०७५/०७६	२०७५।१२।१८	कम्पनी रजिष्टारको कार्यालय	६०६८३९२९९

प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
जिना थापा	काठमाडौं १४, दह मार्ग	११७०-४१८३७	काठमाडौं, २०५७-०४-१७	बाबुराम थापा	भैरवबहादुर थापा

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

■ राखेप-एन्फा विवाद

नेपाललाई प्रतिबन्ध लगाउने फिफा र एएफसीको चेतावनी

सात दिनभित्र निर्वाचन प्रक्रिया सुरु गर्न फिफा र एएफसीको पत्र, आलटाल गरे नेपालमाथि अन्तर्राष्ट्रिय प्रतिबन्ध लगाइने

नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप) र अखिल नेपाल फुटबल संघ (एन्फा)बिचको विवाद अब अन्तर्राष्ट्रियस्तरमा पुगेको छ। अन्तर्राष्ट्रिय फुटबलको सर्वोच्च संस्था फिफा र एसियाली फुटबल महासंघ (एएफसी)ले एन्फा र राखेपबिचको विवादबारे आफ्नो धारणा राखेका हुन्। फुटबलकै यी दुई प्रमुख निकायले आइतबार एन्फा महासचिव किरण राईलाई पत्र पठाउँदै एक साताभित्र निर्वाचत प्रक्रिया सुरु नगर्दा प्रतिबन्ध लगाउने चेतावनी दिएका छन्।

राखेपले निर्वाचन रोकी एन्फालाई तीन महिना निलम्बन विषयलाई तेस्रो पक्षको हस्तक्षेप भएको जनाएका छन्। फिफा र एएफसीले एन्फाको निर्वाचन प्रक्रियामा राखेप र अदालतको हस्तक्षेप भइरहेकोमा चासो देखाएका छन्। 'फिफाको विधानमा प्रत्येक सदस्य संघले आफ्ना गतिविधि स्वतन्त्र रूपमा गर्नुपर्ने र तेस्रो पक्षको अनुचित प्रभाववि‍ना व्यवस्थापन गर्नुपर्ने अनिवार्य व्यवस्था छ,' फिफाको पत्रमा उल्लेख छ।

स्वीकृतिविना नै निर्वाचन गर्न लागेको भन्दै राखेपले १२ चैतमा एन्फालाई तीन महिनाका लागि निलम्बन गरेको छ। निलम्बनपछि एन्फा नेतृत्वले १३ चैतमा तय गरिएको निर्वाचन स्थगित गरेको थियो। फिफाले तत्काल निर्वाचन स्थगित गरेको विषयमा एन्फासँग कारण मागेको छैन। तर, नौ दिनपछि फिफा र एएफसीले आधिकारिक प्रतिक्रिया जनाएका हुन्। राखेपले तीन महिना निलम्बन गरेपछि निर्वाचन स्थगित गर्न बाध्य भएको भन्दै एन्फाले फिफा र एएफसीलाई जानकारी गराएको थियो। पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फाको कार्यसमितिको कार्यकाल आगामी असारमा सकिँदै छ।

एन्फाले फिफा र एएफसीको स्वीकृति लिँदै गत पुसमा निर्वाचन घोषणा गरेको थियो। तर, राखेपले नौ बुँदा संशोधनसँगै जिल्ला र प्रदेशपछि मात्र निर्वाचन गर्न एन्फालाई निर्देशन दिएको थियो। आफ्नो निर्देशनविपरीत एन्फाले निर्वाचन गराउने अन्तिम तयारी गरेपछि राखेपले प्रतिबन्ध लगाएको हो।

फिफाले भने जिल्ला र प्रदेशको नवीकरण निर्वाचनका लागि पूर्वसर्त नभएको जनाएको छ। विभिन्न क्लबहरू तथा अध्यक्षका प्रत्याशी दीर्घबहादुर केसी नेतृत्वको समूहले चुनाव बहिष्कार गर्ने घोषणा गरेको थियो। आन्तरिक विवाद, कानुनी प्रक्रिया र व्यापक विरोधबिच रोकिएको चुनाव अब अन्तर्राष्ट्रिय दबाबमा परेको छ।

तेस्रो पक्षबाट हस्तक्षेप भएको ठहर

फिफा र एएफसीले एन्फाको चुनाव स्थगन तथा राखेपको निलम्बनप्रति गम्भीर आपत्ति जनाएका छन्। उनीहरूले यसलाई तेस्रो पक्षको हस्तक्षेपका रूपमा लिएका छन्। 'राखेपको निर्णयले एन्फाको चुनावी प्रक्रिया रोकिएको मात्रै नभएर उनीहरूको आफ्नो विधान परिवर्तन गर्न बाध्य बनाएको छ,' फिफा र एएफसीको पत्रमा उल्लेख छ, 'यो भनेको तेस्रो पक्षको हस्तक्षेप हो। यसलाई समयमै समाधान नगरे गम्भीर परिणाम आउन सक्नेछ।'

फुटबलका अन्तर्राष्ट्रिय निकायको पत्रमा सात दिनको समयसीमामा राखेपले निलम्बन फुकुवा गर्नुपर्ने र स्थगन भएको स्थानबाटै चुनाव गराउनुपर्ने चेतावनी दिएको दिइएको छ। 'सात दिनभित्र प्रतिबन्ध फुकुवा गर्नुपर्ने समय दिएका छौं। पत्र प्राप्त भएको सात दिनभित्र निर्वाचन प्रक्रिया पुनः सुरु गर्न र अन्तिम रूप दिन निर्देशन दिइएको छ,' पत्रमा भनिएको छ, 'यो निर्देशन पालना नभए एन्फाको विषय फिफा काउन्सिलमा पेस गरिनेछ। तत्काल निलम्बनको प्रक्रिया अगाडि बढाइनेछ।'

फिफाबाट निलम्बन भएमा नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन पाउँदैन। यसैगरी, फिफा तथा एएफसीबाट प्राप्त हुने विकास कोषको अनुदान गुमाउनेछ। अन्य खेलकुद राष्ट्रहरूसँग मैत्रीपूर्ण खेलकुद सम्बन्ध राख्न नपाउनेजस्ता प्रतिबन्ध लागू गरिने फिफाले चेतावनी दिएको छ।

निर्वाचन रोक्नु अप्रत्याशित निर्णय

फिफाले एन्फा निर्वाचन रोक्ने कार्यलाई आफूहरूले अप्रत्याशित घटनाका रूपमा लिएको जनाएको छ। 'हामीलाई प्राप्त उल्लेखित तथ्यको परिप्रेक्ष्यमा राखेपको निर्णयले निर्धारित चुनावी साधारणसभाको एक दिनअघि नै एन्फाको चुनावी प्रक्रियालाई अप्रत्याशित रूपमा रोकेको देखिन्छ। यही पत्रमा फिफाले राखेपको निलम्बनलाई तेस्रो पक्षको हस्तक्षेप हुने ठहर गरेको हो,' फिफाले भनेको छ, 'यसबाहेक एन्फालाई आफ्नो विधान संशोधन गर्न बाध्य तुल्याएको देखिन्छ। यस्तो निर्णयले स्पष्ट रूपमा एन्फालाई आफ्नो मामिलाहरू स्वतन्त्र रूपमा व्यवस्थापन गर्नबाट रोक्छ। यो तेस्रो पक्षको अनुचित हस्तक्षेपको स्पष्ट उदाहरण हो।' फिफाको पत्रमा राखेपको निलम्बनले फिफा विधानको दफा १४, १९ र एएफसीको विधानअन्तर्गत दफा १५ विपरीत रहेको उनीहरूले दाबी गरेका छन्। 'माथि उल्लेखित दफामा आफ्ना सदस्य संघहरूको कुनै पनि तेस्रो पक्षको हस्तक्षेप अनुचित प्रभाववि‍ना आफ्ना मामिलाहरू स्वतन्त्र रूपमा व्यवस्थापन गर्नुपर्ने दायित्वलाई जोड दिन्छ।'

ह्याट्रिकसहित हेमन्तको कीर्तिमानी बलिङ

नयाँ पत्रिका

सुदूरपश्चिमका बलर हेमन्त धामीले प्रधानमन्त्री (पिएम) कपमा कीर्तिमानी बलिङ प्रदर्शन गरेका छन्। पिएम कपअन्तर्गत २८औं खेलमा सुदूरपश्चिमले बागमती प्रदेशविरुद्ध प्रतिस्पर्धा गरेको थियो। हेमन्तले बागमतीविरुद्ध १४ रन खर्चेर सात विकेट लिए। उनले कीर्तिमानी बलिङसँगै ह्याट्रिक विकेट पनि गरे। हेमन्तकै प्रदर्शनमा सुदूरपश्चिमले बागमतीलाई १६३ रनको फराकिलो अन्तरले हराएको छ।



सुदूरपश्चिमका हेमन्त धामीले सात ओभरमा १४ रन खर्चेर सात विकेट लिँदै सन्दीप लामिछानेको रेकर्ड बराबरी गरे। गत साता सन्दीपले पनि कर्णालीविरुद्ध ४० रन खर्चेर सात विकेट हात पारेका थिए।

जितसँगै सुदूरपश्चिम शीर्ष स्थानमा उक्लिएको छ। सुदूरपश्चिमले ६ खेलमा पाँच जितका साथ १० अंक जोडेको छ। दोस्रो स्थानमा रहेको त्रिभुवन आर्मीले ९ अंक जोडेको छ। आर्मीले सुदूरपश्चिमको तुलनामा एक खेल कम खेलेको छ। नेपाल पुलिस क्लब ७ अंकका साथ तेस्रो स्थानमा छ। लुम्बिनी र मधेश प्रदेशले समान ७ अंक जोडेका छन्। रनरेटका आधारमा लुम्बिनी चौथो र मधेश पाँचौं स्थानमा छन्। राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलको नेतृत्वमा रहेको नेपाल एपिएफ ५ अंकका साथ छैटौं स्थानमा छ। सुदूरपश्चिमले पहिलो ब्याटिङ गरी ४२.१ ओभरमा सबै विकेट गुमाएर २०९ रन बनाएको थियो। प्रत्युत्तरमा सहज लक्ष्य पछ्याएको बागमतीले हेमन्तको धारिलो बलिङ सामना गर्न नसक्दा ११.२ ओभरमा ४६ रनमै अलआउट भयो। यो पिएम कपकै कम योगफल हो। गत संस्करणमा लुम्बिनी प्रदेशविरुद्ध बागमती ६७ रनमा अलआउट भएको थियो।

दोस्रो ओभरमै ह्याट्रिक

जनकपुरको रंगशालामा बागमतीले २१० रनको लक्ष्य पछ्याएको थियो। बागमतीलाई जित निकाल्न प्रतिओभर ४.०५ रनरेट आवश्यक थियो। तर, फास्टबलर हेमन्तले दोस्रो ओभरमै उत्कृष्ट स्पेल गरे। उनले २.४ ओभरमा आशुतोष धिरैया, २.५ ओभरमा पवन थापा र २.६ ओभरमा ईशान पाण्डेको विकेट लिँदै ह्याट्रिक गरे। उनले तीन विकेट लिँदा बागमती १६-३ को नाजुक स्थितिमा पुग्यो। त्यसपछि हेमन्तले ८.४ ओभरमा अर्को विकेट हात पारे। हेमन्तले दुईपटक एकै ओभरमा तीन विकेट लिए पनि।

१०औं ओभरमा उनले पुनः तीन विकेटको प्रदर्शन गरे पनि ह्याट्रिक भने भएन। १०.१ ओभरमा रिजन ढकाल, १०.३ ओभरमा प्रतिश जिसी तथा १०.४ ओभरमा विपक्षी कप्तान सन्दीप लामिछानेको विकेट लिँदा सुदूरपश्चिम १६३ रनले विजयी भयो। १०औं ओभरको समाप्तिसम्म बागमती ४६-९ को दयनीय अवस्थामा रह्यो। बागमतीले ४६ रनको योगफलमा तीन विकेट गुमाएको थियो। चालू पिएम कपमा सन्दीपले सात विकेटको प्रदर्शन गरी इतिहास बनाएका थिए। तर, उनको यो रेकर्ड हेमन्तले तोडेका छन्। सन्दीपले कर्णालीविरुद्ध ४० रन खर्चेर सात विकेट लिएका थिए। हेमन्तले भने ६ ओभरमा दुई मेडन राखी १४ रन खर्चेर सात विकेट हात पारेका थिए।

पाँच ब्याट्सम्यानको शून्य रन

बागमतीले पिएम कपमा खराब ब्याटिङ प्रदर्शन गऱ्यो। हेमन्तको घातक बलिङका कारण बागमतीका पाँच ब्याट्सम्यानले खाता नै खोल्न सकेनन्। ओपनर आशुतोषले १० बल सामना गरेका थिए। उनी शून्यमा आउट भए। पवन तथा ईशान गोल्डेन डकआउट भए। यी दुवै खेलाडी सामना गरेको बलमै आउट भएका हुन्। हेमन्तले आफ्नो स्पेलमा चार खेलाडीलाई बोल्ड तथा दुईजनालाई एलबिडब्लुको धरापमा राखे। सो इनिङ्समा बागमतीका लागि शुभ कंशाकारले २५ बलमा पाँच चौका र दुई छक्का प्रहार गरी सर्वाधिक ३२ रनको योगदान दिए।

सन्दीप र प्रतिशले लिए समान चार विकेट

यसअघि पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमविरुद्ध बागमतीले पनि उत्कृष्ट बलिङ गरेको थियो। कप्तान सन्दीप र प्रतिशले समान चार विकेट लिँदा सुदूरपश्चिम पनि २०९ रनमै समेटियो। सन्दीपले १० ओभरमा एक मेडनसहित ३२ रन खर्चेर चार विकेट हात पारे। प्रतिशले ९.१ ओभरमा एक मेडन राखी २६ रन दिएर चारै विकेट लिए। सुदूरपश्चिमका लागि ओपनर अभिषेक राईले ३५ बलमा आठ चौका प्रहार गरी ३९ रन जोडे। दीपक बोहराले ४७ बल सामना गरी ४० रन जोडे। उनले पाँच चौका र दुई छक्का प्रहार गरेका थिए। सो इनिङ्समा आठौं क्रमका नारायण जोशीले सर्वाधिक ७५ रनको योगदान दिए। उनले ६८ बलमा ६ छक्का र दुई चौका प्रहार गरे।

अन्तरवडा बुद्धिचाल सुरु



नयाँ पत्रिका

दोस्रो सहिद सुरज शाक्य स्मृति महानगरव्यापी अन्तरवडा बुद्धिचाल प्रतियोगिता आइतबारदेखि सुरु भएको छ। पहिलो दिन तीन चरणका खेल सकिँदा आयोजक वडा नं २२ को 'ए' र वडा नं ११ सर्वाधिक ६ अंकका साथ संयुक्त रूपमा शीर्ष स्थानमा छन्। वडा नं २२ 'ए'बाट पहिलो बोर्डमा नवीन तण्डुकार, दोस्रो बोर्डमा प्रकाश नेपाल, तेस्रो बोर्डमा यू-१६ का हार्दिक पन्त र चौथो बोर्डमा महिला खेलाडी पूजा भण्डारीले प्रतिस्पर्धा गरेका थिए। वडा नं २२ ले वडा नं ९, २७ र २३ लाई हराएको थियो। यसैगरी वडा नं ११ ले पहिलो चरणमा वडा नं १०, दोस्रो चरणमा ३ र तेस्रो चरणमा २८ लाई पराजित गऱ्यो। वडा नं ११ बाट क्षितिज भण्डारी, विजेश राजकर्णिकार, प्रवीर केसी -यू-१६) र राधिका पौडेल (महिला)ले खेलेका थिए। वडा नं ७ र वडा १९ संयुक्त रूपमा दोस्रो स्थानमा रहेका छन्। यी दुवै वडाले समान ५ अंक जोडेका छन्। नेपाल बुद्धिचाल महासंघको प्राविधिक सहयोगमा स्विस लिगका आधारमा भइरहेको प्रतियोगितामा २८ टोली सहभागी रहेको आयोजकले जनाएको छ। विजेतालाई ६० हजार, उपविजेतालाई ४० हजार र तेस्रो स्थान प्राप्त गर्ने टोलीलाई ३० हजार रुपैयाँ प्रदान गरिनेछ।

■ बास्केटबल लिगमा कीर्तिपुरको सहज जित



काठमाडौं/ हिमालयन जाभा बास्केटबल लिगमा कीर्तिपुरले रोयललाई ८८-६७ ले पराजित गरेको छ। दशरथ रंगशालाको कभर्डहलमा आइतबार भएको पहिलो खेलमा प्लेअफ होडबाट बाहिरिसकेको कीर्तिपुरले अन्तिम लिग खेलमा जित निकालेको हो। कीर्तिपुरले १४ मध्ये चार खेलमा जित र १० मा हार नतिजा निकाल्दै १८ अंक जोडेर पाँचौं स्थान रक्षा गरेको छ। रोयलले १४ मध्ये दुई खेल जित्दा १२ खेलमा पराजित भयो। पहिलो क्वार्टरमा दुवैले १६-१६ स्कोर गरेका थिए। दोस्रो क्वार्टर कीर्तिपुरले २८-१८ ले आफ्नो पक्षमा राखेको थियो। हाफटाइसम्म कीर्तिपुरले ४४-३४ को अग्रता बनायो। तेस्रो क्वार्टरमा दुवैले समान २० स्कोर गरेका थिए। प्रतियोगिताको विजेताले चार लाख र उपविजेताले दुई लाख रुपैयाँ पाउनेछन्। यसैगरी, तेस्रो हुनेले एक लाख हात पार्नेछ।

खेल संक्षेप

यू-२० एथलेटिक्समा १४० खेलाडीले प्रतिस्पर्धा गर्ने

कास्की/ चौथो यू-२० राष्ट्रिय एथलेटिक्स च्याम्पियनसिप २८ देखि ३० चैतसम्म पोखरामा हुँदै छ। एथलेटिक्स संघको आयोजना र कास्की जिल्ला एथलेटिक्स संघको व्यवस्थापनमा आयोजना हुने एथलेटिक्समा १४० धावकले प्रतिस्पर्धा गर्ने प्रतियोगिताका संयोजक गजबहादुर गुरुङले जानकारी दिए। ट्र्याकतर्फ सय, दुई सय, चार सय, आठ सय, १५ सय र तीन हजार मिटर दौड हुने गुरुङले बताए।

राष्ट्रिय प्रतियोगिताको फिल्डतर्फ हाइजम्प, लङजम्प, सटपुट र ज्याभलिन थ्रोका खेल हुनेछन्। च्याम्पियनसिपमा हरेक प्रदेशबाट समान १० पुरुष तथा महिला खेलाडी हुनुपर्नेछ। हरेक विधाका विजेताले चार हजार, उपविजेताले तीन हजार र तेस्रो हुनेले दुई हजार रुपैयाँ प्राप्त गर्नेछन्। रिलेतर्फ पहिलोले ६ हजार, दोस्रोले चार हजार र तेस्रोले दुई हजार रुपैयाँ हात पार्नेछन्। प्रत्येक प्रदेशका उत्कृष्ट महिला तथा पुरुष खेलाडीलाई सात-सात हजार रुपैयाँ प्रदान गरिनेछ। ओभरअल च्याम्पियनतर्फ एक प्रदेशलाई १० हजार रुपैयाँ दिइने आयोजकले जनाएको छ।

सूर्यनगर गोल्डकप २७ चैतबाट

रुपन्देही/ दसौं संस्करणको सूर्यनगर गोल्डकप फुटबल प्रतियोगिता २७ चैतबाट सुरु हुने भएको छ। गोल्डकपका लागि बर्दघाट नगरपालिकाले १२ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छ। नवयुवा क्लब बर्दघाट- १६ को आयोजनामा हुने गोल्डकपको तयारी भइरहेको क्लबका अध्यक्ष धनसिंह चितौरेले जानकारी दिए। गोल्डकप विजेताले ६ लाख ६६ हजार र उपविजेताले तीन लाख ३३ हजार रुपैयाँ हात पार्नेछन्। विधामा उत्कृष्ट खेलाडीले समेत नगद पुरस्कार पाउने अध्यक्ष चितौरेले बताए। प्रतियोगितामा आठ टोली सहभागी हुने खेलकुद संयोजक मीन गुरुङले बताए।

मार्भलसका खेलाडी काजकिस्तान प्रस्थान

काठमाडौं/ कजकिस्तानको अल्माटीमा आयोजना हुने बुद्धिचाल प्रतियोगितामा सहभागी हुन नेपाली टोली आइतबार अल्माटी प्रस्थान गरेको छ। ६ देखि ११ अप्रिलसम्म हुने वर्ल्ड स्कुल टिम प्रतियोगितामा नेपालबाट पाँचजना प्रतिभाशाली खेलाडी सहभागी हुनेछन्। खेलाडीमा निहाना श्रेष्ठ, सुहानी सिंह, कृष्टि रिजाल, वृजनन्दनदास टमटा र आकर्षण कुँवर रहेका छन्। मार्भलस विद्यालयका अध्यक्ष भरत गिरीले खेलाडीलाई बिदाइ गरेका छन्। उनले विद्यार्थीले प्रतिस्पर्धासँगै मुलुकको पहिचानसहित उत्कृष्ट प्रदर्शन गर्न बताए।

मञ्जुश्री ट्रेल रेस आगामी ४ वैशाखमा

काठमाडौं/ चर्चित मञ्जुश्री ट्रेल रेस आगामी ४ वैशाखदेखि सुरु हुने भएको छ। प्रतियोगिता ६ वैशाखसम्म हुने आयोजकले जनाएको छ। चन्द्रगिरिको पातली वन रिसोर्टबाट सुरु भएर काठमाडौंका विभिन्न क्षेत्रमा घुमेर टुंगिनेछ। प्रतिस्पर्धामा सय माइल्स, ८०, ५०, २० र १० किलोमिटर गरेर कुल पाँच स्पर्धा समावेश गरिएको छ। आयोजकले यो दौड एसियाली ट्रेल मास्टर्सको छनोट रहेको पनि जनाएको छ। दौड मञ्जुश्रीको धार्मिक तथा ऐतिहासिक कथासँग जोडिएको छ।

यसको सम्बन्ध काठमाडौं उपत्यकाको उत्पत्तिसँग रहेको छ। प्रतियोगिताको उद्देश्य साहसी र वातावरणमैत्री खेलमार्फत पर्यटन प्रवर्द्धन गर्नु, नेपालको प्राकृतिक सौन्दर्य र ट्रेल विश्वसामु प्रस्तुत गर्नु भएको आयोजकका अध्यक्ष नारायण आचार्यले बताए। 'स्थानीय समुदायका धावकलाई सहयोग र सशक्त बनाउनु, स्वास्थ्य जीवनशैली प्रवर्द्धन गर्नु र काठमाडौंको वास्तविक बनोटको अवलोकन र परिचित गर्नु हो,' उनले भने। रेस डाइरेक्टर आशिष मिश्र र एम्बेसडर रसिला तामाडले मञ्जुश्री ट्रेल रेसबारे जानकारी गराएका थिए।

■ इन्डियन प्रिमियर लिग

बेंग्लोरले चेन्नईलाई ४३ रनले हरायो

एजेन्सी

साबिक विजेता रोयल च्यालेन्सर्ज बेंग्लोरले आइतबार १९औं इन्डियन प्रिमियर लिग (आइपिएल)मा चेन्नई सुपर किंग्सलाई ४३ रनले पराजित गरेको छ। लगातार दुई जितका साथ ४ अंक जोडेको बेंग्लोर शीर्ष स्थानमा छ। चेन्नईले भने लगातार तेस्रो खेल गुमाएको छ। घरेलु मैदानमा बेंग्लोरले २० ओभरमा तीन विकेट गुमाएर २५० रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा चेन्नईले १९.४ ओभरमा सबै विकेट गुमाएर २०७ रन जोड्यो।

बेंग्लोरका लागि भुवनेश्वर कुमारले चार ओभरमा ४१ रन दिएर सर्वाधिक तीन विकेट लिए। चेन्नईको ब्याटिङमा सफराज खानले २५ बलमा आठ चौका र दुई छक्का प्रहार गरी ५० रनको योगदान दिए। मध्यक्रममा चेन्नईले गतिलो प्रदर्शन गरेको थियो। यसबाहेक शीर्ष र पुछारका ब्याट्सम्यानले आशाअनुरूप ब्याटिङ गर्न सकेनन्। प्रशान्त वीरले २९ बलमा ४३ तथा जेमिए ओभर्टनले १६ बलमा ३७ रनको योगदान दिएका थिए।

चेन्नईले पावर प्लेमा तीन विकेट गुमाएर ७७ रन बनाएको थियो। चेन्नईले डेथ ओभरमा कमजोर प्रदर्शन गऱ्यो।

बेंग्लोरले खेलमा १९ तथा चेन्नईले ११ छक्का प्रहार गरेका थिए। चेन्नईले सर्वाधिक २१ चौका प्रहार गर्दा बेंग्लोरका ब्याट्सम्यानले १४ चौका प्रहार गरे।

आरसिबीको विशाल योगफल

साबिक विजेता आरसिबीले लगातार दोस्रो खेलमा उत्कृष्ट ब्याटिङ प्रदर्शन गऱ्यो। चेन्नईविरुद्ध आरसिबीले तीन विकेट मात्र गुमाएको थियो। पूर्वकप्तान विराट कोहलीबाहेक अन्य चार ब्याट्सम्यानले आक्रामक ब्याटिङ गरेका थिए।

विराटले १८ बलमा २८ रन जोडे। फिल र देवदत्त पडिकलले दोस्रो विकेटका लागि ३७ बलमा ५६ रनको साझेदारी गर्दै आरसिबीलाई १०.४ ओभरमा ९२-२ को बलियो स्थितिमा राखे। फिलले ३० बल खेलेर तीन चौका र दुई छक्का प्रहार गरी ४६ रन बनाए। देवदत्त र रजत पतिदारले तेस्रो विकेटका लागि २१ बलमा ५८ रनको साझेदारी गरे। उनीहरूले टोलीलाई १४.१ ओभरमा १५१-३ मा राखे। देवदत्तले २९ बलमा पाँच चौका र दुई छक्का प्रहार गरी ५० रन जोडे। रजत र टिम डेभिडले चौथो विकेटका लागि ३६ बलमा ९९ रनको साझेदारी गर्दै टोलीलाई २५० रनको योगफलमा पुऱ्याए। रजतले १९ बलमा ६ छक्का र एक चौका प्रहार गरी ४८ रन जोडे। टिमले आक्रामक रूपमा २५ बलमा आठ छक्का र तीन चौकाको मद्दतमा ७० रनको योगदान दिए।

लखउन पाँच विकेटले विजयी

लखनउ सुपर जायन्टले आइतबारको पहिलो खेलमा सनराइजर्स हैदराबादलाई पाँच विकेटले हराएको छ। पहिलो ब्याटिङ गरेको हैदराबादले २० ओभरमा नौ विकेट गुमाएर १५६ रन जोडेको थियो। प्रत्युत्तरमा लखनउले १९.५ ओभरमा पाँच विकेट गुमाएर १६० रन जोड्यो। आईपिएमा हैदराबादले तीन खेलमा एक जित र दुई हार सामना गरी २ अंक जोडेको छ। हैदराबाद पाँचौं स्थानमा छ। पहिलो जित निकालेको लखनउले २ अंक जोडेर सातौं स्थान प्राप्त गरेको छ।



पहिलो ब्याटिङ गरेको हैदराबादका लागि हेन्रिक क्लासेनले सर्वाधिक ६२ रनको योगदान दिए। उनले ४१ बलमा पाँच चौका र दुई छक्का प्रहार गरी ६२ रन जोडेका हुन्। यसैगरी नीतीशकुमार रेड्डीले ३३ बलमा पाँच छक्का र तीन चौकाको सहयोगमा ५६ रनको योगदान दिए। हैदराबादको इनिङ्सको एक समय ७.१ ओभरमा २६-४ को स्थितिमा थियो। त्यसपछि क्लासेन र नीतीशकुमारबिच पाँचौं विकेटका ११६ रनको साझेदारी भएपछि हैदराबाद १४२-५ को बलियो स्थितिमा पुगेको थियो। लखउनका लागि मोहमद सामीले चार ओभरमा नौ रन खर्चेर दुई विकेट लिए। १५७ रन लक्ष्य पछ्याएको लखनउका लागि कप्तान ऋषभ पन्तले ५० बलमा नौ चौकाको सहयोगमा ६८ रन बनाए। ओपनर एडेन मार्क्रामले २७ बलमा ६ चौका र दुई छक्का प्रहार गरी ४५ रन जोडेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com